# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षाको अवसर पाउनु सबै नागरिकको नैसर्गिक अधिकार हो । एउटा व्यक्तिले सफल जीवन जीउनको लागि शिक्षालाई आधार स्तम्भको रूपमा अपनाएको हुन्छ । नेपालको सन्दर्भमा अधिकांश दलित त्यसमा पनि महिलाहरू जो पूर्व मेचिदेखि पश्चिम महाकालिसम्म बसोबास गर्दछन्, उनीहरूलाई उच्च शिक्षा प्राप्त गर्न त परैजाओस्, सामान्य शिक्षा पनि सुलभ तरिकाबाट उपलब्ध हुन नसकेको अवस्था देखिन्छ । सन् १९९० मा थाइल्याण्डको Jomtien नगरमा सम्पन्न "सबैका लागि शिक्षा" नामक विश्व सम्मेलनको प्रतिवद्धता अनुसार सन् २००० सम्ममा सत प्रतिशत प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूलाई विद्यालय पुऱ्याउने सामुहिक प्रतिवद्धता जाहेर गरिएको थियो । त्यस प्रतिवद्धतामा नेपालले पनि हस्ताक्षर गरेको थियो ।  व्यवहारिक रुपमा त्यो प्रतिवद्धतालाई पूरा गराउन सकिरहेको अवस्था छैन । पछाडि पर्ने र प्राथमिक विद्यालयमा समेत समावेश हुन नसक्नेहरूमा दलित बालबालिकाहरूको सङ्ख्या अत्यधिक छ ।

समाजमा मानिस-मानिस बीच विभिन्न आधारमा भेदभाव हुने गरेको सबैतिर पाइन्छ । धर्म, लिङ्ग, जात, वर्ण, वर्ग र क्षेत्रका आधारमा विभेद भएको देखिन्छ । धर्मको आडमा शासन गरिएका मुलुकमा मूल धर्म बाहेक अन्य धर्ममा संलग्न समूहमाथि भेदभाव, अन्याय, अत्याचार भएका विभिन्न उदाहरणहरू पाइन्छन् । एकै धर्मका अनुआयी बीच जन्मबाट नै जातिभेद मान्ने हिन्दु परम्परा यी सबै विभेदभन्दा फरक छ । काम गर्न पेशागत रूपमा जन्मबाट नै सानो ठूलो हुने र कुनै वर्गलाई अन्य वर्गले खानपिनमा स्वीकार नगरी छुवाछुतको तगारो हाल्ने परम्परा हिन्दु समाजमा यदाकदा प्रचलनमा रहेको पाइन्छ । हिन्दु समाजमा वर्णाश्रम व्यवस्था प्रचलित छ । चारवर्णमा ब्राह्मण, क्षत्री, वैश्य र शुद्र आदि पर्दछन् । परम्परागत मान्यतानुसार ब्राह्मणलाई पठनपाठनमा संलग्न हुने, धर्मको रक्षा गर्ने र व्याख्याताको रुपमा लिइन्छ, क्षत्रीहरूलाई शासन गर्ने तथा युद्धकलामा संलग्न रक्षकको रुपमा । वैश्यहरूलाई व्यापार व्यवसाय वा उत्पादन कार्यमा संलग्न हुने र शुद्रहरूले यी सबैको सेवा गर्नु पर्ने परम्परागत

विश्वास रहेको पाइन्छ । छुवाछुतको प्रचलन कहाँ कहिलेबाट शुरु भयो भन्ने विषयमा स्पष्ट छैन ।

संसारबाट दास युग र सामन्ति युग समाप्त भएको केही हजार वर्ष भएतापनि दक्षिण एसियाको हिन्दु समाजमा अहिले त्यसका अवशेषहरु देख्न र सुन्न पाइन्छ । दास युगबाट सुरु भएको र सामन्तवादी युगमा व्यवस्थित भएको धर्ममा आधारित शोषण र उत्पीडनबाट दक्षिण एसियाका करिव २५ करोड दलितहरू पीडित छन् । आज पनि दक्षिण एसियाका नेपाल र भारत तथा हिन्दु जनसङ्ख्या भएका देशमा सबैभन्दा गरिब र सबैभन्दा उत्पीडनमा दलित छन् । आहुती भन्छन्:- 'उच्च जात' का घरमा मरेका जनावरको सिनु फाल्नु पर्ने, सुत्केरीको साल काट्न पर्ने, लासको कपडा स्याहार्नु पर्ने, नङ्काटिदिनुपर्ने लगायतका बाध्यता ज्युकात्यँु छन् । रूपवती दलित महिला 'बाहुनी जस्ती' भनिन्छे, खराब बानीको ब्राह्मणलाई 'अछुत' जस्तो भनिन्छ । सुन्दरता सम्बन्धी मनोविज्ञान अरुको भागमा पारिन्छ र कुरूपता जति दलितको भागमा पारिन्छ । हिन्दु वर्णव्यवस्थाताको जटिलताको झण्डै बीस प्रतिशत जनसङ्ख्या रहेको हिन्दु समाजको सामाजिक प्रगतिलाई विसङ्गतीहरुले अड्काइरहेका छन् । नेपालमा दलितको औषत आयु र साक्षरतामा सबैभन्दा न्यून तथा भूमिहीनता र गरिबीमा भने सबैभन्दा उच्च रहेको स्थितिमा दलितको जीवन गुज्रिरहेको तस्वीर देख्न पाइन्छ । साथै छुवाछुत सम्बन्धी भेदभाव पूर्व तराइबाट पश्चिमतिर जाँदा सामान्यतया झनझन बढिरहेको तर सबैभन्दा पूर्वको झापामा भेदभाव गर्नेको अनुपात भने ६९ प्रतिशत रहेको छ (देवकोटा, २०६८) ।

आजको एक्काइसौँ शताब्दीमा पनि अधिकांश दलित जातिहरूको सामाजिक र आर्थिक अवस्थामा उल्लेख्य परिवर्तन र सुधार हुन सकेको देखिँदैन । उनीहरू समाजका विभिन्न मानिसहरूबाट अझै पनि आफ्नो काम र पेशाका कारण अन्य जातिहरूले हेलाको दृष्टिकोणले हेर्ने र सामाजिक भेदभावमा पर्ने गरेको पाइन्छ । जुन समाज जातीय भेदभाव, छुवाछुत प्रथा, असमानता र कुसंस्कारको भावनामा रुमालिएको हुन्छ त्यो समाज विभिन्न प्रगतिका क्षेत्रहरूमा पछि परेको पाइन्छ । जात भात छुवाछुत प्रथा महिला पुरुष प्रतिको विभेदयुक्त धारणा अन्त्य नभएसम्म देश र समाजको समष्टिगत विकास सम्भव हुँदैन ।

समाजमा रहेका महिला, पुरुषप्रतिका धारणा र विश्वासले गर्दा महिला र पुरुषलाई छुट्टाछुट्टै तह वा प्रकृतिको शिक्षा उपलब्ध गराइन्छ । शिक्षा उपलब्ध गराउने कि नगराउने,

कुनकुन विषयमा सहभागी गराउने, कुन तहको शिक्षा उपलब्ध गराउने भन्ने विषयको निक्र्यौल गरिन्छ । परम्परागत रूपमा नै महिलाहरू घरभित्रको कार्यमा संलग्न हुँदै आइरहेकोमा उनीहरूलाई उच्च शिक्षाको आवश्यकता छैन भन्ने धारणा पनि समाजमा पाइन्छ । कतै धर्मका नाममा महिला शिक्षा सहज छैन अधिकांश मुसलमान समुदायमा यो अवस्था देख्न सकिन्छ । नेपालमा पनि महिलाहरूको शिक्षामा न्यून पहुँच छ । यो सबै जाति र धर्ममा संलग्न महिलाहरूमा छ । यसको कारण पनि समाजमा रहेको लैङ्गिक विभेद कै कारणले हुन सक्छ । महिलाहरूको शिक्षामा रहेको संलग्नतालाई हेर्दा स्कुल शिक्षा मात्र लिने वा निरक्षर, प्राविधिक विषय नभई मानविकी अन्तर्गतका विषय लिने, शिक्षा विषय लिएर पढ्ने जस्ता प्रवृत्ति देखिन्छन् । यो अवस्था पुरुषहरूमा तुलनात्मक रूपमा न्यून छ । विश्वव्यापी रूपमा पनि महिला शिक्षाको अवस्था पुरुष शिक्षाको तुलनामा न्यून छ । पश्चिमी देशहरुमा महिला शिक्षाको अवस्था राम्रो भएपनि नेपाल लगायतका दक्षिण एसियाका भारत, वंगलादेश तथा पाकिस्थान आदि देशहरुमा महिला शिक्षाको अवस्था न्यून छ । धर्म, जात परम्परा आदिका नाममा महिला शिक्षाको आवश्यकता नठानिएर नै यी देशहरूमा शिक्षामा महिलाको पहुँच न्यून देखिन्छ । समाजमा सामाजिक लिङ्ग निर्माणको प्रक्रिया नै पूर्वाग्रही तथा विभेदपूर्ण भएका कारण यस प्रकारका अवस्था सिर्जना भएको हुनसक्छ । छोरी विवाह गरेर अर्काको घरमा जाने भएका कारण परिवारले राम्रो तथा उच्च शिक्षा दिन त्यति रुचि देखाउँदैनन् । केटाहरू घरबाट टाढा-टाढा राम्रा र महङ्गा शैक्षिक संस्थामा पढ्दछन् भने यो अवस्था अधिकांश परिवारका छोरीले प्राप्त गरेका हुँदैनन् । यसले रोजगार बजारमा पनि लैङ्गिक विभेदको अवस्थालाई देखाइएको छ । बढी आकर्षक क्षेत्रका तथा निर्णय प्रक्रियामा महत्वपूर्ण मानिने स्थानमा महिलाहरूको उपस्थिति न्यून छ । यी सबै अवस्थाको महत्वपूर्ण कारक तत्व भनेको विभेदपूर्ण लिङ्ग निर्माणको प्रक्रिया नै हो । भेदभावपूर्ण लैङ्गिक दृष्टिकोण र व्यवहारले नै यो परिस्थिति सिर्जना हुन्छ । नेपालका कैयौं जनजाति, दलित, मधेशी र मुशलमानहरूमा पुरुषको पनि शिक्षामा न्यून पहुँच छ । यो पक्ष पनि लैङ्गिक विश्लेषणको विषय हुनसक्छ । आर्थिक र सामाजिक कारण नै यी समुदायमा पुरुषको पनि शिक्षामा न्यून पहुँच देखिन्छ । जहाँ पुरुषपछि परेको समाज महिला शिक्षाको अवस्था अत्यन्तै दयनीय छ ।

हाम्रो मुलुकमा पछिल्ला समयमा शिक्षालाई सरकारले पनि प्राथमिकतामा राखेको छ । समाजमा पनि जागरण र चेतनाको स्तर क्रमिक रुपमा बढिरहेको छ । यसले महिला तथा पुरुष दुवैको शिक्षाको आवश्यकता समाजमा बढेको छ । गरिब वर्गका मानिसहरूका लागि शिक्षा महङ्गो बन्दै गएको छ ।  शिक्षामा पछि परेका वर्ग तथा समुदायमा उनीहरूको पहुँचको विकास र निरन्तरताका सम्बन्धमा प्रश्नहरू उब्जिएका छन् । सरकारले व्यवस्था गरेको महिला आरक्षणका सबै क्षेत्रहरूमा गरिव समुदायका महिलाहरूको न्यून शिक्षाकै कारण पहुँच कम छ । अभिजात महिलाहरूले नै बढी अवसरहरू लिइरहेको अवस्था छ । महिला आरक्षणको फाइदा पनि गरिब र पिछडिएका वर्गले न्यून शिक्षाका कारण प्राप्त गर्न सकेका छैनन् । जुन सुविधा अभिजात महिलाहरूले नै लिने अवस्था सिर्जना भएको छ
(आचार्य, २०६७) ।

जनसङ्ख्याको आधाभन्दा बढी भाग ओगटेका महिलाहरुको सशक्तिकरणविना समग्र समाजको सशक्तिकरण सम्भव छैन । समजमा रहेको लैङ्गिक विभेद सदियौदेखिको उत्पीडन, जन्मदेखिको भेदभावपूर्ण व्यवहार, मानसिक तनाव, अशिक्षा, गरिबी, कमजोर स्वास्थ्य र विभिन्न हिंसांको मारले गर्दा उनीहरुमा भएको समग्र क्षमताको उपयोग राष्ट्र निर्माणमा हुन सकेको छैन । पितृसत्तात्मक सामाजिक संरचनाले गर्दा महिलाहरु दोस्रो दर्जाको नागरिकका रुपमा जीवनयापन गर्न बाध्य छन् । आधा भन्दा बढी जनशक्तिको सबलिकरणको सबाल राष्ट्रकै मूल मुद्दा बन्नुपर्ने आवश्यकता देखिन्छ । महिलामा रहेका बहुआयामिक क्षमता र प्रतिभाको पूर्ण उपयोग गर्न राज्यले महिलामा प्रत्यक्ष लगानी गरी विभेदपूर्ण अवस्थाको अन्त्य गर्नुपर्दछ । यसरी राज्यको लगानी महिलाहरुको शैक्षिक स्थिति उठाउन, स्वास्थ्य स्थितिमा सुधार गर्न, दक्ष जनशक्तिको उत्पादन गरी रोजगारी प्रवर्द्धन गर्न, भेदभावपूर्ण अवस्थाको अन्त्य गरी समानता कायम गर्नमा केन्द्रित हुनुपर्दछ ।

जनगणना २०११ को आधारमा महिला पुरुषको अनुपात क्रमश १३६,९३,३६५ र १२९२७४३१ देखिन्छ । महिलाहरु प्रतिशतमा ५१ दशमलब ४४ प्रतिशत छन् भने पुरुष ४८ दशमलब ५६ प्रतिशत छन् । अनुपातमा १ सय महिला बराबर जम्मा ९४ दशमलब ४१ पुरुष देखिन्छन् ।

यो तथ्याङ्कले महिलाहरुको सबलिकरणको पक्षमा राष्ट्रले यथेष्ट ध्यान पुऱ्याउनु पर्ने कुरालाई सङ्केत गर्दछ। पुरुष र महिला बीचको साक्षरता दरमा पुरुष साक्षरता सन् २००१ मा ६५ दशमलव ५ प्रतिशत थियो। हाल २०११ को गणनाअनुसार त्यो ७२ दशमलव २ प्रतिशत पुगेको छ। महिला साक्षरता भने २००१ मा ५२ दशमलव ८ र २००१ मा ४२ दशमलब ४ प्रतिशत मात्र देृखिन्छ। कूल साक्षरता दर २००१ मा ५४ दशमलव १ थियो भने २०११ मा ६० दशमलव ९ प्रतिशत छ। तसर्थ महिला साक्षरता दर २००१ को कूल साक्षरता दरभन्दा १० वर्षपछि पनि ३ प्रतिशतले कम छ। यसर्थ पनि महिला र पुरुषबीचमा ठूलो खाडल देखिन्छ (CBS.2011)।

नेपालको एक चौथाइ जनसङ्ख्यामा रहेको दलित समुदायको साक्षरता दर ३३ प्रतिशत छ। त्यसमा पनि दलित महिलाको साक्षरता ११ प्रतिशत हुनुले नै दलितको शैक्षिक अवस्था कस्तो छ भनेर आँकलन गर्न सकिन्छ। जति साक्षर छन् ती प्राथमिक तह पनि पूरा नगरेका छन। एस.एल.सी पास गर्ने ३.८ प्रतिशत, उच्च शिक्षा हासिल गर्ने ०.४ प्रतिशत दलितहरुको तथ्याङ्कमा देखिएकाले पनि शिक्षामा कति कहाली लाग्दो अवस्था रहेछ भनेर जान्न सकिन्छ। यसै गरी कामी, २६.६८, दमाई २८.९१, सार्की ५५.९, चमार १०.७९ पासवान १०.८३, धोवी २१.५३, खत्वे १२.३९, वादी २१.५२, गाइने ३१.३२ र मुसहर ४.८५ प्रतिशत साक्षर छन्। यसरी हेर्दा पहाडी दलित भन्दा तराइ दलितको शिक्षाको अवस्था अझ नाजुक देखिन्छ भने मुसहर जातिको त झन् कहाली लाग्दो अवस्था छ। पहाडी दलितका करिब ७६ प्रतिशत केटा केटीहरु स्कुल जादैनन्।

राष्ट्रिय जनगणना २०५८ अनुसार पर्वत जिल्लाको कूल साक्षरता दर ५७.३ मध्ये महिला ४७.५ प्रतिशत र पुरुष ६८.१ प्रतिशत रहेको छ। २०६५ सालमा दलित वर्ग उत्थान जिल्ला समन्वय समितिले लिएको तथ्याङ्कले जिल्लाको दलित समुदायको साक्षरता प्रतिशत ६९.११ रहेको पाइन्छ। जसमा महिला ४६ प्रतिशत र पुरुष ५४ प्रतिशत साक्षर छन्।

नेपाल सरकारले दलित जातिका महिलाका लागि शिक्षामा पहुँच पुऱ्याउन विभिन्न कार्यक्रम सञ्चालन गरेको छ। नवौं योजना अवधिभर छात्रवृत्ति कार्यक्रम अन्तर्गत प्राथमिक विद्यालय छात्रवृत्ति, क्याम्पस छात्रवृत्ति, अपग्रेड छात्रवृत्ति जस्ता कार्यक्रम सञ्चालन गरिएको थियो। शिक्षाप्रति सकारात्मक अभिप्रेरणा जगाउन छात्रवृत्तिका कार्यक्रम पौष्टिक आहार

कार्यक्रम, पाठ्यपुस्तक र पोशाक वितरण जस्ता कार्यक्रम सञ्चालन गरिए तापनि अझै पनि शिक्षाको उज्यालो लिन नसक्ने अवस्था नै छ । राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा यतिका प्रयास र सहयोग हुँदा हुँदै पनि व्यवहारमा जन्मदेखि मृत्युको अवस्थासम्म अछुत र अशुद्ध रहने दलितहरु कुनै प्रकियाद्वारा पनि शुद्ध उपल्लो स्तरसम्म पुग्दा क्रमशः घट्दो क्रममा छ र उच्च शिक्षामा यो शुन्य नै छ (सेरिड, २०५७) ।

नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म कामी, दमाई, तथा सार्की समुदाय वाक्लो, पातलो गरी छरिएर रहेका छन् । पर्वत जिल्लामा पनि यी जातिहरु यसरी नै रहेको पाइन्छ । पर्वत जिल्लाको सानो क्षेत्रमा गरिएको ग्रामीण दलित महिला शिक्षामा सामाजिक तथा आर्थिक अवस्थाले पारेको प्रभाव विषयक यस अध्ययनले थोरै भए पनि राष्ट्रिय रुपमा यी जातिको शैक्षिक समस्या पहिचान गर्दै समस्या समाधानका लागि हुनेमा आशावादी बन्न सकिन्छ ।

## १.२ समस्याको कथन

सरकार एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाद्वारा शैक्षिक क्षेत्रको उत्थानमा भगिरथ प्रयत्न गरेतापनि बाञ्छित उपलब्धी हुन सकेको पाइँदैन ।

रातदिन कठिन शारीरिक परिश्रम गरे पनि खान लाउन समेत नपुग्ने अवस्था भएको कारणले दलित महिलाहरू निराश एवम् विचलित भैरहेका छन् । अर्कोतर्फ देशमा मुलुकी ऐन लागु भएको चार दशकभन्दा बढी भएको र प्रजातन्त्र पूनर्वहालिका साथै गणतन्त्र आएको ५ वर्ष वितिसक्दा पनि दलित महिलाहरूले निम्नस्तरको नागरिक सरहको व्यवहार भोग्नु परेको छ । अर्थात् छुवाछुतको समस्यालाई स्वीकार गर्न परिरहेकै छ । यति मात्र नभई सार्वजनिक स्थलहरूमा माथिल्ला जातिका व्यक्तिहरूलाई भेट्दा उनीहरूसँग छोइन्छ कि भनि टाढाबाट हिड्नुपर्ने अवस्था अझै पनि पूर्ण रूपमा समाप्त हुन सकेको छैन । यी यावत् विषय सामाजिक कलङ्कमा रुपमा रहेका छन् ।

राज्यले दलित महिलालाई अगाडि बढाउन, शिक्षित बनाउन, आर्थिक रुपले सबल पार्नका लागि सरकार, राजनैतिक दल, राष्ट्रिय तथा अन्तराष्ट्रि, गैह्र सरकारी संस्थाहरुले विभिन्न प्रयासहरु गरिरहेको भए पनि यसबाट दलित महिलाहरुको संलग्नता अति न्यून छ । शिक्षामा

पहुँचको कमीले दलित समुदाय त झन् रोग भोग र अशिक्षा एवम् गरिबिको रेखामुनि चरम् यातनामा पिल्सिएर बाँच्न बाध्य छ । अहिलेसम्म दलितहरुलाई आर्थिक सामाजिक एवम् देश विकासको मूल धारमा संलग्न गराउन नसक्नुमा दलित आफैंभित्र पनि विभिन्न जातजाति र उचनिचको भावना र प्रथा रहेको देखिन्छ । यस गा.वि.स.मा दलितहरुको धेरै नै जनसङ्ख्या भएपनि र यहाँका पुराना बासिन्दा हुँदाहुँदै पनि दलित महिला बीच धेरै नै फराकिलो दुरी देखिएको र शैक्षिक क्षेत्र झनै बढी दुरी देखिएकोले यस्तो अवस्था हुनमा कुन- कुन पक्षहरु जिम्मेवार छन् भन्ने सबाल मध्यनजर गर्दै यो अध्ययन गरिएको छ ।

एकातिर उनीहरु साक्षरताबाट बञ्चित छन् भने अर्कोतिघर धन्दामै सिमित हुनु पर्न बाध्यताका कारणले सामाजिक तथा अन्य काममा सहभागि हुन फुर्सद पाउँदैनन् । त्यसैले दलित महिलाहरू पुरुषभन्दा पनि धेरै पछाडि परेका छन् । राजनैतिक रूपमा पनि दलित महिलाले राम्रो स्थान पाउन सकेका छैनन् । यसरी सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक र स्वास्थ्यका क्षेत्रमा दलित महिलाहरू किन अपहेलित वा पछाडि परेका छन् भन्ने समस्यामा केन्द्रित भई यस अध्ययनलाई अगाडि बढाईएको थियो । यस अध्ययनले निम्न लिखित समस्याहरूको उत्तर खोज्ने प्रयत्न गरेको छ ।

१. बाजुङ गा.वि.स.का दलित महिलाहरूको शैक्षिक अवस्था कस्तो छ ?

२. सामाजिक, आर्थिक एवम् साँस्कृतिक कारणले दलित महिलाको शैक्षिक स्थितिमा कस्तो प्रभाव पारेको छ ?

३. दलित जातिमा शिक्षाप्रति कस्तो धारणा रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

पर्वत, बाजुङ गा.वि.स.मा बसोबास गर्ने ग्रामीण दलित महिलाहरूको शिक्षामा सामाजिक, आर्थिक एवम् साँस्कृतिक अवस्थाले पारेको प्रभाव अध्ययन गर्ने प्रमुख उद्देश्य छनौट गरिएको थियो ।

**अन्य उद्देश्य**

(क) अध्ययन क्षेत्रका दलित महिलाको शैक्षिक स्थिति पत्ता लगाउने ।

(ख) दलित महिलाको शैक्षिक स्थितिमा आर्थिक, सामाजिक, तथा साँस्कृतिक पक्षले पारेको प्रभावको पहिचान गर्ने ।

ग) दलित महिलाको शिक्षाप्रतिको धारणा पत्ता लगाउने वा बुझ्ने ।

## १.४ अध्ययनको औचित्य र महत्त्व

विभिन्न सरकारी तथा गैह्रसरकारी संस्थाहरूले दलितहरूको बारेमा विभिन्न किसिमका अध्ययन अनुसन्धानहरू गरेका पनि छन् । स्नातकोत्तर तहको शोधपत्रको लागि पनि नेपालका विभिन्न जातिहरूमा विभाजित दलितहरूलाई केन्द्रित गरेर दलितको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक र राज्यमा पहुँचजस्ता विभिन्न विषयलाई आधार बनाएर अध्ययन, अनुसन्धानहरू पनि भैरहेका छन् । समग्र रूपमा ती अध्ययनहरूले देशका विभिन्न भागका दलितहरूको केही न केही अध्ययन गरेका त छन् तर प्रायःजसोले द्वितीय स्रोतहरूको प्रयोग अधिकतम गरेका छन् । पत्रपत्रिका र त्यो समाजभन्दा बाहिरका व्यक्तिहरूको कुरालाई आधार मानेका र एक गैह्र दलितको भनाइहरूमा बढी विश्वासनीयता लिएको कारण ती अध्ययन वास्तवमा सत्यको नजिक छन् भन्ने कुरामा प्रश्न चिन्हरू उठाउने प्रशस्त ठाउँहरू छन् । फेरि नमुना छनोट विधि र एक दुइवटा अन्तर्वार्ता लिएको भरमा सबैको प्रतिनिधित्व हुन्छ भन्नु पनि गलत हुन्छ । किनकी दलितहरूमा अगाडि उभिएर बोल्न सक्ने महिला कम हुन्छन् र प्रायः पुरुष सहभागी हुने उत्तरदाता छनौट हुनाले वास्तविक रूपमा महिलाको समस्या ती अध्ययनहरूबाट प्रष्टाउन नसक्ने हुनाले यस शोधपत्रमा दलित महिलाको शैक्षिक स्थितिलाई नै अध्ययन गर्नुपर्ने महसुस गरिएको हो । समाज परिवर्तनशिल छ । हिजोको सिकारी अवस्थाबाट सुरु भएको समाज पशुपालन, वागवानी, कृषि अवस्था हुँदै आज औद्योगिक युगमा प्रवेश गरिसकेको छ । अहिले समाज औद्योगिक युगमा प्रवेश गरे तापनि समाजमा अझै सबै वर्गको समान अवस्थाको विकास छैन । समुदाय भन्ने वित्तिकै विभिन्न थरिका व्यक्तिहरूको बसोबास रहेको हुन्छ । जहाँ धनी, गरिब, महिला, पुरुष, जात, जाति आदि विविधता रहेका हुन्छन् । जसको समान रूपमा परिवर्तनको बाटो अगाडि बढेको हुँदैन । कुनै पनि समुदायका व्यक्तिहरूलाई परिवर्तन गर्नका लागि विभिन्न तत्त्वहरूले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । जसमध्ये आर्थिक, राजनैतिक, शैक्षिक

सामाजिक तत्त्वहरू रहेका हुन्छन् । यी तत्त्वमध्ये शैक्षिक पक्षलाई अगाल्दै जीविकोपार्जन शैली, सामाजिक सम्बन्धलाई नै अध्ययनको दृष्टिकोणबाट चासो लिइएको छ ।

मुलुकमा दलित अधिकार र महिला अधिकारको ठूलो बहस र चर्चाको विषय बनिरहेको समयमा राज्यको पहुँचभन्दा बाहिरको स्थितिमा रहेको एउटा दुरदराजको गाउँको वास्तविकतालाई उजागर गर्दै राज्यले त्यस्ता दलित महिलाहरूलाई के गर्न सक्छ ? के गर्न चाहेको छ ? दलितका अधिकार के-के हुन् ? के कति बजेट आउँछ ? विद्यालयमा के कस्ता सुविधा छन् ? जस्ता कुरा प्रत्यक्ष भेटेर स्पष्ट पारिदिने र उनीहरूको अवस्थाको बारेमा स्पष्ट हुने र समस्या पत्ता लगाएर समाधानको उपाय समेत खोजी गर्ने प्रयत्न गरिएको छ । यो दस्तावेजले राज्य लगायत सम्बन्धित सरोकारवाला विभिन्न संघसंस्थालाई झकझकाउने विश्वास लिइएको छ । यसबाट दलित महिलाहरूको साझा समस्या, शैक्षिक स्थितिमा पिछडिएका कारण पत्ता लगाएर कसरी प्रगति गराउन सकिन्छ भन्ने सुझाव समेत पेस गरिएको छ ।

## १.५ अध्ययनको सिमाङ्कन

कुनै पनि खोज अध्ययन गर्ने क्रममा सिमाको निर्धारण गर्नुपर्ने अनिवार्य देखिन्छ । किनकि जसको क्षेत्र व्यापक हुन सक्दछ । जसले विभिन्न क्षेत्रमा आफ्ना कार्य गरेका हुन्छन् । तसर्थ सीमाको निर्धारण गर्नको कारण सम्पूर्ण पक्षको अध्ययन गर्न नसक्नाका साथै समय र आर्थिक तत्त्वको अभावले गर्दा नै हो । अझ भन्नुपर्दा यो अध्ययन पृथ्वीनारायण क्याम्पस पोखरा समाजशास्त्र मानवशास्त्र विभागको स्नातकोत्तर तहको दशौं पत्रको लागि तयार गर्न गरिएको हो ।

अध्ययनको उद्देश्य, चरित्र र समयका कारणबाट विभिन्न सीमावन्दीहरू निर्मित भएका हुन्छन् । सामाजिक रूपमा पछाडि परेका वर्गहरूमा गरिएका अध्ययनहरू निश्चित सामाजिक व्यवस्था परिवेशभित्रमात्र लागू हुन सक्दछन् र सो भन्दा बाहिर त्यस अध्ययनको प्रभाव नरहन पनि सक्छ । यस अध्ययनका पनि केही सीमाहरू छन् जसले यसको प्रभाव क्षेत्रलाई निक्यौंल गर्दछ ।

प्रथमतः यस अध्ययनले पर्वत जिल्लाको बाजुङ गा.वि.स. भित्रका दलित महिलालाई आफ्नो केन्द्रित क्षेत्र बनाएको छ । दोस्रो कुरा उक्त गाऊँका दलित महिलाको शैक्षिक अवस्थालाई प्रभाव पार्ने तत्त्वहरू त्यही ठाउँमा मात्र सीमित हुन सक्छन् । तेस्रो सीमाका सम्बन्धमा पर्वत जिल्लाका अन्य गा.वि.स. क्षेत्रका दलित महिलाको शैक्षिक स्थितिलाई यस अध्ययनमा समेटिएको छैन् । यो एउटा शैक्षिक कार्य भएकोले समय, बजेट तथा अन्य बृहद परियोजनामा लागु हुनुपर्ने विषयले यो अध्ययन अनुबन्धित् छैन् ।

## १.६ शोधग्रन्थको संरचना

यस अध्ययनलाई निम्नअनुसार शोधग्रन्थको संरचनामा आवद्ध गरिएको छ । अध्याय एकमा परिचय अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, औचित्य, अध्ययनको सिमाङ्कन, अनुसन्धानको संगठनात्मक ढाँचा जस्ता विषय सर्न्दर्भहरु व्यवस्थित गरिएको छ ।

अध्ययन दुईमा नेपालको सन्दर्भमा दलित जाति, नेपाली समाजको जातीय विभाजन लैङ्गिक अध्ययन, महिलावादी सिद्धान्तहरु, नेपालको सन्दर्भमा नारीवादी आन्दोलन, सन्दर्भ साहित्यको समीक्षा गरिएको छ ।

अध्याय तीनमा अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत, अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत एवम् प्रकृति, समग्र र नमुना छनौट, तथ्याङ्क सङ्कलनका विधिहरु र तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण राखिएको छ ।

अध्याय चारमा अध्ययन क्षेत्रको परिचय, दलित समुदायको शैक्षिक अवस्था, सामाजिक तथा आर्थिक अवस्था, जानसाङ्ख्यिक, पारिवारिक, जग्गा जमिन, खाद्यन्नको अवस्था, आर्थिक स्रोतको माध्यम, शिक्षामा अन्तर, छोरीलाई विद्यालय पढाउने सम्बन्धी धारणा, घर र विद्यालयको वातावरणले शिक्षामा पारेको प्रभाव, निजी तथा सरकारी विद्यालयमा दलित समुदायको भर्नादर, दलित महिलाको पढाइप्रतिको रुचि, दृष्टिकोण सम्बन्धी विषय प्रस्तुत गरिएको छ ।

अध्याय पाँचमा दलित महिलाको शैक्षिक स्थितिमा प्रभाव पार्ने कारक तत्वहरु वैयक्तिक अध्ययन, आर्थिक अवस्थाप्रतिको दृष्टिकोण, विद्यालयमा कुनै पनि क्रियाकलापमा हुने जातीय

भिन्नता, दलित समुदायका बालबालिकाको अन्य समुदायको बालबालिकासँग हुने सम्पर्क, शिक्षाले दलित समुदायमा पारेको प्रभाव, छोराछोरी विद्यालयबाट फर्केपछि गराइने क्रियाकलाप , महिलाको शैक्षिक स्तरमा परिवर्तन, विगत र वर्तमानको अवस्था, छुवाछुत तथा जातीय भेदभाव सम्बन्धी धारणामा परिवर्तन, दलित महिलाको शैक्षिक अवस्थामा परिवर्तन, दलित अभिभावकले छोरीलाई पढाएर लगाउन चाहने पेसा, महिलाको शैक्षिक अवस्थामा परिवर्तन ल्याउने कारणहरु, सन् १९९० देखि वर्तमान अवस्थासम्म आइपुग्दा महिलाको शिक्षामा आएका परिवर्तनका क्षेत्रहरु, दलित महिलाको स्वास्थ्य स्थिति, राजनीतिक अवस्था, वैवाहिक स्थिति आदिको बारेमा उल्लेख गरिएको छ ।

अध्याय छ मा सरांश, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ । यस अध्ययनको उद्देश्य प्राप्तिको लागि विभिन्न स्वदेशी, विदेशी विद्वानहरुको पुस्तक र रचनालाई अध्ययन गरी सन्दर्भ सूचीमा राखिएको छ । अन्त्यमा, अध्ययन स्थलमा गरिएको प्रश्नावलीलाई समेत स्थान दिइएको छ ।

# अध्याय -दुई

## साहित्यिक पुनरावलोकन

### २.१ साहित्यिक पुनरावलोकन

शिक्षा (Education) शब्द ल्याटिन भाषाको Educare बाट लिइएको हो । E को अर्थ ( out र ducare को अर्थ lead भन्ने हुन्छ । Educare को अर्थ - to educate, to bring up, to raise or to nourish भन्ने हुन्छ । ज्ञान आर्जनका लागि शिक्षा प्राप्त गर्ने समाज, सामाजिक वातावरण, सँस्कृति, शिक्षा प्राप्त गर्ने वातावरण र सामाजिक इच्छा, चाहँना माग र आवश्यकताको प्रत्यक्ष असर पर्दछ । अहिलेको समयमा शिक्षाको महत्त्व दिनानुदिन बढ्दै गइरहेको छ । शिक्षाले व्यक्तिको बौद्धिक, शारीरिक, सामाजिक, आर्थिक, साँस्कृतिक, आध्यात्मिक, नैतिक, भौतिक लगायत सर्वाङ्गिण विकासमा सहयोग गर्दछ । व्यक्ति आफ्नो सफल जीवनयापन गर्न र समाज, देश र विश्व कल्याणमा योगदान दिन सक्षम बन्न सक्दछ । जुनसुकै व्यक्ति, समाज र राष्ट्रको लागि शिक्षाको आवश्यकता पर्दछ । मानव सभ्यता र विकासक्रमलाई केलाउँदा आजको सभ्य समाजको विकास हुनुमा प्रमुख हात शिक्षाको मानिन्छ (शर्मा एण्ड शर्मा, २०६५) ।

शिक्षालाई समाजशास्त्रको रुपमा बुझ्नुपर्दा दर्शनशास्त्र साथै समाजशास्त्रीय अवधारणा, शैक्षिक कार्यकलाप र बालबच्चाहरुको व्यक्तित्व र सँस्कृतिहरुलाई सामाजिक रुपमा पुनरउत्पादन गरी ज्ञानको व्यवस्थापन गर्नु भन्ने बुझिन्छ । यो बढी मात्रामा आधुनिक औद्योगिक समाजको सार्वजनिक स्कुलिङसँग सम्बन्धित रहेको छ । शिक्षा मूलरुपमा आय-आर्जनको क्षेत्रसँग पनि सम्बन्धित् हुन्छ । द्वितीय विश्वयुद्धपछि विश्वमा शिक्षाप्रति नयाँ जागरण आएको पाइन्छ । समाजशास्त्रीय अध्ययनले स्कुलिङको पद्धतिमा कस्तो असर पार्छ साथै प्रतिस्पर्धा, वर्ग स्तरीकरण, रङ्गविभेद र लैङ्गिकतामा अध्ययनले विशेष जोड दिन्छ (Dictionary of sociology, 1994)।

समाजले महिलालाई अहिले पनि दोश्रो दर्जाको नागरिकका रुपमा हेर्ने र रहनु पर्ने बाध्यता कतिपय समाजमा रहेको पाइन्छ । यसरी महिला सिमित रुपमा घरायसी कामकाजमा मात्र व्यस्त रहनुपर्ने बाध्यतामा हुन्छिन् । यसकारण समाजमा रहेको लैङ्गिक असमानताको

कारणबाट महिलाहरु शिक्षाको क्षेत्रमा पछाडि परेका छन् । जसरी लिङ्ग शब्दले महिला र पुरुषबीच शरिरको भिन्नता जनाउँछ र लैङ्गिक (जेण्डर) शब्दले मनोवैज्ञानिक, सामाजिक, साँस्कृतिक भिन्नतालाई बुझाउँछ (गिडेन्स २००१:१०७) ।

लिङ्ग भेद निर्माणको आधार जैविकीय पक्षसँग सम्बन्धित देखिन्छ भने सामाजिक लिङ्ग निर्माणको आधार सामाजिक साँस्कृतिक पृष्ठभूमिलाई मान्न सकिन्छ । जब महिला र पुरुषकाबीच प्रत्यक्ष रुपमा शरिरलाई नै हेरेर फरक छुट्याउन सकिन्छ भने त्यो लिङ्गीय विशेषतामा आधारित हुन्छ । जबकि त्यस्ता विशेषतालाई प्रत्यक्ष देख्न सकिदैन र तिनीहरु सामाजिक मान्यता, संस्कार, सँस्कृति र प्रचलनसँग सम्बन्धित हुन्छन् । यिनै मान्यताका कारण महिला र पुरुषका बीच पृथक् भूमिका र अपेक्षाहरु निर्धारण गरिएको हुन्छ भने त्यसलाई सामाजिक लिङ्ग भनिन्छ ।

### २.१.१ सन्दर्भ साहित्यको समीक्षा

यस अध्ययनमा यससँग सम्बन्धित पूर्व अध्ययनहरुको समीक्षा गरिएको छ । महिलामाथि हुने शोषण उत्पीडनको कुरा गर्दा विश्वभरिकै केही सीमित महिलाहरूलाई छाडेर बहुसंख्यक महिलाहरु कुनै न कुनै प्रकारको शोषण र उत्पीडनमा रहेको कुरा सर्वस्वीकार्य छ । संस्कृति र प्रचलनको नाममा महिलामाथि हुने विभेद र दुर्व्यवहारहरू देश र समाजमा अवस्थित मानव समाजको चेतनास्तर, शिक्षा, भौगोलिक अवस्था, समाजको बनोट आदि कुराले निर्धारण गर्दछ । यहाँ वर्गीय र लैङ्गिक उत्पीडन सँगसँगै थप जातीय शोषण र उत्पीडनमा रहेका अथवा तेहेरो शोषणको मारमा रहेका दलित महिलाहरूको बारेमा प्रष्ट हुनु आवश्यक छ । दलित महिलाहरू करिव ३ हजार ५ सय वर्षदेखि वर्गीय अनि वर्णिय उत्पीडनको कठोर अनुलङ्घनीय नियममा बाँधिएर अजात, कुजात, अछुत, डुम, शुद्र आदिको संज्ञाबाट चिनिन बाध्य छन् ।

दलित समुदायहरू जो हिन्दु समुदायको एउटा हिस्सा हुन्, जसलाई सयौं वर्षदेखि आफ्नै श्रमबाट सिर्जना गरिएको ज्ञान र सभ्यताको प्रयोगमा समेत निषेध गरियो । समाजमा सबैभन्दा कठिन काम, फोहोर व्यवस्थापन गर्ने काम उसको वंशजलाई थोपारियो । नेपाली समाजमा अझै पनि करिब चालीस लाख दलितहरू र यसको आधा जनसङ्ख्या ओगटेका दलित महिलाहरू छन् जसलाई नियोजित रूपमा नै जनावरको भन्दा पनि तल्लो स्थानमा राख्ने कार्य

हिन्दु समाजले गर्दै आएको छ । अझै पनि हाम्रो समाजमा दलित महिलामाथि बोक्सिको आरोप लगाउनु सामान्य घटना भएको छ । सरसर्ती हेर्दा नेपाली महिलाका आधारभूत समस्या उस्तै देखिएपनि दलित महिलाका कतिपय विशिष्ट समस्याहरू सारमानै भिन्न छन्, तिनको राम्रोसँग समाधान गर्न सकेमात्र दलित महिलालाई अगाडि बढ्न सजिलो पर्दछ (देवकोटा र ओझा, २०६८।

नेपालमा जनसङ्ख्याको आधा भाग ओगटेका महिलाहरूको अनुसन्धानले उनीहरूको अवस्था दयनीय भएको पाइन्छ । यसमा पनि दलित महिलाहरूको अवस्थालाई हेर्दा यिनीहरूको अवस्था हरेक पक्षमा दयनीय रहेको छ । एक त महिला भएको कारण उनीहरू आर्थिक, सामाजिक, शैक्षिक र राजनैतिक क्षेत्रमा सम्मिलित हुन पाएका छैनन् । दोस्रो दलित महिला भएकै कारण यी विभिन्न क्षेत्रबाट बहिष्कृत भएका छन् । त्यसैले दलित महिलाले दोहोरोमार खेपिरहनु परेको छ । यसै सन्दर्भमा (विश्वकर्मा, २०६३) भन्नुहुन्छः- "नेपालका दलित महिला तीन प्रकारबाट विभेदित छन् । पहिलो दलित भएका कारणले, त्यसपछि महिला भएका कारणले र अर्को दलित महिला भएका कारणले यी तीन प्रकारका वृहत उत्पीडनबाट उब्जिएका धेरै समस्याहरू नेपाली दलित महिलाले भोग्नु परेको छ र त्यसलाई सामाजिक आर्थिक र राजनीतिक समस्याहरूको सेरोफेरोमै हेरिनु पर्दछ ।

दलित महिलाहरू सामाजिक रूपमा वहिष्कृत हुनको कारण यहाँका अधिकांश महिलाहरू जातीय भेदभाव र छुवाछुतबाट आक्रान्त छन् । मन्दिर, कुप, (कुवा) धारा, सार्वजनिक स्थान र यहाँसम्म सरकारी विद्यालयहरूमा पनि उनीहरूलाई ढुक्कसँग प्रवेश गर्न दिइदैन र दिदा पनि अनेक भेदभाव गरिन्छ ।

दलित महिलाहरू प्रथमतः साक्षरताबाट नै बञ्चित छन् । अर्कोतिर उनीहरू घर धन्दामै सीमित हुनुपर्ने बाध्यताका कारणले सामाजिक तथा अन्य काममा सहभागी हुन फुर्सद नै पाउँदैनन् । त्यसैले दलित महिलाहरू दलित पुरुषभन्दा पनि धेरै पछाडि परेका छन् ।

अन्य जात जातिको भन्दा गरिबीको चाप दलितहरुमा बढी छ । नेपाल जीवनस्तर सर्वेक्षण दोस्रो सर्भे (२००३/०४) अनुसार राष्ट्रिय गरिबी ३१ प्रतिशत छ भने सबैभन्दा बढी ४७ प्रतिशत पहाडी र ४७ प्रतिशत दलित समुदाय गरिबीको रेखामुनि रहेका छन् । दलितहरु गरिबीको चपेटामा पर्ने मुख्य कारणहरुमा समाजमा व्याप्त रहेको जातीय छुवाछुत, अशिक्षा,

प्राकृतिक स्रोत साधनमा पहुँच नहुनु र रोजगारीको अवसरबाट बञ्चित हुनु नै हुन् । दलितहरुमा भूमिहीनता, खेतीयोग्य जमिनको अभाव, आधुनिक कृषि प्रविधिको अज्ञानता, आवश्यक सीपको कमी, पुँजीको अभाव र वेरोजगारीले गर्दा अधिकांश दलितहरु अर्काको जग्गामा काम गर्ने, ज्यालामजदुरी गरी जीविकोपार्जन गर्दै आइरहेका छन् । सरकारी तथा गैह्रसरकारी तथा निजी रोजगारीका क्षेत्रमा दलितको सहभागिता भनेको प्राय शून्य नै छ । राज्यमा दलितहरुको आर्थिक अवस्थालाई सुधार गर्नको लागि प्रभावकारी कार्यक्रम तथा कार्यन्वयन गर्ने निकायको अभाव छ । स्थानीय रुपमा रहेको सार्वजनिक स्रोत साधनमा समाजका ठूलावडाहरुले आफ्नो मुट्ठीमा राखी आफ्नो अनुकूल प्रयोग गर्ने गरिरहेका छन् । (NDDO, २०६७) ।

शिक्षासँग परिवारको राजनीतिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष, आर्थिक पक्ष, धार्मिक पक्ष र मनोवैज्ञानिक पक्षले अन्तर प्रभाव पार्ने उपरोक्त पक्ष छात्राको शिक्षाप्रति सकारात्मक सोच रहेमा छात्राहरुको उच्च शिक्षामा सकारात्मक उन्नति क्षमता विकास र रोजगारीमा पहुँच सबलता आउने स्थिति देखिएको छ । उपरोक्त पक्ष छात्राशिक्षाप्रति नकारात्मक रहेमा छात्राहरुको उच्च शिक्षामा नकारात्मक प्रभाव, क्षमता, विकास र रोजगारीमा पहुँच समेत शिथिलता आउने नतिजा देखाएको छ ।

दलितहरुको राजनीतिमा सहभागिता विषयक अध्ययनमा अर्घाखाँची, हंसपुर गा.वि.सका दलितहरुको आर्थिक, सामाजिक, शैक्षिक राजनीतिक परिवेशका साथै सो गा.वि.स. का दलितहरुको शैक्षिक स्तर उल्लेख गरिएको छ । जसमा तल्लो कक्षाबाट माथिल्लो कक्षामा जाँदा दलित जातिका विद्यार्थीहरुको सङ्ख्या कम छ । दलित अभिभावकको शिक्षाप्रति कम चासो हुनुको प्रमुख कारण आर्थिक अवस्थालाई देखाइएको छ (सुनार,२०५८) । स्याङ्जाको एक गा.वि.स. को प्रा.वि.मा दलित बालबालिकाको शैक्षिक स्थितिको अध्ययनमा अन्य जातिको तुलनामा दलित जातिका बालबालिकाको भर्नादर कम रहेको जनाएका छन् (ढुङ्गाना, २०६६) । नियमित स्कुल उपस्थित हुन नसक्दा फेल हुने क्रम दोहोरिनु र ठूलो उमेरमा पनि सानो कक्षा पढ्दा अप्ठ्यारो महसुस भई पढाइ छाड्ने दर बढेको छ (वाग्ले, २०६८) ।

दतिल जातिका केटाकेटीहरु विद्यालयमा भर्ना नगरिनुका कारणहरुमध्ये सामाजिक कारण प्रभावकारी रुपमा देखापरेको पाइन्छ । समाजमा कथित उच्च जातिका मानिसहरुले निम्न

जातिका मानिसलाई छुवाछुतको मानसिकता देखाउने र समाजमा तल्लो भनिएका जातिमाथि दमन गर्ने उनीहरुलाई कुनै सामाजिक क्रियाकलापमा भाग लिँदा पनि हिनताबोधको स्थिति पैदा गराउने गरिन्छ । साथी, भाइ, दौतरी, शिक्षक र विद्यालय प्रशासनद्वारा सामाजिक भेदभाव गरिन्छ (सेरिड, विश्वकर्मा, खत्री, २०५७) ।

अछुत जातिहरु सुँगुर पाल्ने तथा उच्च जातिहरु गाई भैसी पाल्ने, घिउ, दुध बेच्ने पेसा गर्नाले उच्च जातिका मानिसनहरुसँग पर्याप्त पैसा हुन्थ्यो । यिनीहरुबाट अछुत जातिले आफ्नो सीमित जग्गा धितो राखी ऋण लिई आवश्यकता पुरा गर्थे । उच्च जातकाले अछुत जातिबाट ऋण असुल्न नसक्दा जग्गा नै ओगट्ने गर्दथे । सरकारले विभिन्न समयमा जग्गा नीति तथा भूमिसुधार कार्यक्रम प्रस्तुत गरे पनि यसको कार्यान्वयन पक्षमा भएको फितलोपनको कारण समाजका अछुत जातिमा कुनै प्रगति भएको देखिदैन । समयको गति सँगसँगै आएको विकासको विभिन्न खाले अवसरबाट पनि अछुतहरुलाई पाखा लगाउँछन् । माथिल्लो जातिकाले आफ्नो भलाईको लागि अछुत जातिलाई भऱ्याङ्को रुपमा प्रयोग गरी आफूलाई माथि लैजान्छन् ( क्याप्लान, २०००) ।

आर्थिक समृद्धि र चेतनाको विकास नगरी यस समुदायका दलित महिलाहरुको शैक्षिक स्थितिमा सुधार ल्याउन मुस्किल देखिएकाले सरकारी कार्यक्रमबारे जानकारी पूर्णरुपमा दिँदै, गरिबी, न्यूनीकरणको लागि, फलफूल आदिको व्यवसाय एवम् व्यापार र पर्यटनसँग सम्बन्धित व्यवसायको कार्यक्रम ल्याएर चेतना जगाउने काम गरेमा आफै शैक्षिक उन्नति हुने सम्भावना देखिन्छ (घिमिरे, २०६८) ।

इन्सेक (१९९३) मा संसारको इतिहासलाई नियाल्दा जन्म एवम् व्यवसायमा आधारित जाति व्यवस्था प्राचीन युनान फ्रान्स, रोम, चिन, जापान, फारस आदि मुलुकहरुमा पनि थियो तर हाम्रो नेपालको जस्तो जातीय भेदभाव र छुवाछुत केही पनि थिएन यसरी संसारमा अन्यत्र कही कतै यस्तो व्यवस्था नरहेको र हाम्रो देशको सामाजिक राजनीतिक, साँस्कृतिक आदि पक्ष पनि अरु मुलुकहरुको भन्दा भिन्न रहेको देखिन्छ ।

नेपाल सरकारले सय भन्दा बढी जातिहरु मध्ये २३ जातिलाई मात्र दलित जाति निर्धारण गरेको छ । यसमध्ये पहाडी र हिमाली क्षेत्रमा ८ र तराई क्षेत्रमा १० दलित जाति उपलब्ध रहेका छन् । बाँकी पाँचवटा जातिहरु परिभाषित छैनन् । यस जिल्लामा कामी, दमाई,

सार्की र गाइने जातिको मात्र बसोबास रहेको छ । यस जिल्लाको कूल जनसङ्ख्याको १९.४५ प्रतिशत दलित रहेका छन् । २०६५ सालमा दलित वर्ग उत्थान जिल्ला समन्वय समितिले लिएको तथ्याङ्कले जिल्लाको दलित समुदायको साक्षरता प्रतिशत ६९.११ रहेको पाइन्छ । जसमा महिला ४६ प्रतिशत र पुरुष ५४ प्रतिशत साक्षर छन् । जिल्ला शिक्षा कार्यालय पर्वतको शैक्षिक सत्र २०६६/०६७ मा दुवै प्राथमिक तहदेखि उच्च शिक्षासम्म अध्ययन गर्ने विद्यार्थीहरुको सङ्ख्या ५९.५२८ मा छात्रा ३०.५२८ र छात्र २९.००० रहेका छन् । जिल्ला शिक्षा कार्यालयको तथ्याङ्क बमोजिम शै.स २०६६ सम्म विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत २.५ रहेको छ भने कक्षा १ छोड्ने दर २४.२.२ प्रतिशत रहेको छ । यी दुबैमा अधिकांश दलित समुदायका बालबालिका पर्दछन् । आर्थिक गरिबी, पछौटेपन, अभिभावकहरुमा शैक्षिक चेतनाको कमी, विद्यालयमा दलित विद्यार्थीमाथि गरिने विभिन्न खालका जातीय भेदभाव र पढेर के हुन्छ भन्ने आम मनोभावनाको कारण दलित महिला विद्यालय जान सकेका छैनन् । विद्यालय भर्ना भएकाले पनि बीचैमा पढाइ छाड्ने प्रवृत्ति रहेको छ (NDDO, 2067)।

शैक्षिक अवस्थालाई लैङ्गिक आधारले प्रभाव पार्ने नेपाली सामाजिक विशेषता अनुसार बाजुङ गा.वि.स. का दलित महिलाको शैक्षिक अवस्था अन्य जातिगत सामाजिक शैक्षिक वातावरणभन्दा भिन्न देखिन्छ ।

दलित महिलाको शैक्षिक अवस्थालाई प्रभाव पार्ने विभिन्न पक्षहरु जस्तै शैक्षिक वातावरण, सामाजिक वातावरण र राजनैतिक वातावरणले साक्षर दर र निरक्षर दर दुबैमा प्रभाव पारेको देखिन्छ । शिक्षाको धरातललाई परिवर्तन गर्नाले दलित महिलाको विविधि पक्षहरुमा सकारात्मक परिवर्तन आएको देखिन्छ । दलित महिलाको शैक्षिक अवस्थालाई प्रभाव पार्ने तत्त्वहरुको निर्णय प्रकिया आर्थिक परिचालन, सामाजिक साँस्कृतिक पहुँच, शैक्षिक उन्नति जस्ता पक्षहरुमा व्यक्तिगत र शैक्षिक परिवर्तन देखिन्छ ।

### २.१.२ दलित जाति

दलित शब्दको उत्पत्ति, संस्कृत धातु दलबाट भएको हो । जसको अर्थ फुटाउनु, टुक्राउनु, कुल्चनु हुन्छ । दलित शब्दको शाब्दिक अर्थ फुटाएको, दालिएको, दमन गरिएको, थिचिएको, पिसिएको सम्पूर्ण जातीय समुदायलाई बुझाए पनि वर्तमान समयमा धर्म, राज्य,

सत्ता र कानुनको आधारमा सयौँ वर्षदेखि सामाजिक रुपमा अछुत बनाइएका समुदायलाई जनाउँछ (जन उत्थान प्रतिष्ठान,२०५९) । नेपाल जस्तो बहुजातीय र विपन्न मुलुकमा उपेक्षित, उत्पीडित र दलित वर्गको पहिचान गर्न नेपाल सरकारले वि.सं. २०५४ मा यस वर्गको परिभाषा निम्नानुसार गरेको छ : उपेक्षित, उत्पीडित, दलित वर्ग भन्नाले परम्परागत रुपमा व्यवसाय संचालन गरी जीविका गरिरहेका आर्थिक, सामाजिक वा अन्य कुनै पनि कारणले उपेक्षित, उत्पीडित र दलित हुन पुगेका नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएका जात, जाति, वर्ग सम्झनु पदर्छ (यादव, २०५९) । शताब्दीऔँदेखि जातीय शोषण र उत्पीडनको कारण यिनीहरुको सामाजिक ढाँचा गतिहीन रहेको छ । यो नै यिनीहरुको सर्वाङ्गिण विकासको लागि प्रमुख बाधक भएको छ । यिनीहरुलाई यो अवस्थाबाट बाहिर निकालेर समान रुपमा देशको उन्नतिमा सहभागी बनाउन हामी सबै देशभक्त, वुद्धिजिवी तथा सामाजिक कार्यकर्ताको कर्तव्य हुन आउँछ (तामाङ, २०५०) । उनीहरुलाई शिक्षा र राजनीतिक भेदभाव र जोरजुलुमको कारणले उनीहरुमा सिर्जना भएको पछौटेपनको निमित्त के कस्तो क्षतिपूर्ति र उपचार हुन सक्छ त्यसबारे गम्भीरतापूर्वक राज्यले विचार गरी कदम चाल्नु पर्छ (शाह, २०५१) ।

समाज निर्माणको क्रममा मानिसहरुबीच विभेद हुदैनथ्यो । परिवार, जायजेथाजस्ता कुराहरुमाथि समाजको कुनै पनि सदस्यको कुनै पनि प्रकारको निजी स्वामित्वको प्रचलन थिएन । त्यसैले त्यस युगमा तेरो, मेरो, धनी, गरिब, शोषित र छुवाछुत जस्ता कुराहरुको पर्वाह र प्रचलन समेत पनि थिएन । सामूहिक रुपमा एक ठाउँमा बसेर आफ्नो सुरक्षा गर्ने र सामूहिक श्रमद्वारा खाद्य सामग्रीको खोजी गरी बाँडेर खाई जीवन धान्नुको अतिरिक्त त्यस समाजले अरु कुनै पनि कार्य गरिरहनु आवश्यक थिएन (के.सी,२०५६) । इ.पू.१२०० को आसपासमा प्रारम्भिक रुपमा भएको श्रम विभाजन अनुसार चार खाले श्रमको आधारमा समाजलाई चार वर्णमा छुट्याउन थालिएको थियो । फलत : भारतीय र नेपाली समाजमा विभिन्न वर्ण र जात जातिको शृङ्खला विस्तार भएको छ (अम्बेडकर, १९९०) ।

### २.१.३ नेपाली समाजको जातीय विभाजन

हाम्रो सामाजिक संरचनामा वर्णव्यवस्थाको सुरुवात उपत्यकामा राजा जयस्थिति मल्लको पालाबाट र पहाडी राजाहरुमा गोरखाका राजा रामशाहको पालादेखि नै लागु भएको पाइन्छ । उनीहरुले समाजसुधार गर्ने नाउँमा हाम्रो समाजलाई विभिन्न जात र पेसामा विखण्डन गरेका थिए । कालान्तरमा पश्चिम भेगमा गैह्र हिन्दुराज्यहरु हिन्दुकरण (खस राज्य), घले राज्य पश्चिममा र मगरात राज्य हुँदै गएपछि त्यसको साथसाथै वर्ण व्यवस्था नेपाली समाजमा मौलाउन पुग्यो । अठारौँ शताब्दीमा गोरखाली राजा पृथ्वीनारायण शाहको नेतृत्वमा एकीकृत नेपाल राज्य स्थापना हुँदा उनले नेपाललाई ४ वर्ण छत्तीस जातको फुलबारी भन्ने उक्तिबाट नेपाली समाज पनि वर्ण विभाजनको पूर्ण प्रभाव परिसकेको स्पष्ट हुन्छ । विविध जात जाति रहने हाम्रो नेपाली समाज विभिन्न रुपमा विभाजित तथा तहगत खण्डित भएको पाइन्छ । आर्थिक रुपमा धनी गरिब, चेतनाको दृष्टिकोणले शिक्षित, अशिक्षित तथा जातीय रुपमा ठूलो सानो या माथिल्लो तल्लो आदि विविध रुपमा समाज विखण्डित छ । यी प्रत्येक विभाजनमा समाज समस्याग्रस्त रुपमा रुमलिएको छ । आपसमा टकरावको स्थितिबाट गुज्रिरहेको पाइन्छ । एउटा पक्ष अगाडि छ भने अर्को पछाडि, त्यस्तै एउटा सञ्चालक छ भने अर्को सञ्चालित छ । त्यस्तै माथिल्लो र तल्लो जात बीच पनि यस्तै अवस्था देख्न सकिन्छ । उपल्ला जातिहरुको समाजमा राम्रो हैसियत रहन्छ भने निम्न जातिको अवस्था दयनीय रहेको पाइन्छ (विश्वकर्मा, २०५४) ।

हाम्रो सिङ्गो नेपाली समाजलाई केबल एउटै जातीय दृष्टिकोणबाट तहगत विभाजन तथा विश्लेषण गरिएको छ ।

क) तागाधारी

ख) मतवाली

ग) पानी नचल्ने तर छोइछिटो हाल्न नपर्ने

घ) पानी नचल्ने छोइछिटो हाल्न पर्ने (शर्मा, १९७७)

**क) तागाधारी**

यसजाति समूहमा पूर्ण मानव या आफ्नो जातीय तह प्राप्त गर्नु विशेष विधि पुऱ्याएर व्रतबन्ध गरी जनै लगाएका पर्दछन् । यिनीहरुलाई दुईपटक जन्मने जात भनेर भनिन्छ । यसमा निम्न जातहरु पर्दछन् : ब्राह्मण, क्षत्री, ठकुरी आदि ।

**ख) मतवाली**

यसजात अन्तर्गत परम्परादेखि नै जाँड रक्सी खान छुट पाएका जातिहरु पर्दछन् । यिनीहरुले अबलम्बन गर्ने विशेष संस्कारमा र खानपानमा, जाँड, रक्सी आवश्यक पर्छ । यसमा विशेष गरी मगर, गुरुङ्ग, राइ, लिम्बु, नेवार आर्िद पर्दछन् ।

**ग) पानी नचल्ने तर छोइछिटो हाल्नुनपर्ने**

यी जातहरुसँग समाजमा कथित माथिल्लो जातका मानिसले पानी, खानेकुरा छोइन्छ भन्ने अवधारणाले लेनदेन गर्दैनन् तर मानिस छोइएमा छिटो हाल्न पर्दैन । धोवि, कुसुले, कुलु जस्ता जातिहरु यसमा पर्दछन् ।

**घ) पानी नचल्ने छोइछिटो हाल्न पर्ने**

यी जातिहरुसँग समाजमा अन्य कथित उपल्ला जातिहरुले पानी लगायत केही खाने कुरा छुदैनन् । मानिस छोइएमा पनि छिटो हाल्नु पर्छ । जस्तै पहाडमा कामी, दमाई, सार्की आदि यस जातिमा पर्दछन् (शर्मा, १९७७) ।

यसरी जात, सामाजिक गतिशिलता तथा सांस्कृतिकरण सम्बन्धमा उल्लेख गरिएको पुस्तकमा समाजका समान जनसमूहलाई अव्यवस्थित जातीय रुपमा तहगत विभाजन गरिएको छ । 'प्रयागराज' शर्माद्वारा गरिएको समाजको उक्त किसिमको व्याख्या तथा तहगत जातीय विभाजनको विश्लेषणको आधार पुरानो मुलुकी ऐन हो । यसैको आडमा समाजमा स्तरीकृत भावना मौलाउने अवसर पाएको छ । राणाकालिन समयमा समाज सुधारको नाममा जारी गरिएको उक्त ऐनले समाजमा अन्तर्निहित जाति द्वन्द्व तथा विभेदलाई झन बढाउने काम गरेको पाइन्छ । यस ऐन अनुसार जातजाति अनुसारको दण्ड जरिवाना समेत भोग्दै आएका यी जनसमूहले राजा महेन्द्रकालिन शासन व्यवस्थामा मात्र कानुनी रुपमा सामाजिक समानताको हक अधिकार प्राप्त गरे पनि व्यवहारिक रुपमा समानता पाउन अझै असफल देखिन्छन् ।

### २.१.४ लैङ्गिक अध्ययन

मानव समाजको वास्तकितालाई केलाएर बुझ्नका लागि महिला र पुरुषलाई बुझ्न अति आवश्यक छ । जैविक दृष्टिकोणको आधारमा पुरुषले यो काम गर्ने र महिलाले यो काम गर्ने भनि विभाजन गर्दछ भने त्यसलाई जेण्डर (लैङ्गिक विभेद) भनिन्छ । हरेक समाजमा महिला र पुरुष दुवैबाट समाजले केही अपेक्षा गरेको हुन्छ । वास्तवमा त्यही अपेक्षाकृत भूमिका जेण्डर हो । जेण्डरले महिला र पुरुषको सामाजिक साँस्कृतिक अतिरिक्त आर्थिक विशेषतालाई पनि जनाउँछ । प्रत्येक व्यक्तिमा स्त्रीत्व र पुरुषत्वको गुण हुन्छ तर समाजले केटी भित्र लुकेको पुरुषत्त्व र केटाभित्र लुकेको स्त्रीत्वलाई बाहिर ल्याउन अर्थात् मौलाउन दिदैन (आचार्य, २०६७) ।

महिला शिक्षामा लैङ्गिक अवधारणा जैविक दृष्टिकोणको आधारमा पुरुष र महिलाको कार्य विभाजन भएको हुन्छ । जसले गर्दा लिङ्गका आधारमा महिला पुरुषको लैङ्गिक स्तरीकरण, सम्पत्ति, प्रतिष्ठा, शक्तिको असमान वितरणका आधारमा हुने गर्दछ । प्राकृतिक रुपमा रहेको विभेदलाई आधार लिएर महिलालाई सामाजिक रुपमा विभेद गरिएको छ । यसै कारण महिला हरेक क्षेत्रमा पछाडि परिरहेका छन् । यस्तो अवस्थालाई समाधान गर्नको निम्ति र महिलाको स्तर वृद्धिका लागि समाजले अवसर दिएर मात्र नपुग्ने देखिन्छ । त्यसको लागि समान अवसरको संरक्षण आवश्यक पनि हुन्छ । महिलालाई महिलाभित्रै प्रतिस्पर्धा गराउने गर्नु पर्दछ । महिला पछाडि पर्नुमा शिक्षालाई लिन सक्छौँ भने शिक्षामा कमी हुनुमा सामाजिक, साँस्कृतिक, आर्थिक र लैङ्गिक कारण नै रहेको हुन्छ। त्यसकारण महिलाको स्तर विकास हुन सक्दैन । महिला समाजको एउटा पाटो हुनाले महिला शिक्षित भए परिवार पूर्ण रुपमा शिक्षित हुन्छ भने महिलाहरु अशिक्षित भए परिवार र समाज पूर्ण रुपमा अशिक्षित हुन्छन् (आचार्य, २०६१) ।

महिलाको जन्मदेखि मृत्यु पर्यन्तसम्मको जीवन चक्रमा देखिने भेदभाव प्राय : सबै समाज तथा सँस्कृतिमा रहेर संस्थागत रुप लिएको हामी पाउँछौ । संसारमा कुनै समाज कुनै न कुनै प्रकारको लैङ्गिक भेदभावबाट जकडिएको पाइन्छ । यस्ता प्रकारका भेदभाव उन्मूलन गर्नका लागि सन् १९६९ को डिसेम्बर १८ मा संयुक्त राष्ट्र संघको साधारण सभाले एक प्रस्ताव पारित गरी सदस्य राष्ट्रहरुको अनुमोदन तथा सम्मेलनका लागि खुला राखेको थियो । जसलाई "महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धिको रुपमा चिनिन्छ । जुन महासन्धि सन् १९८१ सेप्टेम्बर ३ देखि लागु भएको छ । नेपालले पनि यसलाई सन् १९९१ मा विनाशर्त

अनुमोदन गरेको छ । उक्त सन्धिमा विभिन्न राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक नागरिक आदि विषयमा आधारित हुने भेदभावको विरोध गरिएको छ भने महिलाहरुलाई विभिन्न हक र अधिकारहरु प्रदान गरेको पाइन्छ । नेपाल सन्धि ऐन २०४७ ले नेपाल पक्ष भएका सबै सन्धिहरु नेपालको राष्ट्रिय कानुन सरह हुने तथा राष्ट्रिय कानुन र त्यस्ता सन्धिहरु परस्पर बाँझिएका सन्धिको प्रावधान नै लागु हुने व्यवस्था गरेको छ । तसर्थ यस्ता महासन्धिले सिर्जना गरेको प्रावधानलाई पूरा गर्नु गराउनु हरेक सदस्य राष्ट्रका सरकारको संवैधानिक एवम् कर्तव्य हो । यस प्रकार महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ महिलाहरुको मानव अधिकारको संरक्षण गर्ने अन्तराष्ट्रिय अधिकार पत्रको रुपमा रहेको छ ( काफ्ले, ढकाल, २०६९) ।

असन्तुलित महिला र पुरुष बीचको सम्बन्धलाई सन्तुलित तुल्याउनका लागि कमजोर पक्षहरुमध्ये अझ शिक्षालाई बढी ध्यानमा राखेर अगाडि बढ्यो भने सायद महिला र पुरुष बीचको खाडल मेटिन पुग्दछ भन्ने कुरामा जोड दिनु पर्छ भन्ने धारणा रहेको छ ।

## २.१.५ नारीवाद

नारीवाद समाजको आधुनिक ढङ्गबाट विश्लेषण गर्ने एक सिद्धान्तको रुपमा आएको छ । परम्परागत रुपमा विकसित हुँदै आएका जति पनि सिद्धान्तहरु छन् ती सबै पुरुष केन्द्रित रहेको जसमा केबल पुरुषलाई मात्र उच्च र फाइदा हुने ढङ्गबाट व्याख्या गरिएको पाइन्छ भन्दै नारीवाद सर्वप्रथम सन् १८९० मा संयुक्त राज्य अमेरिकामा देखा परेको हो ।

सन् १८३० मा दासताविरुद्ध संङ्घर्ष गर्नका लागि सङ्गठित समूहसँगै नारीवादको उत्पत्ति हुन पुगेको हो । नारीवादमा पहिलो धारको उत्पत्ति सन् १९४८ मा Elizabeth cady santon र Lucretia mott ले न्यूयोर्कमा महिलाहरुको मुद्दामा आवाज उठाउनका लागि आयोजना गरेका सम्मेलनबाट भएको हो । सन् १९६३ मा Betty Friedon को "The feminine Mystique" प्रकाशित भयो । तत्कालिन समाजमा व्याप्त रहेको महिला अधिनस्थतालाई यस पुस्तकले राम्रोसँग चित्रण गरेको छ । प्रस्तुत नारीवादी आन्दोलनमा दोस्रो धारको महत्त्वपूर्ण जग मानिन्छ । सन् १९८० को दशक पछाडि विकसित भएको नारीवादको

तेस्रो धारले महिलाहरु बीचमै हुने भिन्नताहरुमाथि आफ्नो ध्यान केन्द्रित गरेको छ । नारीवादमा तेस्रो धारले महिला अनुभवहरुको विविधताको चित्रण गरेको पाइन्छ (आचार्य, २०६७) ।

### २.१.६ महिलावादी सिद्धान्तहरु

महिलावादी सिद्धान्तले महिला र पुरुषको समाजमा हुने हैसियत र स्थानबारे व्याख्या र विश्लेषण गर्दछ । मानव समाज र सँस्कृतिको उत्पत्तिदेखि वर्तमान अवस्थासम्म महिला सम्बन्धमा भएका सामाजिक, आर्थिक, साँस्कृतिक, शैक्षिक, व्यवस्थालाई ऐतिहासिक दृष्टिकोणबाट विश्लेषण गर्दछ । सामाजिक र साँस्कृतिक व्यवस्थामा महिला र पुरुषको स्थान र भूमिका सामाजिक, साँस्कृतिक असमानताहरु पुरुषबाट महिलामाथि हुने शोषण, दमन र उत्पीडन राज्यद्वारा अबलम्बन गरिएका कानुनी व्यवस्था र प्रदान गरिएका अधिकार त्यसको सामाजिक प्रभावका बारेमा व्याख्या र विश्लेषण गर्दछ । सोही सन्दर्भमा स्टेभी ज्याकसन भन्दछन्- 'महिलावादी सामाजिक सिद्धान्त महिला र पुरुषसत्ता र शक्तिको विश्लेषणसँगै सम्बन्धित छ ।' नारीवादी सिद्धान्त त्यस्तो विधि हो जसले महिला र पुरुषको स्थान र भूमिकामा साँस्कृतिक रुपले स्थापित संस्थागत प्रक्रियाको अध्ययन गर्दछ । मूलतः महिलावादी सिद्धान्तले महिलामाथि हुने पुरुषको प्रभुत्व भनेको कुनै विशिष्ट समाजमा सामाजिक, आर्थिक, राजनीतिक व्यवस्थाबाट सिर्जना हुने सामाजिक तथ्य हो भन्ने कुरा उजागर गर्दछ । महिलावादी व्याख्या विधिको मुख्य आधार नै महिला र पुरुषको अवसर महिलाहरुमाथि पुरुषको अधिपत्य राष्ट्र र समाजमा सार्वजनिक लाभको वितरण, उनीहरुका समस्या, सामाजिक भूमिका, परिवार र समाज भित्रको कार्य बोझ, स्रोत साधनको वितरणमा देखिने भिन्नता र असमानता नै रहेको देखिन्छ । महिलावादी सामाजिक सिद्धान्तको मुख्य मान्यता निम्न छन् :

१) महिलाको पराधिनता र उत्पीडनको आधार स्वयम् समाज हो ।

२) महिलामाथि हुने विभेद प्रकृति प्रदत्त नभइ सामाजिक हुन्छ ।

३) आर्थिक सामाजिक राजनैतिक व्यवस्थाको परिवर्तनसँगै महिलामाथिको दमन र उत्पीडनमा परिवर्तन हुँदै आएको छ ।

४) नारीवादी सिद्धान्तहरु वैचारिक आन्दोलनका उपज हुन । महिलामाथि हुने सामाजिक उत्पीडन, पुरुष दमन, महिला मुक्ति आन्दोलन, राज्यका नीति नियम कानुन, महिला

स्वतन्त्रता जस्ता महिलाहरुको बहुआयामिक पक्षसँग सम्बन्धित विषय वस्तुहरुको व्याख्या गर्ने, विचार गर्ने, अवधारणाहरुको विकास भएको छ । जसमा अहिलेसम्म मूलत : चारवटा सिद्धान्तहरु बढी प्रचलनमा छन् ।

१) उदारबादी महिलावाद

२) मार्क्सवादी महिलावाद

३) समाजवादी महिलावाद

४) आमूल परिवर्तनकारी महिलावाद

समाजमा रहेका प्रत्येक तहमा लैङ्गिक असमानता रहेको छ । जुन समाजको सामाजिक संगठनकै परिणति हुन् । यिनलाई जैविकीय र मनोवैज्ञानिक पक्षबाट प्रभाव पार्ने जिम्मेवार कारक तत्त्व समाज नै हो । त्यसमा लैङ्गिक असमानताको व्याख्या गर्ने सिद्धान्तहरु संक्षेपमा चर्चा गर्नु सान्दर्भिक हुनेछ । (Ritzer 1996) ।

## २.१.७ उदार महिलावाद

उदार महिलावाद महिला मुक्तिका लागि विचार प्रवाह गर्ने महत्त्वपूर्ण सिद्धान्त हो । जसले महिला स्वतन्त्रता, विकास र परिवर्तनलाई जोड दिन्छ । महिलाहरुमा गरिने विशेष गरी यौनजन्य हिंसा र शोषणका विरोधमा विचारको प्रवाह गर्दछ । महिलाहरुले कानुनमा नै विभेद भोग्नु परेकाले त्यसको उन्मुलनलाई जोड दिन्छ । सामाजिक न्यायलाई समाजमा प्रतिस्थापित गराउनु पर्दछ भन्ने मान्यतालाई जोड दिन्छ J bernard, M. moried, friedan oli जस्ता विद्वानहरुको यसमा उल्लेखनीय योगदान रहेको छ ।

उदार महिलावादले समाजमा महिलाहरु महिला भएकै कारण शिक्षा लिनबाट वञ्चित, घुमफिर माथिको स्वतन्त्रताहरुको बन्देज, घरभित्रका कार्यमा बढी सम्लग्नता, विवाह गर्ने, बालबच्चा जन्माउने कुरा राजनीति लगायतका यावत सबालमा महिलाहरु सामाजिक कारणबाट नै पुरुषको नियन्त्रणमा रहेका र महिलाहरुको स्वतन्त्रता लुटिएको बारेमा चर्चा गर्दछ । उदारवादले महिलाहरुको पुरुषप्रतिको परनिर्भरता बढेको तर्फ चर्चा गर्दछ । खासगरी Betty frieden को पुस्तक 'The Feminine Mystique myrique' मा महिलाहरुप्रतिको सम्पूर्ण विभेदका बारेमा चर्चा गरिएको र महिलाहरु पुरुष सरह रहन सक्दछन् भन्ने तार्किक व्याख्या

गरेपछि महिलावादले बढी व्यापकता पाएको देखिन्छ । जसको आधारमा पश्चिमि स्वतन्त्रतासँगै विकास भएको थियो ।

उदारवादले महिलाहरुले आफ्नै कार्य, रुचि, रोजाइ, आकांक्षाको रोजाइबाट पुरुष सरह आफ्नो क्षमता प्रदर्शन गर्न सक्दछन् । यस्तो समानतालाई आफै निरन्तरता दिन सक्दछन् भन्दै राजनीतिक र कानुनी सुधारको माध्यमबाट महिला र पुरुषमा समानता ल्याउन सकिन्छ भन्ने अपेक्षा गर्दछ । यसले महिला र पुरुषबीच हुने व्यक्तिगत र स्वतन्त्र सम्बन्ध र अन्तरक्रियालाई समाजमा नारी, पुरुषबीच लैङ्गिक समानता ल्याउने शुरु र आधारविन्दु हो भन्ने मान्यताको आधारमा विश्लेषण गर्दछ । सबै महिलाहरुमा समाजमा लैङ्गिक समानता प्राप्त गर्ने सामार्थ्य हुन्छ । त्यसैले समाजको आधारभूत संरचनामा परिवर्तन नगरी नै समानता प्राप्त गर्न सम्भव छ भन्ने दावी गर्दछ (Ritzer, 1996) ।

उदारवादी महिलावादीहरु महिलाप्रति पूर्वाग्रही सामाजिक साँस्कृतिक र कानुनी रुपले स्थापित संस्थागत बन्धनहरुको उन्मुलन गर्ने कार्यमा सम्लग्न भएको देखिन्छ । साथै विकल्पहरुमा उनीहरुले उपयुक्त कानुन निर्माण गर्ने र कार्यान्वयन गर्ने कुरामा जोड दिन्छन् । जस्तो अमेरिकामा उदारवादी महिलाहरुले ऐतिहासिक रुपमा पुरुष सरह महिला अधिकारका लागि काम गरिरहेका छन् । नेपालमा पनि यौन स्वतन्त्रता र महिलाको व्यक्तिगत अधिकारको माग गर्न, महिला विरुद्धका सबै खाले कानुनको खारेजी गर्न र उपयुक्त कानुनको निर्माण गर्नका लागि दवाव कार्यहरु भइरहेका छन् । उदारवादी नारीवादीहरुले उठाएका प्रमुख मुद्धाहरु सन्तान उत्पादन र गर्भपतन सम्बन्धी अधिकार, यौन दुरुत्साहन, मताधिकार, शिक्षा, समान कामका लागि समान ज्याला, सर्वसुलभ बाल हेरचाह, स्वास्थ्य सेवा र सुविधा महिला विरुद्ध हुने घरेलु हिंसाको अन्त्य गर्ने आदि हुन् ।

कतिपय विद्वानहरु उदारवादी महिलावादको आलोचना गर्दै केवल पश्चिम केन्द्रित भएको बढी सुधारात्मक रहेको, लैङ्गिक सम्बन्धको व्याख्या गर्न नसकेको, केवल व्यक्तिगत स्वतन्त्रतालाई बढी जोड दिएको, पितृसत्तात्मक रहेको, असमानता, विभेद र सोप्रति मौन रहेको भन्दै आलोचना गरेका छन् ।

### २.१.८ मार्क्सवादी महिलावाद

मार्क्सवादी महिलावादको उत्पत्ति कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्सको कृति (origin of the family, private property and the state, 1884 लाई) लिन सकिन्छ । महिला मुक्तिका लागि मार्क्सवादी महिलावादले तार्किक आधारहरु अघि सारेको छ । मार्क्सवादीहरुले महिला र पुरुषबीच सिर्जित जतिपनि असमानता, विभेद छन् जुन जैविकीय कारण र इश्वरीय कारणले भएको नभइ
"समाजको आर्थिक सम्बन्धको उपज" भएको बताउँछन् । यसमा Wilson Jagger skikid walfy जस्ता विद्वानहरुको योगदान उल्लेखनीय रहेको छ । यिनीहरुका अनुसार उत्पादन प्रणालीको विकास तथा समाजमा सम्पत्तिमाथिको व्यक्तिगत स्वामित्वको कारणले सदियौंदेखि समाजमा लैङ्गिक विभेदहरु सिर्जना भएका हुन् । महिलाहरु पुरुष सरह सबै काम गर्न सक्छन् तर महिला र पुरुषका बीच रहेको असमान शक्ति सम्बन्धका कारण स्रोतमाथि पुरुषको नियन्त्रणले व्यापकता पाउदै गरेको र यो क्रम पुजीवादी अर्थव्यवस्थासम्म आइपुग्दा अझ बढी व्यापक बन्दै गयो । समाजको वर्गीय चरित्र नै महिला विभेदको मुल कारक तत्त्व हो भन्ने निष्कर्ष मार्क्सवादी महिलावादको रहेको छ ।

मार्क्सवादी महिलावाद सिद्धान्त त्यस्तो सिद्धान्त हो जसले पुँजीवादी दासताबाट महिलालाई मुक्ति तथा स्वतन्त्रता दिलाउने विधि तथा मार्गको व्याख्यामाथि ध्यान केन्द्रित गर्दछ । पुँजिवादले महिलाहरुलाई भोगविलासिताको वस्तुका रुपमा रुपान्तरण गरेको छ । जुन वस्तुका रुपमा खरिद बिक्री र व्यापार गरिने, महिलाको अस्मिता र जीवनलाई मुक्तिको बाटो देखाउने सिद्धान्तका रुपमा स्थापित छ ।

मार्क्सवादी महिलावादले अधि सारेका सुधारात्मक रणनीतिहरु यस प्रकार छन् :

- महिला विभेदको कारक तत्त्व पत्ता लगाउन समाजको वर्गीय विश्लेषणको खाँचो छ ।
- सम्पत्ती तथा स्रोत र साधन माथिको समान स्वामित्वले लैङ्गिक विभेद हटाउन सक्दछ ।
- पितृसत्ता पनि पुँजिवादलाई नै अघि बढाउने संस्था भएकोले यसको पुनर्व्याख्याको खाँचो छ ।

- पुजिवादी उत्पादन प्रणालीमा पूजिपतिहरुले महिलालाई सन्तान उत्पादन गर्ने साधनका रुपमा लिने गरेको, परिवार स्तरबाटै शोषण गर्ने गरिएको, विज्ञापन र प्रचारमा महिलाहरुको शोषण गरिएको जस्ता अवस्था देखिएकोमा त्यसको अन्त्य गर्नुपर्ने कुरामा जोड दिइएको छ ।
- सम्पूर्ण अवस्थाहरु सिर्जना हुनुमा मार्क्सवादी महिलावादका अनुसार कुनै जैविकीय र शारीरिक कारण नभइ महिला र पुरुषबीच असमान, विभेदपूर्ण शक्ति सम्बन्धको अवस्थामा आर्थिक र सामाजिक रुपले महिलाहरु पछि परेका छन् । त्यस्तै हरेक निर्णय प्रकिया , प्रजनन अधिकार तथा सम्पत्ति र स्वतन्त्रताका कुराहरु, महिलाहरुले पुरुष सरह प्राप्त गर्नका लागि शक्ति सम्बन्धको विवेचना गर्दै साधन र स्रोत तथा व्यक्तिगत सम्पत्तिमाथि रहेको असमानतालाई नहटाई समाजमा लैङ्गिक असमानता हट्न सक्दैन ।
- केही विद्वानहरुले मार्क्सवादी महिलावादको आलोचना गर्दै बढी आर्थिक पक्षलाई उजागर गरे पनि सामाजिक, साँस्कृतिक पक्षलाई उजागर गर्न नसकेको आरोप लगाउँछन् । समाजमा व्यक्तिगत सम्पत्तीको अन्त्य नगरी लैङ्गिक विभेदलाई फरक पार्ने भएकोले सामाजिक तौर तरिकाबाट विभेदको जरो खोज्नु पर्ने धारणा छ (Ritzer, 1996) ।

### २.१.९ आमूल परिवर्तनकारी महिलावाद

लैङ्गिक असमानता र महिलामाथि हुने पुरुषको शोषणबारे व्याख्या गर्ने आमूल परिवर्तनकारी महिलावाद सन् १९७० को दशकमा विकास भएको देखिन्छ । यो सिद्धान्तले पनि मार्क्सवादी महिलावादको मुद्धासँग मिल्दो धारणा अगाडि ल्याएको पाइन्छ । आमूल परिवर्तनकारी महिलावादीहरुका अनुसार समाजमा पितृसत्ता र यसले सिर्जना गरेको “शक्ति सम्बन्ध”, मान्यता, संगठन आदिबाट महिला विभेद र शोषण भएका छन् । पुरुष प्रधान समाजमा महिला स्वतन्त्रतामा बन्देज, विभेद, यौन शोषण जस्ता पक्ष व्यापक रहेको पाइन्छ । विश्वका सबै समाजमा भइरहेका यस्ता शोषण र दमनको अन्त्यका लागि पितृसत्तालाई पूर्णत : भत्काइनु पर्ने धारणा रहेको छ । पुरानो पितृसत्तामा अडिएको समाजको संरचनालाई परिवर्तन गर्नु पर्ने र नयाँ समाजको निर्माण गर्नुपर्ने धारणा आमूल परिवर्तनकारी महिलावादको रहेको छ । यस दृष्टिकोण

अनुसार महिलालाई मुक्ति दिनका लागि पारिवारिक अधिकार, शिक्षा, स्वास्थ्य लगायत सबैखाले अवसरमा वृद्धि गरिनु पर्ने, महिलाप्रतिका नकारात्मक दृष्टिकोणमा परिवर्तन गर्नु पर्दछ । महिलालाई सन्तान उत्पादन गर्ने साधनका रुपमा मात्र लिईनु हुँदैन । आमूल महिलावादीहरु मध्ये केहीले महिलाहरु पुरुषबाट मुक्त हुनका लागि समलिङ्गि विवाहको समेत विकल्प प्रस्तुत गरेको देखिन्छ । महिलालाई शोषण र दमनबाट मुक्तिका लागि महिला केन्द्रित कार्यक्रमको आवश्यकता ठान्दछ ।

क्रान्तिकारी महिलावादले महिलाहरुको उत्पीडन र महिलामाथि हुने दमनलाई पुँजिवादी उत्पादन प्रणालीसँग सिर्जित पितृसत्ता हो भन्दछन् उनीहरुका अनुसार आधुनिक समाज र यसका कानुन, धर्म, राजनैतिक कला जस्ता कुराहरु महिलामाथि पुरुष वर्चस्वका परिणामहरु हुन् । यी सामाजिक विशेषता पितृसत्ताका चरित्र हुन् । यसका पक्षधरहरुको मान्यता यो छ कि महिलामाथि उत्पीडन गर्ने पितृसत्ता पुँजीवादी प्रणालीभन्दा पृथक ढंगले विकास भएको असमानताको प्रणाली हो । जुन पितृसत्ताले महिलाहरुको यौन श्रममाथि पुरुषको एकलौटि नियन्त्रण, तजविज, हैकम चलाउने चलन हुँदै अस्तित्वमा आएको हो । नारीहरुको पराधिनता पुँजिवादी विकासको परिणाम नभइ पुरुषसत्ता हो भन्ने रहेको पाइन्छ ।

महिला उत्पीडनको समस्याबाट मुक्ति पाउने सबैभन्दा उत्तम उपाय भनेको महिला दमन र उत्पीडनलाई पुजीवाद र पितृसत्ताको उपजको रुपमा व्याख्या गर्नु पर्दछ । पुरुष दासत्वको बन्धनबाट हुने महिला मुक्ति आन्दोलनलाई अधिकारको रुपमा लिनु पर्दछ । महिला दमन उन्मूलन गर्नु भनेको पुरुषको हैकमवादको अन्त्य गर्नु हो ।

आमूल परिवर्तनकारी महिलावादीहरुका आलोचकहरुले आमूल महिलावाद बढी आक्रामक भएको दावी गर्दछन् । वर्तमान संरचनामा महिला मुक्तिको लागि सम्भावना नदेखेको, लैङ्गिक सम्बन्धलाई बुझ्न नसकेको, सामाजिक एवम् साँस्कृतिक पक्षलाई समेट्न नसकेको जस्ता आक्षेप लगाएका छन् । यो पुरुषप्रति बढी पूर्वाग्रही रहेको मानिन्छ । पुरुषबिनाको समाजको परिकल्पना गर्दछ तर दुबै लिङ्गको आवश्यकता समान छ । त्यसैले पुरुषको शोषण र दमन हटाउनु पर्छ तर पुरुष विनाको समाज असम्भव छ । (Ritzer, 1996) । अतिरञ्जित र आश्वाभाविक विषयको उठान भन्दा बरु पुरुष र महिलाका जैविक भूमिका बाहेकका सबाल

तथा व्यवहारमा समाञ्जस्यता र सहअस्तित्व कायम गरी समाजरुपी रथ अगाडि बढाइएमा सुन्दर समाज र परिवारको परिकल्पना गर्न सकिन्छ ।

### २.१.१० समाजवादी महिलावाद

समाजवादी महिलावादीहरुले पुँजीवादी उत्पादन सम्बन्धले पुरुष कामदारको श्रमको शोषण मार्फत महिलाको पनि शोषण गर्दछ भन्दछन् । महिलालाई नाफाको अतिरिक्त र सुलभ स्रोतका रुपमा उत्पादन कार्यमा सम्लग्न गराउन सामन्ती पुँजीवादी परस्त सँस्कृति पनि त्यत्तिकै जिम्मेवार छ । महिलाहरु शृङ्गारका वस्तु, दास, विज्ञापन, पुरुष सत्तात्मक र उपभोग्य वस्तुका रुपमा परिणत हुनुमा पुँजीवादी प्रणालीले सिर्जना गरेका बाध्यात्मक स्थिति जिम्मेवार छन् । आधुनिक पुँजीवादी समाजले महिलाहरुलाई फेसनका वस्तुहरु सौन्दर्य प्रशोधन गर्ने उपभोग्य वस्तुका रुपमा स्थापित हुन विवश बनाएको छ । समाजवादी महिलावादीहरु समाजको सामाजिक र साँस्कृतिक संरचनाका कारणले यस्तो भएको हो भन्दछन् ।

समाजवादी महिलावादले लैङ्गिक दमनलाई बुझ्नका लागि सामाजिक कारक तत्त्वको खोजीलाई जोड दिँदै महिलाप्रतिको विभेद, पुरुष र महिला स्वयमबाट भएको ठान्दछ, जसका पछाडि पितृसत्तात्मक सामाजिक ढाँचाको ठूलो भूमिका छ । सामाजिक व्यवस्था भित्रका विभेदको अन्त्यका लागि महिला पुरुष बीचका समानताको आवश्यकतालाई पहिचान गर्दै त्यस भित्रका अन्य कारक तत्त्वका विरुद्धमा सशक्तिकरणको प्रकियालाई जोड दिइन्छ । समाजका प्रत्येक तहमा महिलाहरु पुरुषकै अधिनमा रहन्छन् जसका कारण लैङ्गिक आधारमा श्रम विभाजन र त्यस अनुरुपको सामाजिक साँस्कृतिक व्यवहार मान्यतालाई विश्लेषण गरिनुपर्दछ । Jaggar D mith Hartmann, Hartsock, Bartsky जस्ता समाजवादी महिलावादीहरुको यसै विश्लेषणमा ठूलो योगदान रहेको छ (आचार्य, २०६७)

समाजवादी महिलावादीहरु समाजमा रहेको सबै प्रकारका अन्यायको पहिचानमा जोड दिँदै सबै प्रकारका दमन र अत्याचारलाई बढावा दिने सल्लाह दिन्छन् । यसमा खासगरी व्यक्तिगत स्वतन्त्रतलाई जोड दिइन्छ । सामाजिक असमानता र लैङ्गिक असमानताको कारक तत्त्वका रुपमा जटिल सामाजिक व्यवस्थालाई जिम्मेवार ठानिन्छ । त्यस्तै उत्पादन व्यवस्थाको पुर्नसंरचनाबाट सामाजिक समानता कायम गर्न सकिने धारणा राख्दै पितृसत्ता मात्रै लैङ्गिक

विभेदको कारक पक्ष नभइ प्राचिन समाजमा पनि असमानताहरु थिए जुनबेला नीजि सम्पत्तीको अवधारणा विकास भएको थिएन भन्ने मार्क्सवादी विश्लेषणभन्दा फरक तरिकाले विश्लेषण गर्न खोजेको छ (Ritzer, Geoge 1996)।

जटकिन लगायतका समकालीन समाजवादी महिलावादीहरुले वर्ग मात्र महिला दमनको कारण तत्त्व नभइ पुँजीवादी उत्पादन व्यवस्थाका उत्पादन कार्यमा महिलाको प्रभुत्व कम हुनु जस्ता अन्य सामाजिक कारकको खोजीलाई जोड दिएका छन् । समाजका सबै तहमा रहेका संस्थाहरुमा रहन सक्ने शक्ति सम्बन्धको व्याख्यालाई समेत जोड दिएका छन् । समाजको संरचनागत अवस्था त्यसमा रहेका बाधा अड्चन र असमानताहरु भित्र लैङ्गिक विभेद र असमानता खोज्नुपर्ने धारणा राखिएको छ ।

सामाजिक महिलावादीहरु महिलाको भूमिकाको व्याख्या गर्दा लिङ्गका आधारमा रहेको श्रम विभाजनको अवस्थाको विश्लेषण साथै सामाजिकीकरण तथा पुनर्उत्पादन भूमिका र अवस्थाका बारेमा पनि विश्लेषण गर्ने धारणा राख्दछन् । प्रत्येक समाजमा रहेका यौनव्यावहारमा महिला के कसरी र किन प्रभावित छन् भन्ने व्याख्या र बुझाइ पनि महत्त्वको हुने हुँदा महिलाहरु जो पुरुषबाट बढी सताइन्छन् त्यसमा यौन व्यावहार पनि महत्त्वपूर्ण हुन्छ, जसलाई अध्ययनमा जोड दिनुपर्दछ । महिलालाई असमान ज्याला दिइएको छ, बढी समय काम गर्छन्, कमसल र कम उत्पादनशिल कार्यमा उनीहरु सम्लग्न छन्, जुन व्याख्या समुदाय सापेक्ष गरिनु आवश्यक छ (Ritzer, 1996)।

समाजवादी महिलावादी व्याख्यामा समाजको यथार्थतामा बसेर लैङ्गिक भूमिका र अवस्थाका बारेमा प्रकाश पार्न खोजिएको छ । सम्पूर्ण सामाजिक व्यवस्था भित्रको यथार्थ जटिलता भित्रै बसेर मात्र लैङ्गिक विश्लेषण गर्न सकेमामात्र महिलाका यावत पक्षका बारेमा वास्तविक बुझाइ हुन सक्छ भन्ने मान्यता रहेको छ ।

### २.१.११ नेपालको सन्दर्भमा नारीवादी आन्दोलन

बौद्धिककालमा नारी अत्यन्त सम्मानित थिए । नारी विराङ्गना र विदुषी भएकै कारण सम्मानित थिए । कुन्ति अहिल्या, मन्दोदरी, दौपदी पवित्र नारीहरु थिए । त्यसबेला शिक्षामा भेदभाव थिएन । नेपाल र अंग्रेज बीचको नाला पनिको युद्धमा नेपाली नारीले ठूलो पराक्रम

देखाएका थिए । त्यस्तै राणा हटाउ आन्दोलन २००७ सालको परिवर्तनमा पनि नेपाली महिलाले सकृय योगदान पुऱ्याएका थिए ।

नेपालमा महिला आन्दोलनको संस्थागत विकासको क्रममा सन् १९१७ मा "महिला समिति" का नामले महिला संगठित भएर नेतृत्व योगमाया कोइरालाको थियो । त्यसको २ दशक पछि सन् १९४७ मा रेवन्त कुमारी आचार्यको नेतृत्वमा जयनगरमा आदर्श महिला समाजको गठन भयो । वि.सं. २००४ सालमा मगंलादेवी सिंहको अध्यक्षतामा काठमाडौँमा नेपाल महिला संघको गठन भयो । वि.सं. २००६ सालमा रक्सौलमा तारादेवी शर्मा र काठमाडौँमा पुण्यप्रभादेवीले अखिल नेपाल महिला संघ स्थापना गरे । यी संस्थाले नारी हितका लागि धेरै काम गरे ।

निरंकुश राणा शासनको विरोध गर्ने क्रममा भोजपुर मजुवा बेसीकी योगमाया न्यौपानेले आध्यात्मिक धाराबाट राणा शाहीको विरोध गर्दै महिलाहरुको हितको निम्ति कल्याणकारी सामाजिक सुधार होस, राणाशाही अत्याचारको अन्त्य होस, पुरोहितवादको अमानवीय चलनको खारेजी जस्ता २६८ वटा मागहरु अधि सार्दै राणा शाहीको विरोध गरिन् । योगमायाले सत्यधर्म भिक्षाको नाममा तत्कालिन सरकारलाई २६९ वटा माग सहितको विन्ती पत्र चढाए पनि वेवास्ता गरियो । उनका मागहरु समाज सुधार र सामाजिक न्यायको पक्षमा, महिला विधवाको अधिकारको पक्षमा, सामाजिक विसङ्गति/विकृतिका रुपमा रहेका प्रचलन एवम् अन्धविश्वास, घुसखोरीको विरुद्धमा, वनजंगल र चरनको सुरक्षाको सम्बन्धमा, जातपात र छुवाछुत, सानो ठूलो, माना-पाथीको र चर्को व्याज आदिको नियन्त्रणका सम्बन्धमा केन्द्रित थिए । यी मागहरुको कार्यान्वयन पक्षको कुनै सङ्केत नपाएपछि वि.सं. १९९५ मङ्सिरको पूर्णिमाको दिन मजुवामा ठूलो यज्ञको तयारी गरियो । उक्त यज्ञमा योगमाया र उनका २६८ अनुयायीहरुले अग्नी प्रवेश गरी प्राण त्याग्ने निर्णय गरे तर सरकारले उक्त यज्ञ रोक्ने आदेश दियो । आदेशमा भनिएको थियो भक्ति भनाउदालाई पार्टीमा राखी कैद परेको भनी सुनाइदिनु र अरुलाई धनकुटा जेलमा थुन्नु । यसरी नेपालको महिला आन्दोलनमा पहिलो जेल पर्ने महिला योगमाया न्यौपाने हुन । सत्य धर्म भिक्षाको वदलामा जेलनेल भोग्नु परेपछि योगमायाले झनै अन्याय अत्याचार बढेको महसुस गरी धर्म रक्षा नहुने देख्न थालिन् । जुन राज्यमा धर्म, न्याय र आफूले केही गर्न पाइदैन भने पनि सरकारलाई चेतना हुनुपर्छ । आफू पछिका सन्ततिले धर्म र न्याय पाउँछन् भन्ने

योगमायालाई लाग्यो । त्यसैले उनी र उनका अनुयायीहरुले वि.सं. १९९८ साल असार ३१ गते शनिवार बिहान उज्यालो नहुँदै हरिशयनी एकादशीका दिन अरुण नदिको उर्लदो भेलमा हाम फाली देह त्याग गरेका थिए (तुम्बाहाङ्फे, २०५९) ।

नेपालको महिला आन्दोलनलाई विशेष गरी तीन चरणमा विभाजन गरेर हेर्न सकिन्छ ।

**क) दलविहिन पञ्चायती व्यवस्था पूर्व (सन् १९६० सम्म)**

नेपालको महिला आन्दोलनको संस्थागत विकास गर्ने प्रयास स्वरुप २००४ सालमा काठमाडौमा मंगलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला संघको गठन भयो । यसको प्रमुख लक्ष्य सामाजिक र राजनीतिक रुपमा महिलामा चेतना ल्याउनु थियो । त्यसपछि २००४ सालमा काठमाडौमा रेवन्तकुमारी र मगलादेवी दुबैको संयुक्त रुपमा नेपाल महिला संघको गठन भयो । यी दुबैका संगठनले राणा शासन विरुद्ध दवाव दिने, बाल विवाह र महिलामा भएको अशिक्षाका विरुद्ध दवाव दिने कार्य गरे । यसको साथै नेपाल महिला संघले मताधिकार प्राप्त गर्न सफल भयो । यसपछि विभिन्न संगठनहरु खोले जसले महिलाको चेतनाको विकास गराउन, साना घरेलु उद्योगको स्थापना गर्ने, वहुविवाहको विरोध र बालविवाहको बारेमा चेतना जगाउने जस्ता कार्य गरे ।

**ख) पञ्चायति व्यवस्था काल अवधि (सन् १९६० देखि १९९०)**

पञ्चायती व्यवस्था स्थापना भएपछि यस अघिका जति पनि क्रियाशिल राजनीतिक संगठनलाई प्रतिबन्ध लगाइयो कतिपय संगठन भूमिगत हुन पुगे, पञ्चायत कालमा विभिन्न जनवर्गीय संगठन बनाउने क्रममा महिला संगठनको रुपमा नेपाल महिला संगठनको गठन भयो । यसको प्रथम अध्यक्ष विमला मास्के थिइन् । यस संगठनको प्रमुख लक्ष्य महिला सुरक्षा, महिला साक्षरता आयआर्जन एवम् कानुनी सल्लाह दिनु थियो । यसै संगठनको अध्यक्षतामा संयुक्त राष्ट्रसंघको प्रशान्त तथा एसिया महासागरीय क्षत्रीय भेलाको सम्मेलन नेपालमा प्रथम पटक भयो । यसको भूमिका बढी प्रभावकारी बनेर गयो । सन् १९७५ मा संयुक्त राष्ट्रसङ्घले महिला दशकका रुपमा मनाउने निर्णय गरेपछि नेपालमा पनि मनाइयो । त्यसपछि महिलाको लागि विशेष कार्यक्रमहरु सञ्चालित हुन लागे । यस समयमा तत्कालिन रानी ऐश्वर्या राज्य लक्ष्मी देवी शाहको प्रमुख आतिथ्यबाट नेपाली महिलाको कानुनी अवस्थामा केही सुधार पनि आए । सन् १९७७ मा नारी सेवा समितिको गठन पछि महिलाहरुका सबै संगठनलाई एउटै

छातामुनि राख्ने प्रयास गरियो । सन् १९८२ मा पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको मातहतमा महिला विकास शाखाहरुको स्थापना गरियो । सन् १९८७ मा महिला विकास शाखा, श्रम तथा समाज कल्याण मन्त्रालय स्थापना गरियो ।

**ग) पञ्चायती व्यवस्था पछिको समयदेखि वर्तमानसम्म (सन् १९९० पछि वर्तमानसम्म)**

नेपालमा सम्पन्न ऐतिहासिक जनआन्दोलनको सफलता पछि बहुदलीय व्यवस्थाको स्थापना र लगत्तै अन्तरिम सरकारको गठन भयो । त्यसपछिको नेपालमा खुल्ला वातावरण भइसकेपछि महिलाको हक हितको लागि विभिन्न सरकारी तथा गैह्र सरकारी संस्थाहरु खोलिएका छन् भने अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरुले ठूलोमात्रामा पैसाको खोलो बगाए तापनि यसबाट सिमित महिलाले मात्र फाइदा लिए भने आम नेपाली महिला शोषित पिडीत देखिन्छन् । महिलाको स्थितिमा पनि खासै सुधार आउन सकेको छैन् । नेपाली गैह्र सरकारी संस्थाहरुले केही मात्र महिलालाई सशक्तिकरण गर्न कार्यक्रमहरु ल्याए पनि सम्पूर्ण महिलालाई समेट्न सकेको छैन् ।

# अध्याय तीन

## अनुसन्धान विधि

यस अध्यायमा शोध पत्र तयार गर्नको लागि कुन–कुन विधि अपनाउने भन्ने बारे व्याख्या गरिएको छ । अध्ययनको क्षेत्र छनौटको बारेमा प्रष्ट पारिनुका साथै अनुसन्धान ढाँचा अध्ययनको सीमा जस्ता विषयलाई समावेश गरिएको छ ।

यस अध्यायमा बाजुङ गाउँका दलित जातिका महिलाहरूको शैक्षिक अवस्था अध्ययन तथा अनुसन्धान विधिको बारेमा वर्णन गरिएको छ । यस अनुसन्धानको लागि निम्न अनुसन्धानका विधिहरूका माध्यमबाट आवश्यक तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

यस अध्ययनको क्षेत्र अन्तर्गत धवलागिरि अञ्चल पर्वत जिल्लाको बाजुङ गाउँलाई लिइएको छ । यो गा.वि.स.मा ब्राह्मण, क्षत्री, ठकुरी, गुरुङ, मगर, वि.क., परियार, सार्की, सन्यासी जाति बसोबास गर्दछन् । यस अध्ययनमा दलित जातिका महिलाहरूको शिक्षाको अवस्था के कस्तो छ त्यो कुरा जान्ने उत्सुकता हुनाका साथै ती जातिका महिलाहरूको दैनिक जीवनमा शिक्षाको अभाव कसरी खड्क राखेको छ भन्ने बारे अध्ययन गर्नको लागि यो क्षेत्रको छनौट आधारहरु यसप्रकार छन् ।

(क) यस गाउँमा बसोबास गरिरहेका दलित महिलाको शिक्षाको बारेमा यस अघि कुनै अध्ययन अनुसन्धान नहुनु ।

(ख) यहाँ बसोबास गर्ने जातिहरूमध्ये दलित महिलाहरूको शैक्षिक स्थिति कमजोर देखिनु ।

(ग) दलित महिलामा शिक्षाको चेतनाको स्तर र मनोभावना बुझ्नु ।

### ३.२ अनुसन्धानका ढाँचा

कुनैपनि अनुसन्धान कार्यमा अनुसन्धान पद्धतिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । अनुसन्धानमा उपयुक्त विधि अध्ययनलाई अगाडि बढाइएको हुन्छ । अनुसन्धानको विश्वासनीयता र प्रभावकारिता कति छ भन्नका लागि त्यो अनुसन्धान कति व्यवस्थित विधिबाट

गरिन्छ र त्यो विधि लक्षित उद्देश्य हासिल गर्न कति सार्थक रहन्छ भन्ने कुरामा भर पर्दछ । एउटा वैज्ञानिक अनुसन्धानका लागि खास किसिमको अनुसन्धान विधिको प्रयोगबाट वास्तविक गहिराइ पत्ता लगाउन सकिन्छ । सबै खालको अनुसन्धानमा एउटै प्रकारको विधि अपनाइँदैन । घटनाको प्रकृति हेरेर विधिको छनौट गरिन्छ । त्यही विधि अवलम्बन गरी घटना तथा समस्याको गहिराइसम्म पुगेर त्यसको सत्य तथ्य पत्ता लगाउन सकिन्छ किनकी अनुसन्धानबाट समस्याको सही कारण पत्तालागेमा त्यसको समाधानमा सम्भाव्य विकल्पहरू खोजी गर्न सजिलो हुन्छ ।

दलित महिलाको शैक्षिक अवस्था अध्ययन गर्नका लागि प्रस्तुत अनुसन्धान विश्लेषणात्मक तथा वर्णनात्मक स्वरूपको छ । सो सम्बन्धित क्षेत्रका दलित महिलाहरूको बारेमा यो भन्दा अगाडि अध्ययन नगरिएकाले यो अध्ययन समग्रमा आर्थिक, सामाजिक, शिक्षा, स्वास्थ्य, पेशा, परिवार, विवाह, भू-भाग लगायतका अन्य विविध पक्षहरूलाई समेट्न पर्ने भएकाले अनुसन्धानका विभिन्न पद्धतिलाई अंगिकार गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत एवं प्रकृति

यस अध्ययनमा समेटिएका तथ्याङ्कको प्रकृति गुणात्मक र सङ्ख्यात्मक ढाँचाका रहेका छन् भने तथ्याङ्कहरू प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलनका निम्ति मुख्य गरेर अन्तर्वार्ता, अनुसूची, व्यक्तिगत अध्ययन र अवलोकन पद्धति अपनाइएको छ । द्वितीय तथ्याङ्क सङ्कलन गर्न अन्य पूर्व प्रकाशित पुस्तक पत्रपत्रिका आदिको सहायता लिइएको छ ।

## ३.४ नमुना छनौट

नमुना छनौट गर्दा नमुनाको आकारलाई निकै ध्यान दिनुपर्ने हुन्छ । सानो आकारको नमुनाले समग्रताको प्रतिनिधित्व हुन नसक्ने अवस्था एकातिर रहन जान्छ भने अर्कोतिर प्रतिनिधिमूलक नमुना छनौट हुन नसकेमा नमुनाको ठूलो आकारको कुनै महत्त्व रहदैन । तसर्थ नमुना छनौट गर्दा नमुनाबाट आफूले लिन खोजेको तथ्याङ्क प्राप्त हुन सकोस् भन्ने कुरालाई

मध्य नजर गर्दै जम्मा १७८ घरधुरी मध्ये ६० वटा घर व्यवस्थित नमुना छनौटबाट लिइएको थियो । यस विधि सूचना लिन बढी सरल हुने र मितव्ययी हुने हुँदा प्रयोगमा ल्याइएको हो ।

## ३.५ तथ्याङ्क सङ्कलनका विधिहरु

कुनै पनि अध्ययन अनुसन्धान गर्दा तथ्याङ्कको बढी आवश्यकता पर्दछ । तथ्याङ्क विना अध्ययन कर्ताले सफलता हात पार्न सक्दैन, तसर्थ अध्ययनको उत्कृष्ट परिणामका लागि त्यस अध्ययनमा अपनाइएको तथ्याङ्क सङ्कलन विधिमा निर्भर गर्दछ । साथै आवश्यकता अनुसार ठीक तथ्याङ्क सङ्कलन गर्नको लागि सही तथ्याङ्क विधिको छनौट अति आवश्यक पर्दछ । तसर्थ यस विषयको अध्ययनका लागि आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा बसोबास गरिरहेका त्यहाँका बासिन्दाहरूसँग आत्मीयता तथा विश्वासपूर्ण वातावरणमा सम्बन्ध कायम राखी अध्ययनलाई अगाडि बढाउने प्रयास गरिएको छ । तथ्याङ्क सङ्कलनको लागि यस अध्ययनमा अनुसूची, अन्तर्वार्ता, व्यक्तिगत अध्ययन र अवलोकन जस्ता विधि प्रयोग गरिएको छ ।

**क) अन्तर्वार्ता अनुसूची**

यस अध्ययन विधिमा अन्तर्वार्ताको महत्वलाई दृष्टिगत गरी दलित जातिका महिलाको सामाजिक आर्थिक र शैक्षिक अवस्थासँग सम्बन्धित तथ्याङ्कहरू सङ्कलन गर्न यो पद्धति अपनाइएको छ । शिक्षा क्षेत्रमा दलित जातिका महिलाको स्थिति पहिले र अहिलेमा कस्तो परिवर्तन आएको छ भन्ने कुरा बुझ्न स्थानीय दलित महिलाहरूसँग अन्तरर्वार्ता लिइएको छ ।

**ख) व्यक्तिगत अध्ययन**

व्यक्तिगत अध्ययन गर्नुको उद्देश्य पनि समग्रमा मूल उद्देश्यलाई अझ छर्लङ्ग र प्रष्ट पार्नको लागि हुन्छ । यस अध्ययनमा दलितहरुको शैक्षिक अवस्था र वास्तविकताको खोजी गर्ने प्रयास गरिएको छ । यस अध्ययनमा विश्वकर्मा, सार्की, तथा परियार थरका महिलाहरूको छुट्टाछुट्टै रुपमा वैयक्तिक अध्ययन गरिएको छ ।

**ग) अवलोकन**

अध्ययनकर्ताले आफूलाई चाहिने आवश्यक तथ्याङ्कहरू व्यक्ति स्वयं नै अध्ययन क्षेत्रमा गइ आफ्नै कानले सुनेर, देखेर महसुस गरेर, तथ्याङ्क सङ्कलन गर्ने विधिलाई सहभागी अवलोकन विधि भनिन्छ । यसै सहभागि अवलोकन विधिबाट बाजुङ गाउँमा बसोबास गर्ने

दलित समुदायको सामाजिक अवस्था, पोशाक र खानपानको बारेमा सूचना सङ्कलन गर्नका लागि यस विधिलाई प्रयोगमा ल्याइएको छ । यस प्रकारको तथ्याङ्क सङ्कलन विधिबाट बढि भरपर्दो, सही र औचित्यपूर्ण सत्य तथ्यपूर्ण ज्ञान प्राप्त गर्न सकिने विश्वास गरिएको छ । किनभने अध्ययन कर्ताले आफूले देखेका सुनेका तथा अनुभव गरेका कुराहरूको आधारमा तथ्याङ्क सङ्कलन गर्दछन् ।

**घ) मुख्य : सूचनादाता अन्तर्वार्ता**

आवश्यक सूचना सङ्कलनको लागि वडा, टोलका अगुवा प्रतिनिधि, वुद्धिजीविहरुबाट दश जनालाई मुख्य सूचनादाता मानि उनीहरुसँग अन्तर्वार्ता विधिको प्रयोग गरी सूचना सङ्कलन गरिएको थियो । यो अन्तर्वार्ता मूलत : असंरक्षित प्रकृतिको छ । यी तथ्याङ्कहरुले अन्तर्वार्ताबाट आउन नसकेको कुराहरु ल्याई सङ्कलित तथ्यहरुलाई अझै जोडदार बनाउने लक्ष्य राखी यसलाई महत्त्वका साथ प्रयोग गरिएको छ ।

## ३.६ साधनको वैधता

अनुसन्धानका क्रममा निर्माण गरिएका सामग्रीहरू र उद्देश्यहरूको पुष्टि भए नभएको आधारलाई वैधता भनिन्छ । अनुसन्धानका क्रममा लिइएको प्राथमिक, द्वितीय स्रोतहरूबाट प्राप्त सूचनाले अनुसन्धानको उद्देश्यलाई पुष्टि गर्न सकेको छ कि छैन, त्यसको स्पष्टताको लागि अपनाइएको अनुसन्धान प्रक्रिया उद्देश्यपूर्ण भएमा अनुसन्धानका अधिनमा भएको वैधता मानिन्छ । यस शोधपत्रमा गुणात्मक शैलिमा समस्याको समाधान गर्नका लागि तथ्याङ्क सङ्कलनका तोकिएमा साधनहरू प्रयोग गरिएको छ । उक्त साधनहरू शोधकर्ता आफै उपस्थित भई सङ्कलन गर्ने हुनाले र द्वितीय तथ्याङ्कको साधनहरू पनि सकेसम्म प्रमाणित र प्रमाणीकरणका आधारमा लिइने हुनाले तथ्यगत सूचनाहरू प्राप्त गरिएको छ । यदि पूर्वाग्रह र विभिन्न संकोचका बाबजुद पनि साधनहरूबाट आएको तथ्य सूचनालाई व्याख्या गरी समस्या समाधान गर्ने क्रममा तिनीहरूमा भएको वैधतालाई स्पष्ट गर्नको लागि सकेसम्म गल्तिहरूलाई न्यूनीकरण गरी समस्यालाई स्पष्ट पारिएको छ । अनुसन्धान कार्यमा प्रयोगमा आएको समाधानको र समस्याको वास्तविकतालाई तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण खण्डमा आवश्यकता अनुसार त्रिकोणात्मक सम्बन्ध स्थापित गरि स्पष्ट पारिएको छ ।

## ३.७ तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

कुनै पनि अध्ययन अनुसन्धानको सफलताको मापदण्ड प्राप्त तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्दछ । तसर्थ बाजुङ गाउँमा बसोबास गर्ने दलित महिलाको शैक्षिक, सामाजिक, आर्थिक आदि विभिन्न पक्षको अध्ययनको लागि संकलित तथ्यहरूको प्रकृति अनुसार वर्गीकरण गरी विश्लेषण गरिएको छ । तथ्यहरूको प्रकृति हेरेर गुणात्मक तथ्यहरूलाई आवश्यक मात्रामा तथ्यपरक बनाइ विश्लेषण र वर्णन गरिएको छ । सङ्ख्यात्मक तथ्यलाई बोधगम्य तरिकाले तालिकीकरण, स्तम्भ चित्र र वृत्तचित्रद्वारा स्पष्ट पारिएको छ । आवश्यकता अनुसार तथ्याङ्कहरूको व्याख्या र विश्लेषण गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ अध्ययन क्षेत्रको सामाजिक स्थिति

पर्वत जिल्ला नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको मध्यपहाडी जिल्ला हो । यो जिल्ला भौगोलिक विविधताले भरिएको एक रमणीय जिल्लाको रुपमा पनि चिनिन्छ । यो जिल्लालाई शास्त्रीय प्रमाणको आधारमा, जगतमाता पार्वतीको जन्मस्थान हालको पाङ गा.वि.स भएको भन्ने प्रमाणको आधारमा यस जिल्लाको नाम पर्वत भएको पाइन्छ ।

पर्वत जिल्लाको ५५ वटा गा.वि.स मध्ये सदरमुकाम कुस्माबाट करिव ५ कोष उत्तरमा अवस्थित यस बाजुङ गाँउ विकास समिति २८ डी १५मी ४० से देखि २८डी १७ मी ४३ से सम्मको उतरी अक्षांश र ८३ डी ४१मी ३० से देखि ८३डी ४४ मी २४से पूर्वी देशान्तर सम्म फैलिएर रहेको छ ।

बाजुङ गाउँ विकास समितिको वडा नं. १ र २ हुँदै पोखरा बाग्लुङ लोकमार्ग निर्माण भए तापनि मुख्य भागमा पातिचौर देखि कालीमाटीसम्म करिब १६ कि.मि. दुर्लुङदेखि बाजुङ क्याङ मोटरबाटो करिब १० कि.मि. भ्यापलेदेखि बाउसेसम्म करिब ३ कि.मि. लगायत करिब ३० कि.मि. कच्ची मोटरबाटो निर्माण भएबाट यस गा.वि.स. मा हिउँदमा मात्रै भए पनि निर्माण भएका कच्ची मोटरबाटोमा यातायातका साधन चन्दछन् ।

यो गा.वि.स. अत्यन्त मिलेको भू-वनोट भएकाले वडा नं. १ र २ बाहेक अन्य ७ वटै वडाहरुको बस्ती एक अर्कोसँग जोडिन पुगेको छ, जसको कारणबाट एउटा वडाबाट अर्को वडामा जान बढिमा ५देखि १० मिनेट भन्दा बढी लाग्दैन ।

गा.वि.स.मा रहेको धार्मिक स्थल भुमेस्थान, शिव मन्दिर,गोरखनाथ मन्दिर, ॐकारेश्वर शिव मन्दिर, चण्डिथान, देवीथान र मनकामना मन्दिरमा हुने धार्मिक तथा ऐतिहासिक पर्व, पूजा तथा मेला, जात्रा र यस गा.वि.स. बाट देखिने मनोरम माछापुच्छ्रे, अन्नपूर्ण तथा धौलागिरी हिमालको दृश्यावलोकन गर्न सकिन्छ ।

यस गा.वि.स.लाई सानाखोला, डाँडा र वनपाँखाले तिन भागमा छुट्याएको छ । एक भागबाट अर्को भागमा पुग्न बीचको दुरी बढीमा पश्चिम मिनेट लाग्छ । यहाँको बासिन्दाको

बसोबास पनि जातिगत आधारमा आठ भागमा बाड्न सकिन्छ । यस गा.वि.स. मा बाह्मण, क्षेत्री, ठकुरी, मगर, गुरुङ्ग, कामी, दमाइ र सार्की जातिको मुख्य बसोबास रहेको छ । सबै जाति मध्ये बाह्मण, क्षेत्री जातिको बाहुल्यता रहेको छ भने धार्मिक हिसाबबाट हेर्दा हिन्दु धर्मावलम्बीको बाहुल्यता रहेको छ । भाषागत आधारमा नेपाली भाषीहरुको बाहुल्यता रहेको छ ।

यस गा.वि.स. को भौगोलिक बनोट होस् वा हावापानीको हिसाबले होस अत्यन्त सुन्दर रमणीय, दक्षिण पूर्वतर्फ फर्केको पाहारिलो उब्जाउ भूमिको कारणले होस् वा सूर्यको पहिलो किरणलाई स्वागत गर्ने माछापुच्छ्रे, अन्नपूर्ण र धौलागिरी हिमालसँग लुकामारी खेल्ने यो पर्वतकी रानी बाजुङमा पाइला टेकेपछि गाउँ छाड्न मन हुँदैन । धेरै वर्ष पहिले मानिसहरु उपयुक्त जमिनको खोजी गर्दै आउने क्रममा यो रमणीय र सुरम्य भूमि बाजुङमा आइपुगेको मानिन्छ । पहिले यस ठाउँमा भुरे टाकुरे शासक आएर दरवारको चुलिमा नौ कुने दरबार वनाई मैदानमा सैनिक व्यारेक स्थापना गरी वस्न थालेछन् । उक्त स्थान हाल वडा नं. ९ मा अवस्थित छ । ति भुरे टाकुरे राजा को थिए भन्ने प्रष्ट पाइदैन जुन किम्बदन्तीमा उल्लेख भएको छ तर पनि दरवारको चुली, मुसिरानी र रानी पँधेरोको नाम कायम रहेबाट र दरबारको भग्नावशेष हालसम्म कायमै रहेबाट पहिले बाजुङ पर्वतको राजधानी भएको प्रमाण मिल्दछ ।

नाम अझै सम्झाउने रानी पधँरो त छ दरबारको छेउकुना अहिले बन बुटो छ” स्वर्गीय कवि श्यामानन्द पौडेलको बाजुङ लहरी कविताबाट उधृत गरिएको कविताको श्लोकबाट पनि बाजुङ पर्वतको पुरानो राजधानी थियो भन्ने कुरालाई पुष्टि गर्दछ । बाजुङमा पहिले कर्णाली प्रदेशको भवराकोटबाट भुँवाजीहरु आए (भँवराकोटबाट आएकाले भुँवाजी भनिएको) त्यसपछि पौडेल भन्ने स्थानबाट पौडी आएर बान्थोक (बाउनथोक) भन्ने स्थानमा बसोबास गरे, जुन स्थान हाल वडा नं. ९ मा पर्दछ । म्याग्दीको राखुबाट सुवेदी आई वडा नं. ४ को चौरमा बसोबास गर्न थाले । मल्लहरु गोरखाबाट आइ बर्देघर कोटमुनि बस्नथाले । प्रसाइहरु चैनपुरबाट आइ कोटमुनि बस्न थाले, अधिकारीहरु अन्य स्थानबाट आइ धमिलापानीमा बसोबास गर्न थाले । यसरी यस गा.वि.स. मा धमाधम मानिसको बसोबास वृद्धि भएको कुरा सम्बन्धित जातजातिका बुढापाकाबाट ज्ञात हुन्छ । यसरी यस गा.वि.स.मा मानवको बसोबास पुरानो भएको अनुमान गर्ने गरिन्छ । यस गा.वि.स.मा भएको खेतीयोग्य भू-भागका कारण छिमेकी

गा.वि.स. बाट पशुपालन तथा खेतीपातीको लागि बसाइ सरी बसोबास गरेको पाइन्छ, जसलाई यस गा.वि.स. मा बसोबास गर्ने बाह्मण, क्षेत्री, ठकुरी, मगर, गुरुङ्ग, कामी, दमाई तथा सार्की जातिका आफ्ना दाजुभाइ छिमेकी गा.वि.स. मा भएको तथ्यबाट पुष्टि गर्दछ । कामी, दमाइ तथा सार्की जातिहरु कामको खोजीमा परम्परागत रुपमा गर्ने पेशा गर्नको लागि अन्यत्र गा.वि.स. बाट आएको पाइन्छ । त्यसैले यस गा.वि.स.को बसोबास मुख्य रुपमानै पशुपालन तथा कृषिको कारणबाट नै भएको पाइन्छ ।

"देउपुरका जस्तो खेती र पाती, बाजुङको जस्तो गाउँ उराठ लाग्ने दुर्लुङको डाँडो मोहनी लाग्ने पाँङ" भन्ने प्रचलित पुरानो जनजिब्रोमा झुण्डिएको लोकगीतबाट पनि यस गा.वि.स.मा बसोबास ज्यादै पुरानो तथा रमणीय रहेको तथ्यलाई पुष्टि गर्दछ ।

धेरै पहिले यस ठाउँमा मल्ल युद्ध (कुस्ती खेल) खेलको आयोजना गरिएछ । उक्त खेलमा देशविदेशका वलवान मानिसहरुले भाग लिएछन् । धेरै दिनसम्म पनि हारजित नभएपछि जङ्गलबाट खर्सुकोबोट हातले नुगाएर भैसीलाई खुवाइरहेको हेर्दा अजङ्को भिमकाय शरीर भएको, बाघका जस्ता पातला र जर्रा जुँगा भएको मानिसलाई लड्न लगाइएछ । उक्त मानिसले सबैलाई युद्धमा हराएछ । भेला भएका सबै दर्शकले बाघको जस्तो जुँगा भएको मानिसको जयजयकार गरेछन् र भनेछन् जीत कसको बाघजुँगेको यसरी बाघजुँगे बस्ने ठाउँ भएकाले यस गाउँको नाम बाघजुँगेबाट अपभ्रम्स भई बाजुङ रहन गएको हो भन्ने किम्बदन्ती छ ।

यस गा.वि.स. भौगोलिक रुपमा जिल्लाको सदरमुकामबाट नजिक स्थानमा पर्ने यातायातको लागि मोटरबाटो निर्माण भएको भए तापनि हिउँदमा मात्र यातायात सरल हुने साथै नियमित यातायातका साधन नचल्ने भएको कारण यहाँको उत्पादन महङ्गो भइ प्रतिस्पर्धा गर्न नसक्ने देखिएकाले उत्पादनलाई प्रोत्साहन गरे पनि प्रतिफल निम्न हुने हुँदा केबल निर्वाह मुखी पेशाको रुपमा रहेको छ । साथै अन्य गा.वि.स. तथा जिल्लाहरुमा जस्तै यस गा.वि.स. बाट पनि वैदेशिक रोजगारीमा युवाहरु उल्लेख्य रुपमा विदेश गइरहेको विदेश गएपछि छोराछोरीको शिक्षालाई आधार मानी परिवार समेत सहरी क्षेत्रमा बसाइ सर्ने प्रवृत्ति रहेको कारण गाउँमा विपन्न वर्ग, बूढाबूढी व्यक्तिहरुको बाहुल्यता रहेको छ ।

विगतमा प्रायजसोलाई जेनतेन आफ्नै उब्जनीले खान पुगेको पाइए तापनि खेत टुक्रिने र घर छुट्टिने कामले गर्दा हाल थोरै सङ्ख्या बाहेक आफ्नो उब्जनिले खान पुग्ने परिवार छैनन् ।

बाह्मण, क्षेत्री, ठकुरी, मगर, गुरुङ्ग, कामी, दमाइ सार्की जाति रहेको यस समाजमा धार्मिक सहिष्णुता र सामाजिक एकताका साथ सबै आफ्नै गुजारा नचल्ने हुनाले वैदेशिक रोजगार र अन्य मजदुरी गर्न बाध्य भएको देखिन्छ ।

दलितहरुको केही महिनासम्म आफ्नै खेतीपातीले खान पुगे पनि अधिकांशको ३/४ महिनाभन्दा पुग्ने देखिन्न । पशुपालन व्यवसायमा भैंसी, गोरु, बाख्रा, भेडा, कुखुरा पालन गरेको पाइन्छ भने विदेशमा जाने र लाहुरे बन्ने इच्छाले बीचैमा पढाइ छाडेर हिड्ने गरेको देखिन्छ ।

हाल प्रायजसो टोलमा विद्यालय खुलेका छन्, विभिन्न संघ संस्थाले उत्थानमूलक काम गरेका छन् विभिन्न समूह र सहकारीहरु क्रियाशिल छन् । तालिमहरु र भ्रमणहरु भइरहेका छन् तर भ्रमणमा अन्य जातिको तुलनामा दतिलहरु धेरै पिछडिएका छन् । अन्य जातिको खेतबारीमा काम गर्ने खेताला प्राय दलितहरु नै देखिन्छन् र विद्यालय नजिक भएर पनि अन्य जाति विद्यालय गइरहेका र दलितका बच्चाहरु खेलेर बरालिएर हिडेका देखिन्छन् । त्यसैले अन्य जातिको तुलनामा यिनीहरु पछाडि परे, अशिक्षित भए भन्ने प्रश्नको खोजी र शैक्षिक अवस्थाको वास्तविक पहिचान गर्ने र राज्यको मूल उद्देश्यमा समाहित गराउने उद्देश्यले यस गा.वि.स का दलित महिलाहरुको शिक्षामा सामाजिक आर्थिक, अवस्थाले पारेको प्रभावको बारेमा विस्तृत रुपमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

## ४.२ दलित जातिको शैक्षिक अवस्था

शिक्षा मानव जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषय हो । शिक्षा विनाको जीवनको कल्पना वर्तमान समयमा ज्यादै कष्टकर र दुखदायी हुन्छ । मानव जीवनलाई सार्थक र सरल मार्गमा बढाउन शिक्षाको ठूलो भूमिका हुन्छ । भनिन्छ “शिक्षा विनाको जीवन अन्धकारमय हुन्छ ।” नेपालको अन्तरिम संविधान २०६३ ले शिक्षालाई मौलिक हक अन्तर्गत राखेको छ । राज्यले संवैधानिक रुपमा नै शिक्षा सम्बन्धी हकलाई कायम गरेको अवस्थामा त्यो हक लागू गर्ने सम्बन्धमा पनि राज्यले विभिन्न कानुनहरुको निर्माण गरेको छ । जस्तै छात्रवृत्ति सम्बन्धी ऐन २०२१, शिक्षा ऐन २०२९, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ऐन २०४५, उच्च माध्यमिक ऐन २०४९, खेलकुद विकास ऐन २०४८, नेपाल स्काउट ऐन २०५० जस्ता कानुनहरु उल्लेख्य छन् ।

नेपालको एक चौथाइ जनसङ्ख्यामा रहेको दलित समुदायको साक्षरता दर ३३ प्रतिशत छ, त्यसमा पनि दलित महिलाको साक्षरता ११ प्रतिशत हुनुले नै दलितको शैक्षिक अवस्था कस्तो छ भनेर अनुमान गर्न सकिन्छ । जति साक्षर छन् ती प्राथमिक तह पनि पूरा नगरेका छन् । एस.एल.सी पास गर्ने ३.५ प्रतिशत, उच्च शिक्षा हासिल गर्ने ०.४ प्रतिशत दलितहरुको तथ्याङ्कमा देखिएकाले पनि शिक्षामा कहाली लाग्दो अवस्था रहेछ भनेर जान्न सकिन्छ । वि.सं. २०५८ सालमा राज्यले लिएको तथ्याङ्कमा हेर्ने हो भने कामी २६.६८, दमाई २८.९१, सार्की २५.९, चमार (राय) १०.७९, पासवान १०.८३, घोवी २१.५३, खत्वे १२.३९ वादी २१.५२, गाइने ३१.३२ र मुसहर ४.८५ प्रतिशत साक्षर छन् । यसरी हेर्दा पहाडी दलितभन्दा तराइका दलितको शिक्षाको अवस्था अझ नाजुक देखिन्छ भने मुसहर जातिको त झन कहाली लाग्दो अवस्था छ । पहाडी दलितका करिब ४३ प्रतिशत र मधेशी दलितका करिब ६६ प्रतिशत केटाकेटीहरु स्कुल जादैंनन् । एस.एल.सी. पास गर्नेको सङ्ख्या एकदमै कम छ । स्नातक पास गर्ने कूल सङ्ख्याको एक प्रतिशत पनि दलितहरु पुग्दैनन् । करिब ८० प्रतिशत बाल मृत्युदरको हिस्सा दलितको भागमा पर्दछ । समग्र बालश्रमीकमध्ये करिब ८० प्रतिशत दलित बालबालिका छन् । (NDDO, 2067)

## ४.३ पर्वत जिल्लामा शिक्षाको अवस्था

२०६५ सालमा दलित वर्ग उत्थान जिल्ला समन्वय समितिले लिएको तथ्याङ्कले जिल्लाको दलित समुदायको साक्षरता प्रतिशत ६९.११ रहेको पाइन्छ । जसमा महिला ४६ प्रतिशत र पुरुष ५४ प्रतिशत साक्षर छन् । यस जिल्लामा शैक्षिक सत्र ०६६/०६७ सम्म सामुदायिक तर्फ पूर्व प्राथमिक बालविकास केन्द्र २७५, प्राथमिक विद्यालय २३५, नि.मा.वि. ३०, मा.वि. ४४ उच्च मा.वि. २९ र क्याम्पस ५ रहेका छन् भने संस्थागत तर्फ पूर्व प्राथमिक बालविकास केन्द्र ३५, प्राथमिक विद्यालय ३२, नि्.मा.वि. ३ मा.वि. ७ गरी ३५ विद्यालयहरु रहेका छन् । जिल्ला शिक्षा कार्यालय पर्वतको शैक्षिक सत्र ०६६/६७ मा पूर्व प्राथमिक तहदेखि उच्च शिक्षासम्म अध्ययन गर्ने विद्यार्थीहरुको सङ्ख्या ५९५२८ मा छात्रा ३०५२५ र छात्र २९००० रहेका छन् । जिल्ला शिक्षा कार्यालयको तथ्याङ्क बमोजिम शै.सं २०६६ सम्म विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत २.५ रहेको छ भने कक्षा १ छोड्ने दर २४.२२ प्रतिशत

रहेको छ । यी दुबैमा अधिकांश दलित समुदायका बालबालिका पर्दछन् । आर्थिक गरिबी, पछौटेपन, अभिभावकहरुमा शैक्षिक चेतनाको कमी, विद्यालयमा दलित विद्यार्थी माथि गरिने विभिन्न खालका जातीय भेदभाव र पढेर के हुन्छ भन्ने आम मनोभावनाको कारण दलित विद्यार्थीहरु विद्यालय जान सकेका छैनन् । विद्यालय भर्ना भएका विद्यार्थीहरुक्ले पनि बीचैमा पढाइ छाड्ने प्रकृति रहेको छ । अहिले पनि यस जिल्लामा ६ वर्षदेखि १५ वर्षसम्मका विद्यालय नजाने दलित विद्यार्थी सङ्ख्या महिला ४५५ जना पुरुष ४१२ गरी ८६७ जना रहेका छन् । जुन कूल दलित जनसङ्ख्याको २.०९ प्रतिशत हो ।

## ४.४ सामाजिक तथा आर्थिक अवस्था

अध्ययनका लागि छनौट गरिएका दलित समुदायको सामाजिक तथा आर्थिक अवस्था कस्तो रहेको छ भन्ने बारेमा सामाजिक पहिचान दिने विभिन्न तथ्याङ्कहरु सङ्कलन गरिएको थियो । जुन तथ्याङ्कलाई विभिन्न उपशीर्षकमा विभाजन गरी उनीहरुको समुदायमा रहेको सामाजिक तथा आर्थिक स्थितिबारे प्रष्ट पार्नको लागि विश्लेषण र प्रस्तुति गरिएको छ :

## ४.५ दलित जातिको उमेरगत विवरण

यस शोध, केन्द्रित क्षेत्रमा दलित समुदायको जनसङ्ख्यालाई उमेरगत रुपमा जम्मा ५ भागमा विभाजन गरिएको छ । जसलाई निम्नानुसार उल्लेख गरिएिको छ ।

**तालिका : ४.१ दलित जातिको उमेरगत विवरण**

| लैङ्गिक विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| उमेर | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
| ०-५सम्म | ५२ | १०.२३ | ६० | १२.३४ | ११२ | ११.२६ |
| ६-१५ | १३५ | २६.५७ | १२५ | २५.७२ | २६० | २६.१५ |
| १६-४० | २०६ | ४०.५५ | १७७ | ३६.४१ | ३८६ | ३८.८३ |
| ४१-६० | ८२ | १६.१४ | ८३ | १७.०७ | १६८ | १६.९० |
| ६०-माथि | ३३ | ६.४९ | ३९ | ७.८१ | ७१ | ७.१४ |
| | ५०८ | १०० | ४८६ | १०० | ९९४ | १०० |

स्रोत गा.वि.स. सर्वेक्षण, आधार वर्ष २०६६

माथिको तालिका अनुसार महिला र पुरुषको  सम्पूर्ण जनसङ्ख्यालाई विभिन्न समूहमा विभाजन गरेर प्रष्ट पारिएको छ । उक्त तालिका अनुसार दलित समुदायको कूल जनसङ्ख्या ९९४ मध्ये पुरुषहरुको जनसङ्ख्या ५०८ र महिलाहरुको जनसङ्ख्या ४८६ रहेकोले महिलाभन्दा पुरुषको जनसङ्ख्या बढी रहेको देखिन्छ । उक्त तालिका अनुसार ५ वर्षसम्मका बाल बालिकाको कूल जनसङ्ख्या ११२ रहेको छ जुन कूल जनसङ्ख्याको ११.२६ प्रतिशत हुन्छ । त्यस्तै ६-१५ उमेर समूहको जनसङ्ख्याको २६० रहेको छ, जुन कूल जनसङ्ख्याको २६.१५ प्रतिशत हुन आउँछ । १६-४० उमेर समूहको जनसङ्ख्याको ३८.८३ प्रतिशत हुन आउँछ । त्यसै गरी ४१-६० वर्ष उमेर समूहको जनसङ्ख्या १६८ रहेको छ जुन कूल जनसङ्ख्याको १६।९० प्रतिशत हो र ६० वर्षभन्दा माथि जनसङ्ख्या जम्मा ७१ रहेको छ, जुन कूल जनसङ्ख्याको ७.१४ हुन आउँछ ।

त्यसैगरी महिला र पुरुषलाई अलग ढङ्गबाट विश्लेषण गर्दा ५ वर्षसम्मका बालबालिकाको जनसङ्ख्यालाई  अलग तरिकाले हेर्दा कूल ११२ मध्ये बालकहरु ५२ जना र ६० जना बालिका रहेका देखिन्छन् जुन कूल जनसङ्ख्याको बालक १०.२३ र बालिका १२.३४ प्रतिशत हुन्छ । त्यसैगरी ६-१५ उमेर समूहका जनसङ्ख्याको कूल २६० जना मध्ये १३५ बालक र १२५ जना बालिका रहेका छन् जुन कूल जनसङ्ख्याको बालक २६.५७ र महिला २५.७२ प्रतिशत हुन्छ । १६-४० उमेर समूहका जनसङ्ख्या ३८६ जना मध्ये २०६ जना पुरुष र १७७ जना महिला रहेका छन् । जुन कूल जनसङ्ख्याको पुरुष ४०.५५ र महिला ३६.४१ प्रतिशत हुन आउँछ । त्यस्तै ४१-६० उमेर समूहको जनसङ्ख्या १६८ जनामध्ये ८२ जना पुरुष र ८३ जना महिला रहेका छन् जुन कूल जनसङ्ख्याको पुरुष १६.१४ र महिला १७.०७ प्रतिशत हुन आउँछ । त्यसैगरी ६० वर्ष भन्दा माथिको उमेर समूहको जनसङ्ख्याको ७१ जना मध्ये ३३ जुन पुरुष र ३८ जना महिला रहेका छन् जुन कूल जनसङ्ख्याको पुरुष ६.४९ र महिला ७.८१ प्रतिशत हुन आउँछ ।

## ४.६ परिवारको आकार

परिवारको आकार भन्नाले कुनै पनि परिवारमा रहेका सदस्य सङ्ख्यालाई बुझिन्छ । अर्को शब्दमा एउटै घरमा भान्छामा खाना खाने, एउटै घरमा बसोबास गर्ने जन्म र विवाहले


एक आपसमा सम्बन्धित व्यक्तिको समूह नै परिवार हो । परिवार प्रमुख आधारभूत सामाजिक संस्था हो । परिवारबाट नै जैविक प्राणीको रुपमा रहेको मानिस सामाजिक प्राणीको रुपमा रुपान्तरित हुने कार्यको थालनी हुन्छ । नेपालको पारिवारिक वनावटका आधारमा एकल र संयुक्त परिवार प्रशस्त मात्रामा भेटिन्छन् भने कही कतै वृहत संयुक्त परिवार पनि पाइन्छन् । एकल परिवारमा श्रीमान् श्रीमती, तिनीहरुका अविवाहित छोरा छोरीलाई बुझाउछ भने संयुक्त परिवारमा एकल दम्पती तीन भन्दा बढी वा तीन पिढिका सदस्यहरु एकै साथ बस्ने गर्दछन् । यस्तो परिवारलाई संयुक्त परिवारको रुपमा लिन सकिन्छ । यस्तो परिवारमा कार्यभार कम पर्ने भएकाले कृषि प्रधान हाम्रो देशमा यस्तो परिवारिक ढाँचा बढी पाइन्छ । वर्तमान समयमा एकल परिवारको सङ्ख्या पनि बढी रहेको छ ।

नेपालमा विभिन्न किसिमका पारिवारिक बनोट भएको देखिन्छ । सहरी क्षेत्रमा आधुनिकीकरणले गर्दा प्रायः एकात्मक परिवारको वनौटमा क्रमैसँग आकर्षण आउन थालेको पाइन्छ । विशेष गरी पहाडी क्षेत्रको भिरालो र पाँखो जमिन नै आफ्नो बसोबासका स्थान गराएका दलित जातिमा पनि संयुक्त परिवारको मान्यतामा परिवर्तन आइ एकात्मक परिवारतर्फ उन्मुख भइरहेका देखिन्छन् । आफ्नो जमिन नहुने र व्यापार आदि पनि नभएकाले विवाह पछि छुट्टिएर आफ्नैसुरले मजदुरी गर्ने र अलग बस्ने गरेको पाइन्छ ।

**तालिका : ४.२ परिवारको आकार**

| क.सं. | परिवारको आकार | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३ | १ | १.६६ |
| २ | ४ | १७ | २८.३३ |
| ३ | ५ | ११ | १८.३३ |
| ४ | ६ | ९ | १५ |
| ५ | ६ | १५ | २५ |
| ६ | ८ | ३ | ५ |
| ७ | ९ | ४ | ६.६६ |
| जम्मा | | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०




तालिका ४.२ अनुसार अध्ययन क्षेत्रका सम्पूर्ण घर मध्ये ३ जना सदस्य सङ्ख्या रहेको परिवार एउटा मात्र छ । ४ जना सदस्य रहेको घर परिवार सङ्ख्या १७ रहेको छ । जुन कूल सङ्ख्याको २८.३३ प्रतिशत हुन आउँछ । ५ जना सदस्य रहेको घर परिवार सङ्ख्या ११ वटा रहेका छन् । जुन कूल सङ्ख्याको १८.३३ प्रतिशत हुन्छ । ६ जना सदस्य रहेको घर परिवार सङ्ख्या ९ वटा रहेका छन् । जुन कूल सङ्ख्याको १५ प्रतिशत हुन आउँछ । ७ जना सदस्य सङ्ख्या रहेको घर परिवार १५ वटा रहेका छन् जुन कूल सङ्ख्याको २५ प्रतिशत हुन आउँछ । ५ जना सदस्य सङ्ख्या रहेको घर परिवार सङ्ख्या ३ वटा रहेका छन् जुन कूल  सङ्ख्याको ५ प्रतिशत हुन आउँछ । ९ जना सदस्य सङ्ख्या रहेको घर परिवार ४ वटा रहेका छन्, जुन कूल घर परिवार मध्य ६.६६ प्रतिशत हुन आउँछ ।

स्थलगत अध्ययन एवम् अन्तर्वार्ताबाट अवगत भएअनुसार माथिल्लो जातिमा आएको परिवर्तनको प्रभाव यस जातिमा पनि परेको देखिन्छ । विवाह भइसकेपछि र आफैंले स्वआर्जन गर्न सक्ने भएपछि १/२ बाल बच्चा जन्मिएपछि यस जातिका सदस्यहरुले प्राय: आफ्नो लोग्ने स्वास्नी र छोराछोरीको मात्र एक परिवार होस् भन्ने चाहना गरेको देखियो ।

संयुक्त परिवारमा श्रम विभाजन हुने घरको काममा सबैले सहयोग गर्ने हुँदा संयुक्त परिवारबाट पनि राम्रो भन्ने घरमूलिहरु पनि भेटिए । संयुक्त र ठूलो परिवार भएका पारिवारिक सामाजिक इज्जत हुनुको साथै सुरक्षा र सहयोगात्मक भावना पाइन्छ । अरुजाति र आफ्नो

जातिका अन्य सदस्यहरुले पनि हेप्न नसक्ने हुनाले ठूलो परिवार राम्रो हुन्छ भन्ने धारणा पनि अध्ययनमा पाइयो ।

## ४.७ जग्गा जमिन र खाद्यान्नको अवस्था


दलित समुदायको धेरै जनसङ्ख्या कृषिमा लाग्ने भएतापनि यस जातिका परिवारलाई आफ्नो जमिनमा काम गरेर उत्पादित खाद्यन्नले कति समय खान पुग्छ भन्ने विवरण तालिका ४.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका : ४.३ दलित समुदायलाई आफ्नो कृषि गरेर खान पुग्ने समय**

| खान पुग्ने समय | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ३ महिना | २२ | ३६.७ |
| ६ महिना | २३ | ३८.३ |
| १ वर्ष | ८ | १३.३ |
| छैन | ७ | ११.६६ |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

**चित्र : ४.२ दलित समुदायलाई आफ्नो कृषि गरेर खान पुग्ने समय**




तालिका ५.३ बाट के जानकारी प्राप्त हुन्छ भने अध्ययन क्षेत्रका जम्मा घर धुरीमध्ये सवैभन्दा वढि ३८.३ प्रतिशत घरधुरिका मानिसहरुले जम्मा ६ महिना मात्र खान पुग्ने देखिन्छ

भने ३६.७ प्रतिशत लाई ३ महिना मात्र खान पुग्ने रहेछ । १३.३ प्रतिशत घरधुरिका मानिसहरुले मात्र १ वर्षसम्म खान पुग्ने देखिन्छ भने ११.६६ प्रतिशत घरधुरिका मानिसहरुको आफ्नो खेतबारि नभएको पाइयो ।

यो समुदायमा दुइ हात मुख जोड्न समेत धौ पर्ने स्थिति देखा पर्‍यो । कृषि जग्गा कम परम्परागत कृषि प्रणाली र पाखा पखेरामा जमिन भएको हुनाले खेत वारिको अन्न उत्पादनले खान नपुग्ने देखिन्छ । त्यसकारण अरुको घरमा ज्याला मजदुरी नगरि हात मुख जोर्न सकिदैन । यिनिहरुको प्रमुख पेशा कृषि पशुपालन हो । पशुपालन पनि आर्थिक अभावका कारणले गर्दा धेरै सङ्ख्यामा र राम्रो गुणस्तरीय तरिकाले व्यावसायिक रुपले पालेको देखिदैन र जसको कारणले गर्दा पनि आर्थिक अभाव हुन पुगेको हो । आफ्नो जग्गा प्रशस्तै नहुनु र भए पनि उव्जाउशिल जग्गा अति नै कम भएकोले पनि यिनिहरुलाई जीविकोपार्जन का लागि कठिन भएको देखिन्छ । यसरी सर्वेक्षण गरिएका घरधुरीमध्ये खाद्यन्न पुग्ने परिवारको सङ्ख्या निकै कम दखिन्छ ।


## ४.८ आर्थिक स्रोतको माध्यम

यस समुदायमा आफ्नो जीविको पार्जनको माध्यम कृषि पशुपालन वैदेशिक रोजगार ज्यालादारी र अन्य पेशालाई वनाएका छन् । सरकारी जागिर तिर यिनिहरुको पहुच नै छैन भन्दा पनि हुने अवस्था छ । केही मात्रामा नेपाली सेना नेपाल प्रहरी तिर सहभागिता भएपनि निजामति सेवा, शिक्षा, सेवा तिर शून्य प्रतिशत सहभागिता छ ।

**तालिका : ४.४ आर्थिक स्रोतको माध्याम**

| आर्थिक स्रोतको माध्यम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १५ | २५ |
| पशुपालन | ४ | ६.६६ |
| वैदेशिक रोजगार | २९ | ४८.३३ |
| ज्यालादारी | ८ | १३.३३ |
| अन्य | ४ | ६.६६ |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०




तालिका ४.४ अनुसार आर्थिक स्रोतको माध्याम कृषि १५ घर परिवारले वनाएका छन् जुन कूल सङ्ख्याको २५ प्रतिशत हुन आउँछ । पशुपालन लाई जिविकोपार्जनको माध्याम जम्मा ४ घर परिवारले मात्र वनाएका छन जुन कूल सङ्ख्याको ६.६६ प्रतिशत हुन आउँछ । वैदेशिक रोजगारलाई आर्थिक स्रोतको माध्याम वनाउने घर परिवार २९ रहेको जुन कूल सङ्ख्याको ४८.३३ प्रतिशत हुन आउँछ । लगभग आर्थिक स्रोतका माध्यामबाट आधा भाग वैदेशिक रोजगारले ओगट्न पुगेको छ । ज्यालादारी मा संलग्न परिवार जम्मा ८ रहेको छ जुन कूल सङ्ख्याको १३.३३ प्रतिशत माध्याम वनाउने परिवार सङ्ख्या ४ रहेको छ जुन कूल १ सङ्ख्याको ६.६६ प्रतिशत हुन आउँछ ।

## ४.९ दलित समुदायमा श्रीमान् श्रीमतीको शिक्षामा अन्तर

अध्ययन स्थलका दलित समुदायमा श्रीमान्, श्रीमती बीच शिक्षामा भएको अन्तरलाई स्तम्भ चित्रबाट प्रस्ट पारिन्छ ।

**तालिका : ४.५ श्रीमान् श्रीमती बीच शिक्षामा अन्तर**

| | | | साक्षर | | | | कूल |
|---|---|---|---|---|---|---|---|
| नाता | निरक्षर | सामान्य साक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | जम्मा साक्षर | जम्मा |
| श्रीमान् | १० | २९ | २१ | ६ | ४ | ५० | ६० |
| श्रीमती | २४ | २३ | ९ | ५ | ३ | ५४ | ७४ |
| जम्मा | ३४ | ५२ | ३० | ११ | ७ | १०० | १३४ |
| प्रतिशत | २५.३७ | ३८.८० | २२.३८ | ८.२० | ५.२२ | ७४.६२ | |

स्रोत : स्थलगत सर्वेक्षण : २०७०

तुलनात्मक रुपले आकलन गर्दा श्रीमान् भन्दा श्रीमतीको निरक्षर सङ्ख्या बढी देखियो । यहाँबाट नै हामीले भन्न सकिन्छ कि लैङ्गिक विभेद छ भनेर सामान्य साक्षर प्रा.वि. पढनेको सङ्ख्या पनि श्रीमान्को नै बढी देखिन्छ । नि.मा.वि. भने लगभग उस्तै-उस्तै स्थिति देख्न सकिन्छ किनभने पुरुषहरु आफ्नो उमेर बढेपछि काम गर्न सक्ने वा विदेश जान सक्ने भएपछि पढाइलाई त्यागेर हिड्ने गर्दछन् । त्यसैले महिला र पुरुषको नि.मा.वि. र मा.वि. मा लगभग उस्तै-उस्तै सङ्ख्या देखिन पुगेको हो । पुरुषहरुले घरको आर्थिक अवस्था कमजोर र पढाइप्रतिको रुचि कम भएकाले बीचैमा पढाइ छाड्ने प्रवृत्ति देखिएको हो । यस्तो स्थिति भएपनि केटाहरुको तुलनामा केटीहरुले नै विद्यालय छाड्नुपर्ने जोखिममा छन् । यस्तो हुनुमा केटीहरुले मुख्यतया घरको काममा बिहान बेलुकी सघाउनु पर्ने घरमा पढ्ने समय नपाउने भएकोले गर्दा हो । धेरैजसो परिवारमा छोरीलाई औपचारिक शिक्षा दिनुको सट्टा वैवाहिक जीवन उपयोगी कृषि घर गृहस्थिका सीपहरु सिकाउनुलाई प्राथमिकता दिइने हुनाले गर्दा यस्तो अवस्था सिर्जना भएको हो । छोरीलाई विवाह पछि अर्काको घरमा पढाउनुपर्ने हुँदा धेरै जसो बाबु आमाहरु छोरीको पढाइमा खर्च गर्न नचाहने गर्दथे । यो समस्याले गर्दा श्रीमान् र श्रीमती बीच पनि शैक्षिक स्थितिको  अन्तर देखिन पुगेको हो ।

आर्थिक अवस्था कमजोर, परिवारको सङ्ख्या ठूलो लैङ्गिक जातीय विभेदका कारणले गर्दा निरक्षर महिलाको सङ्ख्या बढी देखिएको हो । पढिहाले पनि उच्च शिक्षा वा माथिल्लो शिक्षा हासिल गर्ने सम्भावना एकदमै न्यून छ । यस समाजका महिलाले पढ्दा पढ्दै बीचमा छोड्नु पर्ने कारणले, घरपरिवारले पढाइमा सहयोग नपुऱ्याएर, आर्थिक अभावले काम गर्नुपर्ने भएर, छोरीले पढन पर्दैन भन्ने मानसिकता समाजमा भएर पढाइको महत्त्व नबुझ्रेर आदि कारणले गर्दा यो अवस्था देखिएको हो ।

## ४.१० छोरीलाई विद्यालय पढाउँने सम्बन्धी धारणा

विभिन्न संघसंस्थाको भूमिका, सञ्चार माध्यामको भूमिका शिक्षाको महत्त्व बढ्दै जानु सामाजिक प्रभावका कारणले विस्तारै छोरीलाई पनि पढाउनु पर्दछ भन्ने धारणा बन्दै गएको देख्न सकिन्छ । आफूले पढन नपाए पनि आफ्ना छोरा छोरीहरुलाई पढाउन पाए हुन्थ्यो भन्ने धारणाको विकास भएको पनि देख्न सकिन्छ । केही अभिभावकहरुले भने छोरीलाई विद्यालय पठाएर कुनै अर्थ छैन भन्ने गर्दछन् । यस सम्बन्धि उत्तरदाताको धारणा तलको तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका ४.६ छोरीलाई विद्यालय पढाउँदा अप्ठ्यारो छ वा छैन भन्ने सम्बन्धि धारणा**

| छोरीलाई विद्यालय पढाउदा अप्ठ्यारो छ वा छैन | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| अप्ठ्यारो छ | १५ | २५ |
| अप्ठ्यारो छैन | ४५ | ७५ |
| **जम्मा** | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

यसबाट के वुझिन्छ भने छोरीलाई विद्यालय पढाउदा कुनै अप्ठ्यारो छैन भन्ने उत्तरदाताहरुको प्रतिशत ७६ छ भने छोरीलाई विद्यालय पढाउन अप्ठ्यारो छ भन्ने उत्तरदाताहरुको प्रतिशत २५ रहेको छ । यस सर्वेक्षण अनुसार अहिलेको आधुनिक चेतनाको विकासले प्रभाव पारेको र केहीलाई भने अझ पनि पूरानै मानसिकताले ग्रसित पारेको देखियो ।

यस समुदायमा छोरीलाई विद्यालय पठाउदा कुनै अप्ठ्यारो छैन भन्ने धारणा धेरैमा पाइयो । अशिक्षित अभिभावकहरु पनि आफू नपढेको कारणले समाजमा पछाडि परेको र धेरै दुःख पाएको कारणले गर्दा छोरीलाई जसरी पनि पढाउनुपर्छ भन्ने धारणा व्यक्त गर्दछन् । छोरीलाई स्कूल नपठाए पनि हुन्छ भन्नेमा अशिक्षित अभिभावकहरु र धेरै उमेरका महिलाहरुले शिक्षाको महत्त्वलाई नबुझेका कारणले गर्दा पर्दैन, हामीले नपढे पनि भयो भन्ने उत्तर पाइयो । अशिक्षित व्यक्तिहरुबाट छोरीलाई स्कुल नपठाए पनि उनीहरुको जीवन चल्छ भन्ने उत्तर आयो । छोरीलाई पढाए पनि विहे नगरी चुलो चौका नगरी अर्काको घरमा नगइ सुखै छैन त्यसैले विद्यालय पठाएर घरको लागि अप्ठ्यारो स्थिति सिर्जना गर्नु छैन भन्ने जानकारी पनि अध्ययनमा पाइयो ।

आफूहरुले नपढ्ेर धेरै दुःख कष्टहरु भोग्नुपरेको, अशिक्षाका कारण अरु जाति र मानिसहरुबाट ठगिन समेत परेको कारणले पनि महिलाहरुले आफूँले भारी बोकेर परिश्रम गरेर भए पनि आफ्ना छोरीहरुलाई पढाउने बीचार गर्ने महिलाहरु पनि धेरै नै छन् । छोरा छोरीलाई विद्यालय पठाउनु पर्दछ भन्ने धारणा धेरै अभिभावकमा पाइयो र यसलाई अझ स्पष्ट रुपमा बुझ्नका लागि दलितसँग सम्बन्धित स्थानीय समिति दलित सञ्जालका सदस्यहरुसँग भएको अन्तर्त्रियायाबाट पनि अहिले विस्तारै छोरा र छोरीहरुमा विभेद हट्दै गइरहेको र छोरीलाई विद्यालय पढाउदा पनि घरमा कुनै समस्या नआउने बताउदछन् । वर्तमान अवस्थामा पहिले जस्तो दलित महिलाहरुलाई नपढाइ घरमानै भाइ बहिनी हेराएर मेलापात पठाएर राखेको पाइदैन । त्यसैले दलितहरुमा पनि लैङ्गिक विभेद कम हुँदै गएर स्कुलहरुमा पनि छात्र र छात्राहरुको सङ्ख्या बराबर जस्तै नै देखिन थालेको छ । छोरा र छोरीमा भिन्नता नराखी विद्यालय पठाउने शैक्षिक सामग्रीहरु किनिदिने गर्दछन् । दलित महिलाहरुले उच्च शिक्षा नै हासिल गर्ने अवस्था सिर्जना नभइ सकेपनि सबैले आधारभूत रुपमा पढन सक्ने वातावरण बन्दै गइरहेको समान शिक्षामा पहुँच बढ्दै गइरहेको पाइन्छ । छोरीहरुले पनि पढेर ठूलो मान्छे बन्न सक्छन् भन्ने महिलाहरु पनि भेटिए ।

छोराहरु विद्यालयबाट फर्केर आफ्नो पढाइ गृहकार्य भन्दा पनि घरायसी काम धन्दा घाँस दाउरा र कृषि कार्यमा बढी सम्लग्न हुने गर्दा रहेछन् । यस तथ्यबाट पनि के थाहा हुन्छ भने

आर्थिक अभावले गर्दा नै पढाइलाई भन्दा बढी समय कामलाई दिनुपर्ने बाध्यता छ भन्ने बताउने गर्दछन् ।

## ४.११ घर विद्यालयको वातावरणले शिक्षामा पारेको प्रभावसँग सम्बन्धित धारणा :

वातावरण भन्नाले घर एवम् विद्यालयको वातावरणलाई संयुक्त रुपमा लिइएको छ । यहाँको दलित समुदायमा घरको ठूलो कामदेखि लिएर सानो काम गर्दा समेत छोरीहरुलाई विद्यालय नपठाईै घरमा नै काममा लगाउने पनि गर्दछन् ।जसका छोरीहरुले घरको काम सिध्याएर फुर्सतमा पढ्न जान्छन् । अन्य अभिभावकहरुले कसैको उदाहरण दिएर आफ्ना छोरीहरुलाई गाली समेत गर्दछन् । बाबुआमा मेलापाता जाँदा भाइबहिनी हेर्नुपर्ने घरमा सानो काम परिहाले पनि विद्यालय जान नपाउने कुनै चाड पर्व मनोरञ्जनात्मक कार्य र सामाजिक कार्य पर्दा छोरीहरुलाई नै काम लगाउने र काम गर्नको लागि विद्यालयबाट पुरा समय नपढि विदा समेत मागेर घर फर्कने अवस्थाले छोरीहरुको शिक्षामा नकारात्मक प्रभाव परेको देखिन्छ । समाजमा रहेको छुवाछुत तथा जातीय भेदभावले कतिपय दलित अभिभावकहरु आफ्ना छोराछोरीहरुलाई विद्यालय भर्ना गर्न चाहदैनन् । आफ्ना छोराछोरीहरु अरु जातिका छोराछोरीहरु सरहका हुन् भन्ने सोचाइ राखे पनि उनीहरुलाई पढेर मेहनत गरेर अगाडि बढ्न सकिन्छ भन्ने कुरामा विश्वास लाग्दैन जसका कारण कक्षा छाड्ने कक्षामा अनूतीर्ण हुने दर बढी छ । विस्तारै यस्तो स्थितिबाट माथि उठ्ने प्रयास भैरहेको अध्ययन क्षेत्रको सर्वेक्षणबाट थाहा पाउन सकिन्छ ।

## ४.१२ अभिभावकबाट छोराछोरीको पढाइमा गरिने सहयोग


यस क्षेत्रका अभिभावकहरुले आफ्ना छोराछोरीहरुलाई पढाइमा पूर्ण रुपमा सहयोग नगरे पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गरेको पाइयो । शिक्षित तथा अशिक्षित अभिभावकले पनि विभिन्न तरिकाबाट आफ्ना छोराछोरीलाई पढाइमा सहयोग गरेका छन् ।

**तालिका ४.७ अभिभावकले छोराछोरीको पढाइमा पुऱ्याउने सहायोग**

| सहयोग | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नियमित अध्ययन गराएर | ३१ | ५१.६६ |
| गृहकार्य गराएर | १५ | २५ |
| काममा छुट दिएर | १० | १६.६६ |
| अन्य | ४ | ६.६६ |
| **जम्मा** | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

**चित्र नं.४.४ अभिभावकले छोराछोरीको पढाइमा पुऱ्याउने सहायोग**




माथिको चित्रमा देखाए अनुसार नियमित अध्ययन गराएर सहयोग गर्नेको सङ्ख्या ३१ रहेको छ जुन जम्मा सङ्ख्याको ५१.६६ प्रतिशत हुन्छ। गृहकार्य गराएर सहयोग गर्नेको सङ्ख्या १५ रहेको छ जुन जम्मा सङ्ख्याको २५ प्रतिशत हुन्छ काममा छुट दिएर सहयोग गर्नेको सङ्ख्या १० रहेको छ जुन जम्मा सङ्ख्याको १६.६६ प्रतिशत हुन आउँछ। अन्य तरिकाबाट सहयोग गर्नेको सङ्ख्या  ४ रहेको छ जुन जम्मा सङ्ख्याको ६.६६ प्रतिशत हुन्छ। यस सर्वेक्षणबाट जानकारी भए अनुसार समाजमा आएको शैक्षिक परिवर्तनले गर्दा घरको कार्य आफूले गरेर भएपनि र स्कुलमा चाहिने शैक्षिक सामानहरु उपलब्ध गराएर छोराछोरीलाई स्कुल पढ्न सहयोग गरेको पाइयो।

छोरा र छोरीमा भेदभाव भएर मात्रै पढनमा पछाडि नभएकोकुरा अन्तर्वार्ताबाट जानकारी हुन्छ । भाइबहिनी आफूभन्दा साना भएका कारण घर परिवारलाई सहयोग गर्नुपर्ने आर्थिक अवस्था कमजोर भएको हुनाले पनि पढाइलाई असर पर्ने कुरा बताउँछन् । दलित भएपनि आफूहरु पनि पढेमा अरु सरह अगाडि बढन सकिनेछ भन्ने धारणा रहेको घरमा अभिभावकहरुबाट प्रोत्साहन पनि दिने गरेको पाइन्छ । अशिक्षित दलित महिलाहरु आफूले नपढेर धेरै दुःख पाएको महशुश गर्दछन् । त्यसैले उनीहरुले आफ्ना छोरीहरुलाई पनि पढ्नको लागि उत्पेरित गर्न पछि पर्दैनन् ।

यस क्षेत्रमा महिलाहरु पढेर कुनै कार्यमूलक कार्यमा सम्लग्न भएको अवस्था भने देख्न सकिएन । २-४ जनाले उच्च शिक्षा पढ्दै गरेका र जागिरको अपेक्षा गरेको पाइयो । यस्तो अवस्था हुँदा वातावरण सिर्जना हुन पनि सक्दछ तर त्यहाँका अभिभावकहरु आशावादी भएर नै छोरीहरुलाई पढ्नको लागि प्रेरणा दिएको पाइयो । प्राविधिक विषय तिर कोही पनि दलित महिलाहरुको पहुँच छैन । त्यसैले पछि पढेर नर्स बन्ने इच्छा धेरैले प्रकट गरे । यसबाट प्रष्ट हुन्छ कि दलित महिलाहरुमा हामीले पनि पढेर अरु जातिका महिला सरह हुनुपर्दछ र समाजमा उनीहरु सरह इज्जत प्रतिष्ठाका साथ बाँच्नु पर्दछ भन्ने धारणा रहेको पाइयो तर आर्थिक अभाव सामाजिक परिवेशले गर्दा पढाइ नै छाड्नु पर्दछ कि भन्ने त्रास पनि उनीहरुमा छ । जे-जस्तो भएपनि पढन पाएमा नर्स, पत्रकारिता, सरकारी जागिर खाने इच्छा प्रकट गरेका छन् ।


## ४.१३ निजी तथा सरकारी विद्यालयमा दलितका छोराछोरीको भर्ना दर

प्रतिष्ठित खालको जागिर आम्दानी नभए पनि अर्काको देशमा पसिना बगाएर भएपनि ल्याएको रकमबाट समेत केहीले आफ्ना छोरा छोरीलाई निजी विद्यालयमा समेत अध्ययन गराएका छन् । धेरै मात्रामा त सरकारी विद्यालय पढने नै छन् केही प्रतिशत भए पनि निजी विद्यालयमा पनि जाने गर्दछन् । आर्थिक अभाव भएपनि आफ्नो पढाइलाई निरन्तरता दिन नसकिने भए पनि बोडिङ् स्कुलमा पढन पाए हुन्थ्यो भन्ने इच्छा यहाँका समुदायका केटाकेटीहरुले व्यक्त गर्दछन् ।

तालिका : ४.८ निजी तथा सरकारी विद्यालयमा दलित बालबालिकाको भर्नादर

| क्र.सं. | भर्नादर | सरकारी | निजी |
|---|---|---|---|
| १ | छोरा | ५५ | ८ |
| २ | छोरी | ५७ | ५ |
| | जम्मा | ११२ | १३ |

स्रोत : स्थलगत सर्वेक्षण : २०७०




यस स्तम्भ चित्रबाट दलित समुदायले धेरै लगानी शिक्षामा गर्न सक्ने अवस्था देखिएन । कूल ११२ विद्यार्थीमध्ये छात्रा ५ र छात्र ८ गरी कूल १३ जनाले निजी स्कुलमा अध्ययन गरेको भेटियो । यहाँ पनि छात्राको भन्दा छात्रको सङ्ख्या बढी देखियो । यसले पनि केही मात्रामा भए पनि लैङ्गिक विभेदलाई देखाउछ । कूल विद्यार्थी मध्ये ५५ जना छात्र र ५७ जना छात्राले सरकारी स्कुलमा अध्ययन गर्दछन् । यहाँ अध्ययनरत विद्यार्थीको सङ्ख्या उच्च भए पनि छात्रहरुले बीचैमा पढाइ छाडेर विदेश जाने वा कुनै काममा सम्लग्न हुने र छात्राहरुले छिट्टै विवाह गरेर जाने हुनाले बीचैमा पढाई छाड्नेहरु पनि प्रशस्त भेटिए । नि.मा.वि. तथा मा.वि., उ.मा.वि. को आँकडा केलाउदा बीचैमा पढाइ छाड्ने दर बढी छ ।


## ४.१४ छोरा या छोरीको पढाइको प्राथमिकतामा दलित अभिभावकको दृष्टिकोण

शिक्षाले लैङ्गिक विभेद जातीय विभेद गर्दैन तर समाज परिवारले गर्ने गर्दछ । शिक्षाले सबैलाई ज्ञानी, सभ्य परिमार्जित गराउँदछ । विश्वमा आधा आकाश ढाक्ने महिलाको शैक्षिक प्रगति उन्नतितर्फ त्यति जोड कसैले पनि दिएको पाइँदैन । यसको अपवादको रुपमा हाम्रो समाज पनि छैन । नेपाली समाज त झन पितृसत्तात्मक परिवार प्रणाली भएको परम्परगत जातीय छुवाछत प्रणाली भएको अन्धविश्वास परम्परावादी समाज भएको नाताले छोरीको पढाइको प्राथमिकता गौण हुन जान्छ । नेपाली समाजमा छोराको शिक्षालाई उच्च मान्यता दिइन्छ भने छोरीको शिक्षालाई कम प्राथमिकता दिइन्छ । यस गाउँका दलितहरुको आर्थिक शैक्षिक सामाजिक स्थिति कमजोर छ । यस्तो अवस्थामा उनीहरुको छोरा वा छोरीको पढाइप्रतिको प्राथमिकता वा दृष्टिकोण के छ तलको तथ्याङ्कबाट प्रष्ट हुन्छ ।

**तालिका : ४.९ छोरा या छोरीको पढाइप्रतिको प्राथमिकतामा दलित अभिभावकको दृष्टिकोण :**

| **प्राथमिकता** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| छोराको शिक्षा | ० | ० |
| छोरीको शिक्षा | २ | ३.३ |
| दुबैको | ५८ | ९६.७ |
| **जम्मा** | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७०



चित्र :४.६छोरा या छोरीको पढाइप्रतिको प्राथमिकतामा दलित अभिभावकको दृष्टिकोण

यस गाउँमा लिइएको अन्तर्वार्ताबाट छोरा छोरीलाई पढाइको सबालमा भिन्नता गर्नुहुँदैन भन्ने कुरा देखियो । बरु महिलाहरुलाई नै पढाइको सबालमा सहयोग गर्नुपर्छ, छोरा मान्छेले त जसरी पनि आफ्नो जीवनलाई चलाउन सक्छ भन्ने धारणा समेत आयो । नमुना सर्वेक्षण लिने घर परिवार छोरीहरु मात्र भएका घर पनि भेटिए उनीहरुबाट छोरीको पढाइमा प्राथमिकता दिन्छौ भन्ने इच्छा प्रकट गरेका थिए । जे होस् शिक्षाको सन्दर्भमा हेर्दा यस गाउँमा दलित अभिभावकहरुले छोरा छोरी दुवैलाई आफ्नो हैसियत परिस्थिति अनुसार विभेद नगर्ने राय प्रकट गरे । छोरालाई मात्र शिक्षामा प्राथमिकता दिनुपर्दछ भन्ने शून्य प्रतिशत नै रह्यो । बरु विगतदेखि पछाडि परेका थिचिएका छोरीहरुलाई प्राथमिकतामा राख्नु पर्दछ भन्ने धारणा ३.३ प्रतिशत पाइयो । छोराछोरी दुबैको शिक्षालाई प्राथमिकता दिन्छौं भन्ने धारणा ९६.७ प्रतिशत पाइयो । यसबाट के भन्न सकिन्छ भने छोरा र छोरी बराबर हुन् र दुबैको शिक्षामा बराबरी ध्यान दिनुपर्छ भन्ने मान्यताको बाहुल्यता देखिन्छ ।



**वैयक्तिक अध्ययन -एक**

नाम : मिरा नेपाली

उमेर : २३

शिक्षा : अ.न.मि. (प्राविधिक)

श्रीमान राजु नेपालीसँग विवाह गरेर आएकि हुँ । मेरो माइतीघर पर्वत जिल्लाको फलेवास गा.वि.स. हो । मैले प्रेम विवाह गरे कि हुँ । माइती घरका बाबाआमा पढेका हुनुहुन्छ । माइती घरको आर्थिक अवस्था पनि राम्रै नै थियो । श्रीमान्ले स्नातक तेस्रो वर्षको परीक्षा दिएर बस्नुभएको छ । मैले विवाह गरे पनि पढाइलाई निरन्तरता दिने विचार गरेकी थिएँ तर आर्थिक अवस्थाले गर्दा मेरो पढाइको अन्त्य यही नै भयो । मलाई माइती घरमा अ.न मी पढ्दा प्लान नेपाल गैह्र सरकारी संस्थाले सहयोग गरेको थियो तर बाजुङ गा.वि.स. मा कुनै संघ संस्थाले दलित महिलाको शिक्षामा सहयोग गरेको रहेनछ । मेरी नन्द सुमित्राले पनि कक्षा १२ मा पढनुहुन्छ । यस पछाडि पढ्नलाई निरन्तरता दिन अप्ठ्यारो छ । प्लस टु को पढाइ त गाउँको ढिडो पीठो खाएर पनि पढ्न सकिने रहेछ तर स्नातक तह पढ्नलाई समस्या

रहेछ । मेरा श्रीमान्लाई स्नातक पढ्न पोखरा जानु पऱ्यो । साह्रै नै धौ धौ पऱ्यो सासु ससुराको पनि कमाइ छैन ।

मैले प्राविधिक विषय पढेपनि जागिर खान सकेकी छैन । जागिर पाए खाने इच्छा छ । यहीँ गाउँको उप स्वास्थ्य चौकीमा जागिर खाना खोज्दा जातीय ्विभेद गरेको महशुश गरे । मैले यही पर्वत जिल्लाकै फलेवास गा.वि.स. र बाजुङ गा.वि.स. को स्थितिलाई हेर्दा धेरै भिन्नता पाए । फलेवासका दलितहरुको शैक्षिक, आर्थिक, सामाजिक अवस्था राम्रो छ तर त्यहाँको तुलनामा बाजुङ गा.वि.स. मा धेरै कमजोर भएको देखे । यस्तो अवस्था हुनुको कारण यहाँका दलितहरु शिक्षाप्रति नकारात्मक हुनु शिक्षामा लगाब कम हुनु र शिक्षाको महत्त्वलाई नबुझ्नुले गर्दा भएको हो । यहाँको सामाजिक अवस्था शैक्षिक वातावरणको लागि प्रतिकूल भएको जस्तो लाग्छ । अरु जातिको तुलनामा दलित महिलाहरु धेरै नै पछाडि परेका छन् ।

यहाँका दलित समुदायले आफूहरुलाई अगाडि बढाउने तिर पहल नगर्नु र यथावत् स्थितिमा नै सन्तुष्ट हुनुले गर्दा यस्तो स्थितिमा गुज्रनु परेको हो । दलितहरुका हक अधिकार, सेवा सुविधाप्रति पनि यहाँका मानिसहरु सचेत छैनन् । बुझ्न पनि चाहदैनन् र अरु जातिको दबाब र इशारामा बस्न बाध्य छन् । सार्वजनिक ठाउँ, सभा, वैठकमा उपस्थिति कम, वैदेशिक रोजगारप्रतिको आकर्षण बढी, शैक्षिक

अवस्थाप्रति वेवास्ता गर्नाले नै दलित समुदायका महिलाहरु पछाडि पर्नु पर्ने अवस्था सिर्जना भएको हो जस्तो मलाई लाग्छ । यस अवस्थाले गर्दा खेरि पारिवारिक अवस्था, शैक्षिक अवस्था, स्वास्थ्य पोषण, बासस्थान, लत्ताकपडा आदि सबै क्षेत्रमा कमजोर स्थिति देखिन पुगेको हो ।

## ४.१५ दलित महिलाको पढाइप्रतिको दृष्टिकोण

परम्परागत रुपमा नै महिलाहरु घरभित्रका कार्यमा सम्लग्न हुँदै आइरहेकोमा उनीहरुलाई शिक्षाको अवश्यकता छैन भन्ने धारणा पनि समाजमा छ । कतै धर्मका नाममा महिला शिक्षा सहज छैन भने कतै जातीय विभेद, लैङ्गिक विभेदका नाममा पनि छ । यस्ता मान्यताले स्वयम महिलालाई नै शिक्षाप्रति नकारात्मक धारणाको विकास गराउन सहयोग


पुऱ्याउछ । यही धारणा बुझ्नको लागि स्वयम् दलित महिला शिक्षा लिनको लागि क्रियाशिल जागरुक छन् वा छैनन भनेर अन्तर्वार्ता लिइएको थियो । तलको तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका : ४.१० दलित महिलाको पढाइप्रतिको दृष्टिकोण**

| पढाइप्रतिको दृष्टिकोण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सकरात्मक | ५१ | ८५ |
| नकारात्मक | ९ | १५ |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

**चित्र : ४.७ दलित महिलाको पढाइप्रतिको दृष्टिकोण**




स्वयम् दलित छात्राहरुले पढाइलाई कस्तो रुपमा लिन्छन् पढाइप्रति सकारात्मक छन् या नकारात्मक छन भन्ने सबाललाई हेर्दा ५१ जनाले सकारात्मक पढेर केही गर्न सकिन्छ पढेपछि ठूलो मान्छे भइन्छ भन्ने राय व्यक्त गरे भने ९ जनाले पढेर केही काम छैन विहे गरेर अर्काको घरमा नगइ चल्दैन घाँस दाउरा नगरी खान पाइँदैन भन्ने राय व्यक्त गरे । यस्तो प्रतिक्रियाबाट के थाहा पाउन सकिन्छ भने समाज परिवार स्वयम् सकारात्मक भएमा महिलाको शिक्षामा सुधार आउन सक्छ अन्यथा शिक्षाको स्तर माथि बढ्न सक्दैन । कोही छात्राहरुले पढाइलाई बोझको रुपमा समेत लिने गर्दा रहेछन् पढाइबाट छुट्कारा पाउनपाए भन्ने समेत पाइयो त्यसैले उनीहरु आफैँ सचेत नभएसम्म दलित महिलाको शिक्षाको पहुँच विस्तार नहुने कुरा प्रष्ट

हुन्छ । कूल सङ्ख्याको ८५ प्रतिशतले भने शिक्षालाई आँखा खोल्ने ज्योतिको रुपमा लिने गर्दछन् । उनीहरुले पढेर केही गर्न सकिन्छ भन्ने जोस जाँगर भएको कुरालाई व्यक्त गरेका थिए ।

# अध्याय पाँच

## दलित महिलाको शैक्षिक स्थितिमा प्रभाव पार्ने कारक तत्त्वहरु

प्रत्येक व्यक्ति, समुदायको अवस्था जान्नको लागि त्यस ठाउँको सामाजिक जनजीवन कस्तो छ । आर्थिक अवस्था कस्तो भनेर हेर्नुपर्ने हुन्छ । आर्थिक अवस्थाले नै मानिसको सामाजिक, राजनीतिक एवम् साँस्कृतिक विकासमा मुख्य भूमिका खेलेको हुन्छ । आर्थिक पक्षको भूमिकाको असर जति समाजमा व्यक्तिमा पर्छ अरु पक्षको भूमिकामा पर्दैन । यस शोधसारको मुख्य आशय पनि आर्थिक र सामाजिक अवस्थालाई नै केलाउन हो । यस क्षेत्रका दलित महिलाहरुको अध्ययन सर्वेक्षणलाई केलाउदा पनि आर्थिक पक्षमा धेरै प्रभाव पारेको देख्न सकिन्छ । यहाँका दलित महिलाहरुको जीवनका हरेक पक्षहरुमा आर्थिक प्रभाव परेको छ । यथार्थमा अध्ययन गर्दा के देखिन्छ भने यस जाति पिछडिएको प्रमुख कारण पनि आर्थिक तथा सामाजिक अवस्थाले नै  गर्दो हो । अन्य जात जातिकोभन्दा गरिबको चाप दलितहरुमा बढी छ । दलितहरु गरिबीको चपेटामा पर्ने मुख्य कारणहरुमा समाजमा व्याप्त रहेको जातीय छुवाछुत, अशिक्षा, प्राकृतिक स्रोत साधनको पहुँच नहुनु र रोजगारीको अवसरबाट बञ्चित हुनु नै हुन् ।

### ५.१ दलित महिलाको आर्थिक अवस्था

दलित समुदायको आर्थिक स्थिति के कस्तो छ । उनीहरुको आम्दानीको स्रोतहरु के-के रहेका छन् । दलित महिलाहरु आर्थिक रुपमा कुन स्थितिमा रहेका छन् भन्ने कुरालाई व्याख्या गरिएको छ । दलित समुदायका सदस्यको आम्दानीका स्रोतहरु विभिन्न रहेका हुन्छन् जसबाट आफ्नो जीवन निर्वाह गरिरहेका छन् । कुनै एउटा मात्र स्रोतबाट जीवन निर्वाह गर्न सम्भव देखिदैन तसर्थ मुख्य आम्दानीको स्रोत एउटा हुन्छ भने त्यसलाई सहयोग पुऱ्याउने अन्य स्रोतहरु पनि रहेका हुन्छन् । अध्ययन क्षेत्रको धेरै परिवार सङ्ख्या भएको घरमा आर्थिक नियन्त्रण पनि बढी भएको र श्रम पनि बढी गर्नुपर्ने देखिन्छ । परिवारको आर्थिक अवस्थालाई सन्तुलनमा ल्याउन ज्यालादारीमा महिलाहरु काम गर्न पनि हिड्ने गर्दछन् ।

महिलाहरुको आर्थिक अवस्थाको विश्लेषण गर्दा महिलाले गर्ने घरभित्रका वा घरभन्दा बाहिर मेलापात, पानी पधँरो, कुटानी पिसानी, बाल बच्चा स्याहार संभार आदि गर्ने गर्दछन् ।

समाजले उत्पादनशिल कार्यमा गणना गर्न हिचकिचाएका क्षेत्रमा बढी घर बाहिरका उत्पादनशिल कार्यमा रहेको सम्लग्नता कम छ । यहाँको समुदायलाई हेर्दा परिवार र समुदायका उत्पादनशिल कार्यमा पुरुषहरुको बढी पहुँच र घरभित्रका तथा कम उत्पादन हुने कार्यमा महिलाको सम्लग्नता बढी रहेको देखिन्छ । सम्पतिको चलखेल र नियन्त्रणमा पुरुषको नियन्त्रण रहने सामाजिक प्रवृत्तिले गर्दा दलित महिलाहरुको आर्थिक अवस्था कमजोर नै देखिन्छ । यहाँका महिलाहरु प्रत्येक दिन काममा बढी समय खट्दछन् भने तिनीहरुको आर्थिक हैसियत कम रहेको छ । दलित समुदायमा पुरुषभन्दा महिलालाई बढी इमान्दार मानिन्छ ।अरु जातिका महिलाका तुलनामा यो जातिका महिलाको आर्थिक अवस्थालाई हेर्ने हो भने अधिकांश रुपमा थोरै जमिन, थोरै आम्दानी निश्चित व्यवसाय नहुनु, सम्पतिमा पुरुषको एकाधिकार धेरै श्रम गर्नुपर्ने वाध्यता आदिलाई हेर्दा दलित जातिका महिलाहरुको वर्तमान आर्थिक अवस्था अत्यन्त खस्कदो र न्यून स्तरको देखिन्छ ।

**क) पेशा**

दलित समुदायमा अधिकांश दलितहरुले खेतीबालीमा काम गर्दछन् । खेतीबालीका अतिरिक्त परम्परागत रुपमा गर्दै आएका पेशालाई अँगाल्दै आएका छन् । परम्परागत रुपमा रहेको पेशा सिलाइकटाई, आरन जस्ता पेशाहरु पनि गर्दै आएका छन् । दलित महिलाहरुको आर्थिक अवस्था भनेर छुट्टै रुपमा अध्ययन गर्न अप्ठ्यारो छ किनकी समग्र पारिवारिक अवस्था नै दलित महिलाको आर्थिक अवस्था हो । त्यसैले उनीहरुको छुट्टै आर्थिक अवस्था कस्तो छ भन्दा पनि समग्र पारिवारिक आर्थिक अवस्थालाई सन्तुलनमा राख्न एउटी महिलाले पुऱ्याएको योगदानलाई अध्ययन गर्दा उनीहरुको आर्थिक अवस्था झल्कन्छ । पेशागत रुपमा विश्लेषण गर्दा अधिकांश दलित खेतीपाती गर्ने, बालिनाली लगाउने, गोडमेल गर्ने, जस्ता प्राय : सबैजसो कार्यहरुमा महिलाहरुको सहायता देखिन्छ । खेतीपाती गर्ने अलवा पशुपालन गर्ने कार्यहरुमा महिलाहरु उत्तिकै समय खटिन्छन् । वस्तुभाउको हेरचाह ,गोठको सरसफाई, घाँस पात, कुडोपानी सबैजसो कार्यहरु महिलाहरुले नै गर्दछन् । यहाँका अधिकांश पुरुषहरु विदेशमा गएका पनि छन् गए पनि पुरुषको कमाइले मात्र सबै घर परिवार चलाउन गाह्रो पर्ने हुनाले दलित महिलाहरुले आफ्नो घरको कामको साथसाथै ज्याला, मजदुरीको काम पनि गर्ने गर्दछन् ।


यहाँका दलितहरु विभिन्न पेशामा आफ्नो जीविकोपार्जन गर्न तल्लिन छन् । केही दलितहरुले परम्परागत रुपमा रहेको सिलाइको काम आरन, ज्याला मजदुरी पनि गर्ने गर्दछन् । यिनीहरु विस्तारै परम्परागत कार्यलाई त्याग्दै वैदेशिक रोजगारप्रति आकर्षण हुँदै गएका छन् । त्यस्तै ड्राइभर, डकर्मी, सिकर्मी, बाजा बजाउने, जस्ता विभिन्न पेशामा पनि सम्लग्न छन् ।

**तालिका : ५.१ पेशाको विवरण**

| क.सं | पेशाको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि पशुपालन कार्य | ४८ | ८० |
| २ | ज्याला मजदुरी | ४ | ६.६६ |
| ३ | अन्य | ८ | १३.३३ |
| जम्मा | | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

**चित्र : ५.१ पेशाको विवरण**




अध्ययन क्षेत्रका महिलाको कृषि कार्यमा सम्लग्न घरधुरी सङ्ख्या ४८ पाइयो । जुन कूल घरधुरी सङ्ख्याको ८० प्रतिशत हुन आउँछ । ज्याला मजदुरी गर्ने सङ्ख्या ४ छ जुन कूल घरधुररी सङ्ख्याको ६.६६ प्रतिशत हुन आउँछ । त्यस्तै अन्य कार्य गर्नेमा ८ घरधुरी सङ्ख्या पाइयो जनु कूल घरधुरी सङ्ख्याको १३.३३ प्रतिशत हुन्छ । अध्ययनबाट अवगत भएअनुसार के

स्पष्ट हुन्छ भने यस क्षेत्रका महिलाको आर्थिक अवस्था न्यून खालको छ । कृषि पशुपालन कार्य व्यवसायमूलक खालको नभइ जीविकोपार्जन गर्नलाई समेत धौ-धौ पर्ने खालको छ । यिनै कार्यमा लाग्ने महिलाको सङ्ख्या ४८ घरपरिवार पाइयो । यसबाट नै स्पष्ट हुन्छ कि आर्थिक अवस्था दुर्बल छ भन्ने कुरा । यसका साथै केही महिलाहरुले अरुको घरमा काम गर्ने जाने भारी बोक्ने जस्ता ज्याला मजदुरीका कामहरु पनि गर्ने गर्दछन् । मजदुरी अन्तर्गत समय अनुसार छुटाछुट्टै ज्यालामा जाने गर्दछन् । हिउँदको समयमा घर भवन निर्माणमा ढुङ्गा काठ बोक्ने खेतबारीमा मल बोक्ने दाउरा बोक्ने जस्ता कार्य गर्दछन् भने वर्षाको समयमा कोदो धान रोपाइ गर्ने गर्दछन् । यसले गर्दा विभिन्न समयमा विभिन्न खालका कामहरु गर्न पाइने हुन्छ, जसले खाली बस्नु पर्ने अवस्था भने हुँदैन । यहाँका दलित महिलाहरुले आफ्नो घरको कार्यका साथ साथै अरु जातिका घरमा गएर पनि कृषि मजदुरी तथा अन्य विभिन्न खालका कार्यहरु गर्ने गर्दछन् ।



**वैयक्तिक अध्ययन -दुई**

**नाम : देवी परियार**

**उमेर : १८ वर्ष**

**शिक्षा : (दश जोड दुई) १२ कक्षा**

मेरो नाम देवी परियार हो । मैले हाम्रो आफ्नै गाउँको उच्च मा.वि. मा बाह्र कक्षामा अध्ययन गर्दछु । मैले शिक्षा सङ्कायमा नेपाली विषय लिएर पढेकी छु । मलाई पढाइप्रति साह्रै नै रुचि छ । मेरा बाबा आमाले कपडा सिलाउने काम गर्नुहुन्छ । यही पेशाबाट नै हाम्रो परिवारको गुजारा, चलाउनु पर्ने हुन्छ । हाम्रो परिवार संयुक्त परिवार हो धेरै जना छौं । आफ्नो जग्गा जमिन पनि छैन । दाईहरुको विवाह भएको छ । उहाँहरुले पनि सिलाएर नै जीविकोपार्जन गर्ने गर्नुहुन्छ । मलाई पढाउन सहयोग बाबा आमाबाट मात्रै हुने गर्दछ । मेरी दिदी लक्ष्मी परियारले स्नातक पढ्नुहुन्छ उहाँलाई पढ्न साह्रै गाह्रो परेको छ । आर्थिक अवस्थाले गर्दा मैले पनि १२ कक्षा पास भएपछि स्नातक पढने इच्छा छ तर घरको आर्थिक अवस्थाले गर्दा इच्छा पूरा नहोला जस्तो छ । स्नातक पढन गाउँबाट टाढा जानुपर्ने हुन्छ अबको पढाइ गाउँमा बसेर पढे जस्तो हुँदैन धेरै पैसाको आवश्यकता पर्दछ  क्याम्पसमा छात्रवृत्ति पाउन पाए सजिलै पढ्ने वातावरण सिर्जना हुन्थ्योकि भन्ने आशा छ ।

कुनै संघ संस्थाले सहयोग गरेपनि मेरो पढ्ने इच्छा पूरा हुने थियो । यस्तो अवस्था सिर्जना भएमा मैले धेरै नै मिहिनेत गरेर पढने छु र दलित महिलाहरुको बीचमा उदाहरणीय कार्यक्रमहरु ल्याएर हाम्रो गाउँलाई शिक्षित गाउँको रुपमा अगाडि बढाउने प्रयास गर्ने थिए ।

राम्रो जागिर पाएमा जागिर गर्दै पढाइलाई पनि निरन्तरता दिने विचार थियो । मैले डिग्री पढेर दलितहरु र हामीजस्ता पढ्न चाहेर पनि पढ्न नसक्ने गरिबहरुलाई सहयोग पुऱ्याउन चाहन्छु । दलितहरु पछाडि पर्नुको कारण शिक्षाको अभाव र चेतनाको कमीले गर्दा हो


## ५.२ दलित समुदायमा आर्थिक अवस्थाप्रतिको दृष्टिकोण

आर्थिक विकासमा दलित महिलाको महत्त्वपूर्ण भूमिका हुँदाहुँदै पनि आर्थिक स्रोतहरुमा महिलाहरुको न्यून पहुँच देखिएको छ । जमिन तथा अन्य सम्पतिमा महिलाको पहुँच वैवाहिक स्थितिबाट निर्धारित हुन्छ । दलित महिलाहरुले घरायासी पारिवारिक तथा पुन उत्पादनका क्रियाकलाप एकलौटी तरिकाले धानि राखेका छन् । आफ्ना पुरुषहरुलाई घरबाहिरका कार्यमा तथा उत्पादनशिल कार्यमा लाग्न प्रेरित गरेका छन् । दलित महिलाहरुको शिक्षा प्राप्तिलाई विभिन्न अवस्थाले प्रभाव पार्ने गर्दछ । त्यस मध्ये आर्थिक अवस्था महत्त्वपूर्ण अवस्था हो । यदि कुनै घरपरिवारको आर्थिक अवस्था सबल छ भने शिक्षा प्राप्तिका असरहरु पनि उच्च हुन्छन् भने आर्थिक अवस्था दुर्बल भएका घर परिवारका लागि शिक्षा प्राप्त गर्ने अवसरहरु  पनि निम्न हुन्छन् । कुनै पनि घर परिवारको आर्थिक अवस्था कस्तो छ ? आर्थिक अवस्थाप्रति दलितपरिवारको दृष्टिकोण के छ बुझ्नको लागि अन्तर्वार्ता लिइएको थियो । तलको तालिकाबाट प्रष्ट हुन सकिन्छ ।

**तालिका : ५.२ दलितहरुको आर्थिक अवस्थाप्रतिको दृष्टिकोण**

| क.सं. | आर्थिक अवस्थाप्रति असुष्टि | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ५ | ८.३ |
| २ | छैन | २७ | ४५.० |
| ३ | ठीकै छ | २८ | ४६.७ |
| जम्मा | | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०




चित्र : ५.२ दलितहतालकारुको आर्थिक अवस्थाप्रतिको दृष्टिकोण

यहाँका दलित समुदायमा आर्थिक अवस्थाप्रतिको दृष्टिकोणलाई आँकलन गर्नको लागि ६० घर परिवारमा अन्तर्वार्ता लिइएको थियो । जसमध्ये आफ्नो आर्थिक अवस्थाप्रति सामान्य सन्तुष्ट छ भन्ने घर परिवार ५ देखिए जुन कूल सङ्ख्याको ८.३ प्रतिशत हुन आउँछ भने आर्थिक अवस्थाप्रति असन्तुष्ट घर परिवार २७ देखिए जुन कूल सङ्ख्याको ४५ प्रतिशत हुन आउँछ भने आर्थिक अवस्था जे जस्तो भए पनि जीविकोपार्जन चलेकै छ भन्ने घर परिवार २५ देखिए जुन कूल सङ्ख्याको ४६.७ प्रतिशत हुन आउँछ । आर्थिक अभावमा सधैँ भरि पीडित भै बाँच्न पर्ने यस दलित समुदायमा आर्थिक कारणले नै शिक्षामा ठूलो प्रभाव पारेको देखिन्छ ।

## ५.३ विद्यालयमा हुने कुनै पनि क्रियाकलापमा हुने जातीय भिन्नता

अहिलेको एक्काइसौ शताब्दीमा आइपुग्दा पनि यो समुदाय रोग, भोग गरिबी, अशिक्षा, छुवाछुत, विभेदको सामना गर्नु परिरहेको छ । वर्तमान अवस्थामा विद्यालयमा छुवाछुतको व्यवहार नपाइएता पनि पहिले पहिले विद्यालयमा धेरै नै छुवाछुतको व्यावहार भोग्नु पर्दथ्यो । त्यही विद्यालयमा हुने छुवाछुतले गर्दा पनि यहाँका दलित महिलालाई पढ्न बाधा परेको थियो तर अहिले भने यस्ता व्यवहार क्रियाकलापमा धेरै सुधार भएको कुरा स्थलगत सर्वेक्षणबाट थाहा

पाउँन सकिन्छ । विद्यालयमा शिक्षकहरुबाट दलित विद्यार्थीहरुलाई हुने व्यवहारहरुको सर्वेक्षण तलको तालिकाबाट स्पष्ट हुन्छ ।

**तालिका : ५.३ विद्यालयमा हुने कुनै पनि क्रियाकलापमा हुने जातीय भिन्नता**

| क.सं. | विद्यालयका क्रियाकलापमा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अतिरिक्त क्रियाकलापमा | ३ | ५.० |
| २ | शैक्षिक क्रियाकलापमा | १ | १.६६ |
| ३ | अन्य | ० | ० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

विद्यालयमा शिक्षकहरुबाट दलित विद्यार्थीहरुलाई नगण्य मात्रामा जातीय भेदभाव भएको यो माथिको आँकडाबाट थाहा पाउन सकिन्छ । विद्यालयमा दलित विद्यार्थीहरुले अतिरिक्त क्रियाकलापमा ३ वटा घर परिवारका विद्यार्थी जातीय भिन्नताको महशुस गरेका रहेछन् । जुन कूल सङ्ख्याको ५ प्रतिशत हुन आउँछ भने शैक्षिक क्रियाकलापमा विभेद १ घरपरिवारमा मात्र थाहा हुन आयो जुन कूल सङ्ख्याको १.६६ प्रतिशत हुन आउँछ । विद्यालयमा दलित छात्र छात्राले शिक्षकहरुबाट केही मात्रामा भएपनि जातीय विभेद महशुस भने गर्दा रहेछन् भन्ने कुरा स्पष्ट भयो । अहिले यस्तो अवस्थामा आए पनि पहिलेका केही अवशेषहरु मेटिइ नसकेको अवस्था रहेछ भन्ने कुरा यो तालिकाबाट थाहा पाउन सकिन्छ ।



**वैयक्तिक अध्ययन तीन**

**नाम सरिता नेपाली**

**वर्ष : २२**

**शिक्षाः वि.वि.एस दोस्रो वर्ष**

मेरो घर पर्वत जिल्लाको बाजुङ गा.वि.स. को वडा नं. ३ को धमिलापानीमा पर्दछ । हाम्रो परिवार संयुक्त परिवार हो । बुबा आमा साक्षर भए पनि राम्रो शिक्षा दिक्षा लिनु भएको छैन । म दुई दाइको एकली बहिनी हुँ । बुबा सानै उमेरदेखि नै विदेशमा जाने आउने गुर्नहुन्छ । दाइहरुलाई पनि बुबा आमाको पढाउने ठूलो मान्छे बनाउने इच्छा हो तर एस.एल.सी पास

गरेपनि उच्च शिक्षा भने हासिल गर्न सक्नु भएन उहाँहरुलाई गाउँको विदेश जाने लहरले नै आकर्षण गर्न सफल भयो र घरको आर्थिक अवस्था पनि कमजोर नै हुनाले पनि उहाँहरुको पढाइमा बाधा पुग्यो । अर्को कारण दाइहरुको विवाह पनि सानै उमेरमा भएकोले पनि पढाइलाई निरन्तरता दिन अप्ठ्यारो भएको हो । हाम्रो गाउँ समाजमा आफ्नो खुट्टामा उभिन नपाउँदै सानै उमेरमा विवाह गर्ने चलन छ जसले गर्दा शिक्षाको क्षेत्रमा साह्रै नै नकारात्मक असर पुग्न गएको छ ।

घरसमाजमा जे-जस्तो स्थिति भएपनि मैले आफै संघर्ष गरेर हुन्छ कि कुनै संघ संस्थालाई गुहारेर हुन्छ जागिर गरेर मेरो पढाइलाई पूरा गर्ने अठोट लिएकि छु कतिसम्म सफल हुन सक्छु हेरौँ । मैले पढ्ने क्याम्पसमा छात्रवृत्ति दिए सजिलो हुन्थ्यो । मैले मेरो पढाइलाई एम.वि.एस सम्म पुऱ्याउने लक्ष्य लिएकी छु । आफ्नो खुट्टामा नउभिएसम्म विवाह नगर्ने सोच लिएकी छु । घरमा पनि विवाह गर्नुपर्छ भनेर अहिलेसम्म दबाब दिनुभएको छैन ।

मैले धेरै पढेर केही गरेर घर परिवार र यहाँको समाजमा उदाहरणिय दलित महिलाको रुपमा आफूलाई उभ्याउने इच्छा छ । शिक्षाप्रतिको सकारात्मक सन्देश दिने इच्छा म मा छ । दलितहरुलाई शिक्षा दिएर चेतनाको विकास गराएमा समाजको परिवर्तन सकरात्मक तिर सम्भव छ जस्तो मलाई लाग्छ ।


## ५.४ दलित समुदायका बालबालिकाको सम्पर्क

अध्ययन क्षेत्रमा लिइएको अन्तर्वार्ता अनुसार दलित समुदायका बालबालिकाहरु र अन्य जातिका बालबालिकाहरु बीच कस्तो खालको सम्बन्ध हुन्छ वा सम्बन्ध नै हुँदैन । आफ्नै समुदायका बालबालिकासँग मात्र हुन्छ कि भन्ने सबालमा निम्न अनुसारको तथ्याङ्क रहेको छ :

**तालिका ५.४ दलित समुदायका बालबालिकाको सम्पर्क**

| क्र.सं | जाति | घरपरिवार | प्रतिशत | |
|---|---|---|---|---|
| १ | माथिल्लो जाति | १६ | २६.६६ | |
| २ | आफ्नै | १५ | २५ | |
| ३ | दुबैसँग | २९ | ४८.३३ | |
| जम्मा | | ६० | १०० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०




यो सर्वेक्षण अनुसार दलित जातिका बालबालिका माथिल्लो जातिसँग हिड्नेको सङ्ख्या १६ घरधुरी पाइयो । जुन कूल घर धुरीको २६.६६ प्रतिशत हुन्छ । आफ्नै जातिसँग हिड्नेको सङ्ख्या १५ घरधुरी पाइयो जुन कूल घरधुरी सङ्ख्याको २५ प्रतिशत हुन्छ । दुबैसँग हिड्नेको सङ्ख्या २९ पाइयो जुन कूल घरधुरीको ४८.३३ प्रतिशत हुन्छ ।

दलित जातिका छोराछोरी विद्यालयमा दुबै जातिसँग हिड्ने सङ्ख्या धेरै पाइयो । जसको कारण यो समाजको नजिकै अन्य जातिहरु पनि धेरै नै हुनु हो । यस समुदायका दलित जातिका छोराछोरीहरुले पढ्ने विद्यालयमा अरु जातिको तुलनामा आफ्नो जाति कम भएकोले आफ्नै जातिसँग कम हिडेको सर्वेक्षणबाट थाहा पाउन सकिन्छ । विद्यालयमा छुवाछुतको भावन देख्न पाइदैन भन्ने कुरा पनि उनीहरुबाट सुनीयो । दलित भनेर उहिले-उहिले जस्तो अहिले विद्यालयमा शिक्षक तथा शिक्षिकाले फरक व्यवाहार नगर्ने दलितहरुलाई पनि उपल्ला जाति सरह नै समान व्यावहार गरेको दलित भनेर हेप्ने होच्याउने तथा छुट्टै बस्नुपर्ने बाध्यता नभएको दलितले राखेका तथा सोधेका प्रश्नको जवाफ नदिने प्रवृत्ति नरहेको पाइयो । यी सबै तथ्यहरुबाट विद्यालयको वातावरण विभेद रहित रहेछ भन्न सकिन्छ ।

## ५.५ शिक्षाले दलित समुदायमा पारेको प्रभाव

शिक्षा मानव जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषय हो । शिक्षाविनाको जीवनको कल्पना वर्तमान समयमा ज्यादै कष्टकर र दुखदायी हुन्छ । मानव जीवनलाई सार्थक र सरल मार्गमा बढाउन शिक्षाको अहम भूमिका हुन्छ । शिक्षालाई मूलतः औपचारिक र अनौपचारिक शिक्षा गरी दुई भागमा विभाजन गर्न सकिन्छ । व्यक्तिले आफ्नो परिवार छरछिमेक, आफ्नो सम्पर्कमा रहने अन्य व्यक्ति वातावरण इत्यादी माध्यमहरुद्वारा अनौपचारिक शिक्षा र ज्ञान हासिल गर्दछ भने सरकारी तवरमा विद्यालय महाविद्यालय अर्थात् अन्य कुनै निर्दिष्ट औपचारिक संघ संस्थाहरु बाहेक अन्य अनौपचारिक माध्यमद्वारा हासिल गर्ने शिक्षालाई अनौपचारिक शिक्षा भन्ने गरिन्छ । शिक्षा सकारात्मक उद्देश्य भएको वस्तु भएतापनि समाज, समय, परिभाषा, बुझाइ अनुसार नकारात्मक तरिकाले पनि हेर्ने गरिन्छ । कुनै कुनै समुदायमा पढेर केही हुँदैन पढेर मान्छे झन् विग्रिन्छ भन्ने भावना समेत रहने गर्दछ । दलित समुदायमा पढेका छोरीहरु विग्रन्छन् आफैं विवाह गर्दछन्, छोरीलाई पढाएर अर्थ छैन, खर्च मात्र हो र पढाइले नराम्रो असर पार्दछ भन्ने सोचाइ पनि राख्दछन् । त्यसैले यहाँको दलित समुदाय शिक्षाले सकारात्मक या नकारात्मक प्रभाव फैलाउन सफल भएको छ । त्यसको बारेमा तलको तथ्याङ्कबाट प्रष्ट हुन्छ ।

**तालिका : ५.५ शिक्षाको चेतनाले दलित समुदायमा पारेको प्रभाव**

| शिक्षाको चेतनाले समाजमा पारेको प्रभाव | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सकारात्मक | ५५ | ९१.७ |
| नकारात्मक | ० | ० |
| कुनै नि छैन | ५ | ८.३ |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

उक्त तालिकाबाट के स्पष्ट हुन्छ भने शिक्षाप्रति नकारात्मक सोच बनाउने दलित अभिभावकहरु क्रमश घट्दै गएको थाहा पाउन सकिन्छ । उनीहरुले शिक्षालाई सकारात्मक प्रभाव पार्न वस्तुको रुपमा लिन थालेका छन् । कूल ६० घर मध्य ५५ घर परिवारमा शिक्षाको प्रभाव सकारात्मक परेको छ भन्ने राय आयो भने जुन कूल सङ्ख्याको ९१.७ प्रतिशत हुन

आउँछ र ५ घर परिवारले कुनै पनि प्रभाव परेको छैन भने जुन कूल सङ्ख्याको ८.३ प्रतिशत हुन आउँछ । शिक्षाको प्रभाव नकारात्मक भन्ने घरपरिवार भन्ने थिएनन् ।

## ५.६ छोराछोरी विद्यालयबाट फर्केपछि गराइने क्रियाकलाप


यस क्षेत्रका अधिकांश दलितहरुको आर्थिक अवस्था न्यून छ बाह्रैमास घाँसदाउरा र अन्य काममा व्यस्त हुनुपर्ने दलित समुदायमा उनीहरुका छोराछोरीहरु पनि स्वभाविक रुपमा घरायसी काममा सहभागी हुन बाध्य छन् । त्यही काममा सघाउने र घरमा भित्रि काम एवम् खानपानमा सघाउन बाध्य छोरीहरुको दयनीय स्थिति छ । विद्यालय जाँदा पनि काम गरेर नै जानुपर्ने र फर्केपछि पनि घरायसी काम गर्नुपर्ने उनीहरुको दैनिकी नै बनेको छ । कहिलेकाँही त घरको कामका लागि विद्यालय नै छोड्नु पर्ने पनि हुन्छ । कहिलेकाँही विद्यालयबाट विदा मागेर छिट्टै नै घरको कामको लागि फर्किनु पर्ने हुन्छ । यहाँका दलित समुदायका छोराछोरी मध्य छोरीहरु विद्यालयबाट फर्के पछि के गर्छन ? भन्ने प्रश्नको जवाफको उत्तर नमुना सर्वेक्षणको अन्तर्वार्ताबाट थाहा पाउन सकिन्छ । जसलाई तलको तालिकामा स्पष्ट पारिएको छ ।

**तालिका : ५.६ छोरीलाई विद्यालयबाट फर्केपछि गराइने क्रियाकलाप**

| क्रियाकलाप | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| घासँ दाउरा | २० | ३३.३३ |
| सरसफाई | १४ | २३.३३ |
| ज्यालादारी | २ | ३.३३ |
| लेखपढ | १० | १६.६६ |
| खेलकुद | ८ | १३.३३ |
| अन्य | ६ | १० |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

**तालिका : ५.४ छोरीलाई विद्यालयबाट फर्केपछि गराइने क्रियाकलाप**




उक्त तालिका अनुसार सबैभन्दा बढी २० घर परिवारमा छोरी विद्यालय बाट फर्केपछि घरको काम र घासँ दाउरा गर्नुपर्ने वाध्यता रहेको देखिन्छ जुन कूल सङ्ख्याको ३३.३३ प्रतिशत हुन आउँछ । त्यस्तै सरसफाई घरमा भाइ बहिनीलाई हेरचाह गर्नुपर्ने वाध्यता भएका घरपरिवार १४ देखिए जुन कूल सङ्ख्याको २३.३३ प्रतिशत हुन आउँछ । अर्काको घरमा काम गर्न जाने घर परिवार २ वटा मात्र देखिए जुन कूल सङ्ख्याको ३.३३ प्रतिशत हुन आउँछ । ऋमश लेखपढ गर्ने १० घरपरिवार भेटिए र खेलकुदमा जाने ८ घरपरिवार का छोरीहरु भेटिए जुन कूल सङ्ख्याको लेखपढ गर्न १६.६६ प्रतिशत र खेलखेल्ने १३.३३ प्रतिशत हुन आउँछ । अन्य काममा खटिने परिवारका छोरीहरु ६ देखिए भने यो कूल सङ्ख्याको १० प्रतिशत हुन आउँछ । छोरीहरु विद्यालयबाट फर्केपछि प्रायःजसोले घरको काम गर्ने, पानी भर्ने खाना पकाउने, र घाँस दाउरा गर्ने गरेको पाइयो । स्कूल बाट फर्केपछि पढ्ने गृहकार्य गर्ने छोरीहरु नगण्य मात्रामा भएको थाहा हुन आउँछ ।

दलित वस्तिका कुनै पनि छोरीहरुले पढेर जागिर खाएको भेट्न सकिएन एक जना पुरुषले सुब्बामा जागिर खाएको बाहेक निजामति शिक्षक सेवातिर जागिर खाएको भेट्न सकिएन । अलिअलि आर्मी पुलिसतिर भर्ती भएका पुरुषहरु छन् र प्राय सबै घरका युवाहरु या पुरुष घरमुलि वैदेशिक रोजगारमा गएको देखियो । प्रायः इन्डिया, अरव, कतार र मलेसिया गएका छन् । वैदेशिक रोजगारी बाट प्राप्त रकमले केही मात्रामा भए पनि शिक्षामा लगानि गर्ने सक्ने भएका छन् भने आर्थिक उन्नति पनि विस्तारै वढ्दै गइराखेको देख्न सकिन्छ । घरहरु

वनाउने मोवाइल टि.भी राम्रो सरसफाइमा ध्यान दिने कोही कसैले जग्गा जमिन पनि जोड्ने समेत गरेका छन् । वैदेशिक रोजगारबाट केही मात्रामा भएपनि राहत को महसुस दलित समुदायमा भएको आभाश पाउन सकिन्छ ।

## ५.७ महिलाको शैक्षिक स्तरमा परिवर्तन

मानवसमाज र सँस्कृतिको उत्पतिदेखि वर्तमान अवस्थासम्म आईपुग्दा महिला सम्बन्धमा भएका सामाजिक, आर्थिक, साँस्कृतिक र शैक्षिक परिवर्तनहरु भइ राखेका छन् । यी विभिन्न पक्षहरु मध्ये शैक्षिक परिवर्तन यस अध्ययनको मुख्य केन्द्र हो । त्यसैले यस समुदाय महिलाको शिक्षामा के कसरी कुन दरले परिवर्तन भएको छ त्यसलाई यस  खण्डमा केलाउने प्रयास गरिने छ । यस समाजमा आएको छुवाछुत सम्बन्धी परिवर्तन पनि शिक्षा र चेतनासँग जोडिएकोले यस अध्ययनमा समावेश गरिएको छ । विद्यालयमा जातीय सामाजिक, साँस्कृतिक र लैङ्गिक कुनै पनि पक्षबाट विभेद नभएको कुरा सर्वेक्षण बाट अवगत् हुन्छ । विगतमा विभेद भएको भएतापनि हाल जातीय भेदभाव उन्मुलन नै भएको जस्तो यस समुदायमा पाइयो ।

यस समुदायमा जातीय भेदभाव विरुद्ध व्यवस्थित तरिकाले कुनै विरोध आवाज नउठाए पनि विस्तारै स्वतः स्फुर्तरुपमा चेतनाको लहरसँगै छुवाछुत सम्बन्धि धारणा उखेलिएर गएको पाइयो । बूढा पाका सँगको अन्तर्वाता लाई हेर्दा पहिले पहिले छुन पनि नहुने अरु जातलाई छोएमा सुनपानि हाल्नु पर्ने आवाज निकाल्न उठाउन सकिदैनथ्यो भन्ने सुनियो तर अहिले त धेरै कुरा सपना जस्तो भइसक्यो भन्ने जवाफ पनि आए । अहिले कुनै पनि सार्वजनिक ठाउँ वाटो मन्दिर धारा कुवामा त्यस्तो व्यवहार व्यहोर्नु नपर्ने भएको छ । नेपालका अन्य ठाउँमा जातीय भेदभाव विरुद्ध भएका घटना समाचार को तुलनामा यस समुदाय साह्रै नै शान्त र सभ्य जस्तो लाग्छ भन्ने दलित हरु पनि यही समुदायमा नै छन् ।

यहाँका दलित समुदायमा सँस्कृतिग्रहणको प्रक्रिया पनि देख्न सकिन्छ । अरु उपल्ला जाति र दलित जाति बीचमा चाडबाड रहनसहन वोलीचालिमा पनि विस्तारै एकरुपता हुँदै गइ रहेको पनि छ । धामी झक्रीमा कतिको विश्वास लाग्छ भन्ने क्रममा विश्वास त गर्छौं तर हस्पिटल पनि जाने गर्छौ भन्ने उत्तर आयो । धेरै जसो पहिला भुतप्रेतको शंका गर्ने र नभए पछि डक्टरकोमा गएर औषधी खाने गरेको देखियो ।

प्राय  उत्तरदाताहरु मध्ये धेरै निरक्षर र साक्षर भएकाहरु पनि प्रा.वि. तहभन्दा माथि पढेका कम नै देखिए । आफूले नपढे पनि आफ्ना छोरा छोरीहरुलाई भने पढाउने इच्छा भएको कुरा व्यक्त गरे तर छोरा छोरीहरुले पनि बाबुआमाले इच्छा गरे अनुसार नपढ्ने पढाइतिर ध्यान नदिने २-४ कक्षा पढेपछि स्कुल जान नै छोड्दिने पनि गर्दा रहेछन् । केहीले यसरी बीचमा नै पढाइ छाड्ने गरे पनि धेरैले पढाइलाई निरन्तरता दिन खोज्नेहरु पनि भेटिए ।

## ५.८ विगत र वर्तमानको अवस्था

शैक्षिक इतिहासमा यस गा.वि.स.लाई नियाल्दा वि.सं. २०१२ सालबाट गुरुकुल शिक्षाप्रणालीबाट शिक्षा लिने गरिन्थ्यो । जसमा जिम्वाल, मुखियाहरु र गाउँका ठूलावडा मानिसहरुले घरमै पढाउने मानिस राखेर आफ्ना छोराछोरीहरुलाई शिक्षा दिन्थे । ब्राह्मण जातिका मानिसहरु दुर्गाकवच, चण्डी वेद, तथा कर्मकाण्ड शिक्षा, गुरु पुरेतहरु राखी अध्यापन गराउने गर्दथे तर रोग, भोग, गरिबी छुवाछुत विभेदको शिकार बन्दै गरेका दलित समुदाय भने शिक्षाको उज्यालो प्रकाशबाट पछाडि नै परेका थिए । सार्वजनिक जीवनका हरेक क्षेत्रबाट पाँखा पारिएका दलित समुदाय आफैं पछि परेका होइनन् । पाँखा पारिएका थिए ।

बाजुङ गा.वि.स. मा वि.सं २०१२/१२/८ गते २००७ सालको परिवर्तनको कारण श्री महेन्द्र शिखरी प्राइमरी स्कुलको स्थापना भएको थियो त्यस बेला देखिनै यस गा.वि.स.मा औपचारिक शिक्षाको सुरुवात भएको पाइन्छ । वि.सं. २०१५ सालमा नि.मा.वि. तथा २०३६ सालमा माध्यमिक विद्यालयमा रुपान्तरण भयो भने २०६३ सालबाट उच्च मा.वि. मा परिणत भएको थियो । हाल यस गा.वि.स. मा ६ वटा प्रा.वि. १ वटा नि.मा.वि. १ वटा मा.वि. र १ वटा उच्च मा.वि. गरी ९ विद्यालय रहेका छन् । यसरी शैक्षिक वातावरणको कुरा गर्दा गा.वि.स.मा सहज देखिन्छ तर पनि दलित समुदायको यस गा.वि.स. भएको शैक्षिक इतिहास जस्तै लामो शैक्षिक अवस्था भने देख्न सकिदैन । पहिले जस्तो शिक्षामा दलित समुदायको पहुँच नभएको होइन तर पनि शैक्षिक स्थिति अरु जाति सरह पुग्न भने अझै पनि समय पुगेको छैन् जस्तो देखिन्छ । अहिले पढ्दै गरेका दलित छात्राहरुको विद्यालयको रेकर्ड हेर्दा प्रा.वि. तहमा राम्रै देखिए पनि नि.मा.वि., मा.वि., उच्च मा.वि. मा भने ज्यादै न्यून सङ्ख्यामा दलित छात्राहरु रहेकोबाट अझै केही वर्ष दलित महिलाको शैक्षिक स्तरमा वृद्धि नहुने देखिन्छ ।

विद्यालयको पहुँच सरल भए पनि अहिलेसम्म यस गा.वि.स.मा जम्मा २ जना दलित महिलाले स्नातक अध्ययन गर्दै छन् भने कक्षा १२ मा ३ जना दलित महिला र कक्षा ११ मा २ जना दलित महिला अध्ययन गर्दछन् । शिक्षाको क्षेत्रमा लामो इतिहास बोकेको गा.वि.स. दलित जनसङ्ख्या लगभग हजार भएपनि शिक्षामा दलित महिलाको सहभागी प्रतिशत ज्यादै न्यून हुनु यस गा.वि.स.लाई मात्र नभएर देशको लागि समेत चुनौतिको विषय हो । यदि रामैसँग पढेमा प्रा.वि. तहमा भने सरकारी नीति तथा चेतनाको वृद्धिले गर्दा अलि राम्रो अवस्था छ ।

समग्रमा दलित जातिमा पनि कामी जातिको शैक्षिक स्थिति राम्रो देखिन्छ । त्यसपछि दमाइ जातिको शैक्षिक पहुँच भन्दा सार्की जातिको शैक्षिक स्थिति न्यून देखिन्छ तर स्नातक पढ्ने दलित महिला सार्की दमाई हुन् भने १२ कक्षामा पढ्ने दलित महिला दमाइ कामी सार्की तिनवटै जातिका १-१ जना रहेका छन् ।

## ५.९ छुवाछुत तथा जातीय भेदभाव सम्बन्धी धारणामा परिवर्तन

दलित समुदायहरु जो हिन्दु समुदायको एउटा हिस्सा हुन जसलाई सयौवर्षदेखि आफ्नै श्रमबाट सिर्जना गरिएको ज्ञान र सभ्यताको प्रयोगमा समेत निषेध गरियो । समाजमा सबैभन्दा कठीन काम फोहोर व्यवस्थापन गर्ने काम उसैको वंशलाई थोपारियो । नेपाली समाजमा अझै पनि करिब ४० लाख दलितहरु र यसको आधा जनसङ्ख्या ओगटने दलित महिलाहरु छन् जसलाई नियमित रुपमा नै जनावरको भन्दापनि तल्लो स्थानमा राख्ने काम हिन्दु वर्णवादी समाजले गऱ्यो । अझैपनि नेपाली समाजमा दलित महिलामाथि बोक्सीको आरोप लगाउनु सामान्य घटना मानिन्छ । दलित महिलालाई सामूहिक बलात्कार गर्नु, दलित महिलाले कथित उपल्लो जातिसँग अर्न्तजातीय विवाह गरेको कारणले मारिन पर्ने अवस्थाको अन्त्य अझै हुन सकेको छैन् । यसका साथै विभिन्न स्थलहरुमा छुवाछुतको दुर्व्यवहार भोग्नु परेको अवस्थाले उनीहरु सामाजिक रुपमा अपहेलित गैह्र दलित महिलाले दलित महिलालाई नकारात्मक भावनलो हेर्नु, हेपाहा शोषण गर्ने प्रवृत्ति हावी हुनु उनीहरुको काममा कम मूल्याङ्कन गर्नु हेयको दृष्टिकोणले हेर्नु, अनादर गर्नेजस्ता व्यवहारलाई सहनु पर्ने बाध्यता छ, उनीहरुको आर्थिक स्रोत गैहदलितको घरमा ज्याला मजदुरी गर्ने मानिन्छ । घर समाजमा चल्नको लागि माथिल्लो जातिप्रति उत्तरदायी हुनुपर्ने अवस्थाले गर्दा पनि पीडित भएर जस्तोसुकै बाधा अड्चन सहनु

पर्दछ । यस समुदायका महिलाले धारा, कुवा, मन्दिर, घर, भोज, भतेर आदिमा बढी छुवाछुतको समस्या भोग्ने गर्दछन् । उनीहरुलाई सम्बोधन गर्दा दमिनी, सर्किनी, कमिनी भनेर भनिन्छ ।

सिङ्गो जनसङ्ख्याको १० प्रतिशत जनसङ्ख्या ओगटेका दलित महिलाहरु नेपाली समाजका सबैभन्दा श्रमजीवि वर्ग हुन् । आम महिला भन्दा हरेक कोणबाट दलित महिलाहरु परिश्रमी छन्, सबै भन्दा फोहोर मानिएका काम गर्ने कडा परिश्रम गर्दछन् । नेपालका विविध स्थानमा बसोबास गर्ने यी दलित जाति विशेषत पहाडी क्षेत्र तथा तराइ प्रदेशमा बसेका छन् । आजभोलि सबैतिर न्यून सङ्ख्यामा छरिएर बसोबास गरेका छन् । यसै क्रममा नेपालका विविध स्थानमध्ये पर्वत जिल्लाको बाजुङ गा.वि.स.मा पनि यिनीहरु धेरै अघिदेखि बसोबास गर्दै आइरहेका छन् ।

पहिले दलितहरुले उपल्ला जातिका मानिसलाई भेटेमा बाटो छोड्न पर्ने तर्कनु पर्ने छोइएमा उपल्ला जातिकाले चोखिनु पर्ने, नुहाउनु पर्ने हुन्थ्यो भन्ने कुराहरु बूढा पाकाले गर्दछन् तर अहिले आएर त्यसरी बाटोमा भेटिए पनि छोइए पनि केही गर्नु नपर्ने अवस्था सिर्जना भएको छ । यहाँका नयाँ पुस्ताहरुले छुवाछुत जातीय भेदभावलाई स्वीकार गर्दैनन् । यसलाई हामीले सकारात्मक परिवर्तनका रुपमा देख्न सकिन्छ । पहिले छोरीलाई पढाउनु हुँदैन भन्ने सोचाइ समाजमा हुन्थ्यो तर अहिले यसमा पूर्णरुपमा परिवर्तन आएको छ ।

पछिल्लो समयमा देखिने गरी भएको परिवर्तन मध्य एक हो छुवाछुत सम्बन्धी धारणामा परिवर्तन । अहिले उपल्ला जातिका युवा वर्गले सामाजिक कुरीतिलाई पनि साथ नदिने भएकाले क्रमश जातीय भेदभाव हट्न थालेको देखिन्छ । पहिले जस्तो जथाभावी दिशा पिशाव गर्ने, फोहोर गर्ने, सुगुर पाल्ने, जाँड रक्सी बढी खाने व्यवहारलाई हटाएका छन् । सफा सुग्घर रहने, चर्पी निर्माण गर्ने, सुगुर नपाल्ने मान्यतालाई जोड दिएका छन् । सामाजिक एकता र सद्भावनाको जागरण बढ्दै गएको छ । पहिले-पहिलेजस्तो रुढीवादी मात्र नभइ सामाजिक चेतनाको लहर बढ्न थालेको देखिन्छ ।

छुवाछुत सम्बन्धी धारणामा पहिले र अहिलेमा धेरै परिवर्तन भएको कुरा सबै दलितहरुले स्वीकार गर्दछन् । अहिले छुवाछुत सम्बन्धी व्यावहार हरेक ठाउँबाट हट्दै गएको स्पष्ट अनुभव गर्न सकिन्छ भनेर दलित पुरुष तथा महिलाले भन्दछन् । अहिले मन्दिरमा जान पनि छुट छ, सार्वजनिक स्थलहरुमा पनि त्यस्तो व्यावहार भोग्न नपर्ने भएका छौं भन्ने उत्तर

समेत दिए । स्कुलमा पनि दलित छात्र छात्राहरुले जातीय भेदभाव छुवाछुतसँग सम्बन्धित व्यावहार भोग्नु नपर्ने बताउछन् । यी सबै तथ्यहरुबाट हामीले बुझ्न सकिन्छ कि समाजमा हुने भेदभाव पूर्ण व्यवहार क्रमशः स्वतस्फूत रुपमा हटेर जाने रहेछ । समयको परिवर्नतसँगै सामाजिक, शैक्षिक, आर्थिक पक्षहरु पनि परिवर्तन भएका छन् । दलित र गैह्र दलित बीचको असमानपूर्ण खाडल पुरिदै गएको छ ।

## ५.१० दलित महिलाको शैक्षिक अवस्थामा परिवर्तन

दलित समुदायमा पहिले जस्तो शिक्षाबाट बञ्चित हुनपर्ने अवस्था छैन । पहिलेका पुस्ताले शिक्षा आर्जन गर्न नसक्ने स्थिति भएपनि अहिलेका पुस्ताले शिक्षा प्राप्त गरेका छन् । त्यसैगरी अहिलेको दलित महिलाले पनि पहिलेका महिलाले जस्तो शिक्षा लिनबाट बञ्चित हुनु परेको छैन । गैह्रदलितका छोराछोरी सरह एउटै विद्यालयमा अध्ययन गर्दछन् । अध्ययनको शिलशिलामा लिइएको अन्तर्वार्ताबाट पनि विद्यालयमा सबै भन्दा कम छुवाछुत सम्बन्धी व्यावहार हुने ठाउँ हो । विद्यालय कुनै पनि जातीय लैङ्गिक छुवाछुत सम्बन्धी दुर्व्यव्यवहार बेहोर्न नपर्ने भएको छ ।

दलित समुदायमा पनि पहिले छोरीलाई पढाउनु पर्दैन पढाएर कुनै काम छैन भन्ने अभिभावकहरु हुन्थे भने अहिले आफूले नपढे पनि छोरीहरुलाई पढाउनु पर्छ भन्ने चेतनाको विकास भएको छ । छोरीलाई पढाउनु राम्रो हो या होइन भन्ने प्रश्नको उत्तर ६० वटा घर परिवारमा ६० जनाले नै राम्रो हो भन्ने उत्तर दिए । यस तथ्यबाट पनि विश्लेषण गर्न सकिन्छ कि दलित महिलाको शिक्षामा परिवर्तन आएको छ ।

महिलाको शैक्षिक स्थितिमा आएको परिवर्तनलाई मापन गर्ने सन्दर्भमा तपाईले छोरीलाई कतिसम्म पढाउने विचार गर्नुभएको छ भनेर सर्वेक्षण गरिएको थियो । जसलाई तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका : ५.७ छोरीलाई पढाउने चाहनाको शैक्षिक तह**

| क.सं | शैक्षिक तह | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एस.एल.सि. | २२ | ३६.७ |
| २ | आइ.ए. | १७ | २८.३ |
| ३ | वि.ए. | १२ | २०.० |
| ४ | एम.ए. | ९ | १५.० |
| | | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

छोरीलाई पढाउनु हुँदैन भन्ने पुरातनवादी सोचाइमा परिवर्तन भएर अहिले छोरीलाई शिक्षा दिक्षा दिनु, सचेत बनाउनु, स्वाभलम्बि बनाउनु पर्छ भन्ने अभिभावकहरुको चेतना खुलेको छ । उनीहरुले छोरीहरुलाई उच्च शिक्षा समेत दिलाउने चाहना बोकेका छन् । कूल घरधुरी मध्ये हजुरहरुले छोरीलाई कतिसम्म पढाउने विचार गर्नु भएको छ भनेर अन्तर्वार्ता गर्दा निम्न खालका उत्तरहरु आएका छन् । एल.एल.सी तहसम्म छोरीलाई पढाउने चाहना भएका अभिभावकहरु २२ देखिए जुन कूल सङ्ख्याको ३६.७ प्रतिशत हुन आउँछ । आइ.ए.तहसम्म पढाउने इच्छा भएका घरधुरी १७ देखिए जुन कूल सङ्ख्याको २८.३ प्रतिशत हुन्छ छोरीलाई वि.ए. तहसम्म पढाउने इच्छा भएका घरपरिवार १२ देखिए । जुन कूल सङ्ख्याको २० प्रतिशत हुन आउँछ । छोरीलाई एम.ए तहसम्म पढाउन चाहने दलित घर परिवार ९ भेटिए जुन जम्मा कूल सङ्ख्याको १५ प्रतिशत हुन्छ । छोरीलाई सामान्य शिक्षा होइन कि उच्च शिक्षा दिनुपर्छ भन्ने भावना यहाँका दलित समुदाय हामीले देख्न सक्छौं ।

यो तथ्याङ्कबाट यो भन्न सकिन्छ कि पहिले दलित महिलाले पढनु हुँदैन भन्ने धारणा थियो, घरको कामकाज गर्न सिके पुग्छ पढनु पर्दैन, छोरी मान्छेले पढेर केही काम छैन, अरुको घरमा जाने  जात हो भन्ने जस्ता रुढीवादी धारणा थिए भने अहिले दलित, महिलाहरु पनि पढेर अगाडि बढ्नु पर्दछ भन्ने धारणा आएको छ । दलित महिलालाई घाँस दाउरा चुलोचौका, ज्यालामजदुरी, मेलापातामात्रामा सिमित गरिनुहुँदैन र छोरा सरह समान शिक्षा दिनुपर्दछ भन्ने धारणा आएको छ । महिलाको शैक्षिक अवस्थामा परिवर्तन आएको र दलित समुदायमा महिला शिक्षालाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन द्रुत गतिमा भएको देख्न सकिन्छ ।


## ५.११ दलित अभिभावकले छोरीलाई पढाएर बनाउन चाहने पेशा

यस अध्ययन क्षेत्रमा आएको सामाजिक आर्थिक, शैक्षिक, सांस्कृतिक परिवर्तनसँगै चेतनामा पनि परिवर्तन भएको छ । दलित अभिभावकहरु छोरीलाई पढाउने कुरालाई स्वीकार नगर्ने गर्दथे तर अहिले आएर उनीहरुको सोचाइमा परिवर्तन आएको छ । जसले गर्दा उनीहरुलाई सामान्य शिक्षा मात्र दिने नभइ विभिन्न पेशा अँगालेको हेर्न चाहनेसम्म सोच बनाउन सफल भएका छन् । यस समुदायका अभिभावकलाई तपाईले छोरीलाई पढाएर के बनाउन चाहनुहुन्छ भनेर अन्तर्वार्ता लिइएको थियो जसको नतिजा तलको तालिकाबाट स्पष्टा हुन्छ ।

**तालिका ५.८ छोरीलाई पढाएर बनाउन चाहने पेशा**

| क.सं | बनाउन चाहने पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षक | २२ | ३६.७ |
| २ | स्वाबलम्बी | २६ | ४३.३ |
| ३ | नेता | ७ | ११.७ |
| ४ | सामाजिक कार्यकर्ता | ५ | ८.३ |
| जम्मा | | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०




यस तालिकाबाट जानकारी हुन्छ कि विविध अवस्थामा आएको परिवर्तनसँगै अभिभावकको छोरीको पढाइजीवनप्रति हेर्ने दृष्टिकोणमा पनि परिवर्तन भएको छ । उनीहरुले छोरीलाई पढाउन मात्र चाहँदैनन् पढेर अरु जातिका महिला सरह आफ्नो खुट्टामा उभिएको हेर्न

चाहन्छन् । स्थलगत अध्ययनमा तपाईले छोरीलाई पढाएर के बनाउन चाहनुहुन्छ भनि सोधिएको थियो । जसमा सबैभन्दा धेरै २६ घर परिवारको छोरीलाई पढाएर आफ्नै खुट्टामा उभिएका स्वभालम्बी भएको हेर्न चाहन्छन् । जुन कूल सङ्ख्याको ४३.३ प्रतिशत् हुन आउँछ । २२ घर परिवारले आफ्ना छोरीलाई पढाएर शिक्षक बनाउन चाहन्छन् जुन यस गाउँमा अहिले दलित महिला नभएर पनि उनीहरुको यस्तो इच्छा भएको होला । यो कूल सङ्ख्याको ३६.७ प्रतिशत् हुन आउँछ । कूल सङ्ख्यामा ७ घरपरिवारले छोरीलाई पढाएर नेता बनाउने इच्छा प्रकट गरे जुन कूल सङ्ख्याको ११.७ प्रतिशत हुन आउँछ भने ५ घर परिवारले छोरीलाई पढाएर सामाजिक कार्यकर्ता बनाउन चाहन्छन् जुन कूल सङ्ख्याको ९.३ प्रतिशत हुन आउँछ । दलित समुदायमा पनि छोरीलाई पढाएर ठूलो मान्छे बनाउन सकिन्छ उनीहरुलाई अवसर दिन सके हुन्छ भन्ने मान्यताको विकास भएको छ भन्ने कुरा थाहा पाउन सकिन्छ ।

## ५.१२ महिलाको शैक्षिक अवस्थामा परिवर्तन ल्याउने कारणहरु

**तालिका : ५.९ महिलाको शैक्षिक अवस्थामा परिवर्तन ल्याउने कारणहरु**

| क.सं. | शिक्षामा परिवर्तन आउनको कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छोराछोरी समान हुन् भन्ने भावनाको विकास भएर | ३० | ५० |
| २ | आर्थिक अवस्था राम्रो भएर | १० | १६.६६ |
| ३ | जनचेतनाले गर्दा | ९ | १५ |
| ४ | सरकारको नीति नियमले गर्दा | ६ | १० |
| ५ | सञ्चार माध्यमले गर्दा | ५ | ८.३३ |
| जम्मा | | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

यस तथ्याङ्कबाट प्राप्त जानकारी अनुसार दलित महिलाको शिक्षामा परिवर्तन आउनुको कारणमा सबैभन्दा धेरै ३० घरपरिवारले छोरा र छोरी समान हुन् भन्ने भावना व्यक्त गरे यसै खालको विचारले गर्दा छोरीलाई पढाउन थालेका हौं भन्ने राय व्यक्त गरे । यो विचार कूल सङ्ख्याको ५० प्रतिशत हुन आउँछ । आर्थिक अवस्था पहिलेको भन्दा राम्रो हुँदै गएको छोरा

छोरी दुबैलाई गाउँको स्कुलमा पढाउन खासै समस्या नभएकोले पनि छोरीको शैक्षिक अवस्थामा परिर्वतन आएको हो भन्ने घर परिवार १० देखिए जुन कूल सङ्ख्याको १६.६६ प्रतिशत हुन आउँछ । जनचेतनाले गर्दा दलित महिलाको शिक्षामा परिवर्तन आएको हो भन्ने घर परिवार ९ द्खिए जुन कूल घर परिवारको १५ प्रतिशत हुन्छ । त्यसै गरी सरकारले ल्याएको नीति नियम जस्तै : निशुल्क शिक्षा, छात्रवृत्ति आदि कार्यक्रमले पनि शिक्षामा दलित महिलाको पहुँच बढ्न पुगेको हो भन्ने अभिभावक ६ देखिए, जुन कूल सङ्ख्याको १० प्रतिशत हुन आउँछ । सञ्चार माध्यमले गर्दा छोरीको शिक्षामा परिवर्तन आएको हो भन्ने विश्वास गर्ने अभिभावकहरु ५ देखिए जुन कूल सङ्ख्याको ८.३३ प्रतिशत हुन आउँछ ।


स्थलगत सर्वेक्षणमा दलित महिलाको शिक्षामा परिवर्तन आउनुको कारण के होला भनी अन्तर्वार्ता लिइएको थियो । यो प्रश्नको जवाफ समग्रबाट यसरी आएको छ । हाम्रो समाजमा पहिले जस्तो रुढिवादी विचार छैन । सबैले पढन पाउनुपर्छ, पढनुपर्छ भन्ने मान्यतालाई जोड दिन्छौ । जनचेतनाले गर्दा दलित महिलाले पनि पढ्नु पर्दछ भन्ने धारणा आएको छ । सञ्चार माध्यमहरुले पनि सबैले पढनु पर्दछ भन्ने विभिन्न कार्यक्रमहरु मार्फत पढन उत्साहित गरेका छन् । छोरा छोरीप्रति हेरिने विभेदको भावना हटेको छ । समान रुपले हेर्ने व्यावहारको विकास भएको छ । दलितहरुको आर्थिक अवस्था पनि पहिले भन्दा सुधारिदै जानुले पनि दलित महिलाको शिक्षामा पहुँच बढ्दै गएको हो । दलित महिलाहरुलाई छात्रवृत्तिको व्यवस्था पनि विद्यालय स्तरमा सरकारले गरेको छ । यसले गर्दा पनि उनीहरुलई गाउँमा नै निशुल्क रुपमा शिक्षा आर्जन गर्न सक्ने वातावरणको सिर्जना भएको छ । समाजमा सबैले छोरीलाई पनि पढाएमा अरु सरह अगाडि बढ्न सक्छन् भन्ने विचारको बाहुल्यता रहेको छ । त्यस्तै गरी विभिन्न सरकारी तथा गैह्रसरकारी संघ संस्थाले पनि दलित महिलाको शिक्षाको स्तर विकासको लागि सहयोग पुऱ्याएका छन् ।

## ५.१३ सन् १९९० देखि अहिलेको अवस्थासम्म आइपुग्दा महिलाको शिक्षामा आएका परिवर्तनका क्षेत्रहरु

**तालिका : ५.९ सन् १९९० देखि अहिलेको अवस्थासम्म आइपुग्दा महिलाको शिक्षामा आएका परिवर्तनका क्षेत्रहरु**

| क्र.सं. | परिवर्तनको पक्ष | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जातीय छुवाछुतको अन्त्य | ७ | ११.६६ |
| २ | आर्थिक स्तर वृद्धि हुनु | ८ | १३.३३ |
| ३ | विद्यालयको पहुँच सरल हुनु | ५ | ८.३३ |
| ४ | लैङ्गिक भेदभावको अन्त्य | १९ | ३१.६६ |
| ५ | सन्तान कम जन्माउनु | १ | १.६६ |
| ६ | संघ-संस्थाले शिक्षामा सहयोग पुऱ्याउनु | २ | ३.३३ |
| ७ | जनचेतनाको पहुँच बढ्नु | १० | १६.६६ |
| ८ | पढाइप्रति उत्साहित हुनु | ८ | १३.३३ |
| जम्मा | | ६० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७०




दतिल महिलाको शैक्षिक क्षेत्रमा परिवर्नत आउनको लागि लामो समय र धेरै पक्षहरुमा परिवर्तन आउनु जरुरी थियो । त्यही आवश्यकता परिपूर्तिको लागि दुईदशक अगाडिबाट

अहिलेसम्म आइपुग्दा के-कस्ता पक्षमा परिवर्तन भए र तिनले दलित महिलाको शिक्षामा पहुँच बढाउन कसरी सहयोग पुऱ्याए भन्ने कुरालाई माथिको तथ्याङ्कबाट प्रष्ट हुन सकिन्छ । सन् १९९० अगाडि लैङ्गिक विभेदकाकारण असमान व्यावहारका कारणले गर्दा छोरालाई शिक्षा दिइन्थ्यो वा कम शिक्षादिइन्थ्यो भने अहिले त्यस्तो विभेद तीव्र रुपमा घटेर गयो भन्ने राय व्यक्त १९ जनाको रह्यो । जुन जम्मा सङ्ख्याको ३१.६६ प्रतिशत हुन्छ । उहिले चेतनाको कमी थियो पढाइ आवश्यकता छ भन्ने थाहा थिएन भने अहिले चेतनाको स्तर बढेको छ भन्नेको सङ्ख्या १० दलित अभिभावक रहेका छन् जुन जम्मा सङ्ख्याको १६.६६ प्रतिशत हुन्छ । सन् १९९० अगाडि आर्थिक स्तर पनि ज्यादै नाजुक थियो । अहिलेको जस्तो अवस्था थिएन दुई छाक खान पनि धौ-धौ थियो तर अहिले भने व्यक्ति बेलाको तुलनामा आर्थिक स्तर बढेको छ । जसले गर्दा छोरीहरुको शिक्षाको पहुँच बढ्न गएको हो भन्ने अभिभावकहरु ८ देखिए । जुन कूल सङ्ख्याको १३.३३ प्रतिशत हुन आउँछ । उहिले पढाइप्रति कसैलाई चाहना थिएन अहिले नपढ्ने कोही पनि छैनन् । पढाइ प्रतिको उत्साहले गर्दा परिवर्तन भएको हो भन्ने अभिभावकहरु ८ रहे जुन कुल सङ्ख्याको १३.३३ प्रतिशत हुन आउँछ । सन् १९९० अगाडि पढनको लागि विद्यालयको पहुँच पनि टाढा थियो तर अहिले भने सरल बनेको छ भन्ने दलित अभिभावकहरु ५ भेटिए जुन कूल सङ्ख्याको ८.३३ प्रतिशत हुन आउँछ । पहिले-पहिले धेरै सन्तान जन्माउनाले पढाउनलाई आर्थिक अवस्थाले पनि भ्याउँदैनथ्यो । अहिले थोरै सन्तानलाई लालनपालन, शिक्षा दिक्षाको लागि सहज भएको छ भन्ने अभिभावक १ भेटिए जुन कूल सङ्ख्याको १.६६ प्रतिशत हुन आउँछ । पहिले-पहिले सरकारले अनि विभिन्न संघ संस्थाले शिक्षामा सहयोग पुऱ्याएको थाहा थिएन तर अहिले धेरै सहयोग दिन थालेका छन् । यसबाट पनि दलित महिलाको शैक्षिक क्षेत्रमा परिवर्तन भएको छ भन्नेहरु २ देखिए जनु कूल सङ्ख्याको ३.३३ प्रतिशत हुन्छ । पहिले पहिले छुवाछुत प्रथा हरेक ठाउँमा थियो जातभातका कुराले गर्दा सबै ठाउँमा पछाडि हुनुपर्ने अवस्था थियो तर वर्तमान अवस्था त्यस्तो छैन जसले गर्दा पनि शैक्षिक क्षेत्रमा परिवर्तन आएको हो भन्ने अभिभावक ७ भेटिए जुन कूल सङ्ख्याको ११.६६ प्रतिशत हुन आउँछ ।

सर्वेक्षणबाट अवगत भए अनुसार, हाम्रो पालामा छोरीलाई पढाउनु हुँदैन । विहे गरेर अरुको घरमा जाने जात हो भन्ने धारणा थियो र झन दलितहरुले पढनु हुँदैन पढेर केही गर्न

सकिदैन पढाइ त उपल्ला जातिका मानिसहरुलाई मात्र आवश्यक  छ भन्ने ठानिन्थ्यो । दलित महिलाले पढनु पर्छ भन्ने कुरा त धेरै टाढाको कुरो थियो । त्यतिखेर विद्यालयमा पढ्न जाने आँट भएका दलित महिलाहरु हुँदैनथे । सन्तानहरु पनि धेरै हुने उपल्ला जातिको घरमा गएर काम नगरेमा चुलो नबोल्ने स्थिति थियो । अहिले त हाम्रो जातकाले पनि विदेश जाने पैसा कमाउने छोराछोरी दुवैलाई पढाउने गर्न थालेका छन् । वर्तमान अवस्थामा आएको चेतनाले गर्दा सन्तान पनि थोरै जन्माउन थाले । विद्यालय पनि वडावडामा नै छन् देशमा आएको राजनीतिक परिवर्तनसँगै शैक्षिक क्षेत्रमा पनि धेरै नै परिवर्तन आएको हो भन्ने थाहा हुन्छ ।

## ५.१४ दलित महिलाको वैवाहिक स्थिति

विवाहलाई एउटा मुख्य तत्त्वको रुपमा लिइन्छ जसले महिलाको स्थितिलाई निर्धारण गर्दछ । विवाहबाट नै महिलाको हैसियत भुमिकामा परिवर्तन आउँछ । विवाह अघि छोरी विवाह पछि बुहारी अनिवार्य हुन्छ । छिटो विवाह गर्ने परम्परा हिन्दु समाज वा नेपाली समाजको विशेषता नै हो भन्दापनि फरक पर्दैन । छिटो विवाहकै कारण उच्च प्रजननदर, उच्च मृत्युदर र औषत आयु कम हुने सम्भावना हुन्छ । नेपाली दलित महिलाहरुमा सांस्कृतिक रुपमा पनि पिल्सिनु पर्ने अवस्था छ ।

महिलाको वैवाहिक स्थितिले उनीहरुलाई पूर्ण रुपमा अरुको नियन्त्रणमा रहन वाध्य बनाउछ । विवाह पछाडि महिलाहरु पुरुषको इच्छा चाहना अनुरुप चल्नु पर्ने हुन्छ । सम्पतिमा पनि दलित महिलाको स्वामित्व त्यति देखिदैन् । यहाँको समाजले दलित महिलालाई विवाह गर्न, र छोराछोरी पाउनुलाई पहिलो प्राथमिकतामा राखेको छ । शिक्षा रोजगार अवसर त गौण विषय हुन जान्छन् । कतिपय समाजमा त अझै पनि रजस्वला नहुँदै छोरीको विवाह गरेमा पुण्य प्राप्त हुने मान्यताले गर्दा उमेर नपुग्दै छोरीको विवाह गर्दछन् ।

यहाँको दलित समुदाय पनि नेपाली ग्रामीण समुदाय नै भएको हुनाले यी समस्याबाट मुक्त छैन त्यसैले यहाँका दलित महिलाको शिक्षामा पहुँच कम हुन गएको हो । यहाँका दलित महिलाहरुलाई परिपक्क नभइ विवाह गरेमा आफ्नो जीवन स्वास्थ्यमा नराम्रो असर पर्छ भन्ने ज्ञान नभएर सानै उमेरमा आफैले प्रेम विवाह पनि गर्दछन् । जसले गर्दा पनि बीचमा नै पढाइलाई छाड्नु पर्ने अवस्थाको सिर्जना हुन्छ ।

# अध्याय : छ

# सरांश, निष्कर्ष र सुझाव

## ६.१ सरांश

यस शोधको मुख्य उद्देश्य ग्रामीण दतिल महिलाहरुको शिक्षामा सामाजिक आर्थिक अवस्थाले पारेका प्रभाव भन्ने विषयमा आधारित रहेर समाजशास्त्रीय अध्ययन गर्नु रहेको थियो । यो अध्ययन पर्वत जिल्ला बाजुङ गा.वि.स. मा रहेका दलित महिलाहरुमा केन्द्रित रहेर गरिएको अध्ययन हो । जसमा ग्रामीण दलित महिलाहरको शिक्षालाई प्रभाव पार्ने तत्त्व मध्ये आर्थिक र सामाजिक पक्षले कस्तो किसिमको प्रभाव पारेको छ भन्ने कुरालाई विशेष प्राथमिकता दिइएको छ । उक्त उद्देश्यहरु प्राप्त गर्नको निमित्त यस गा.वि.स. को दलित वस्तीमा स्थलगत सर्वेक्षण गरी दलित समुदायसँग सम्बन्धित विभिन्न तथ्याङ्क सङ्कलन गर्दा प्राथमिक विधि अन्तर्गत अवलोकन, प्रश्न सूचीद्वारा अन्तर्वार्ता, व्यक्तिगत अध्ययन र द्वितीय तथ्याङ्क सङ्कलन विधि अन्तर्गत गा.वि.स. ले गरेको विभिन्न सर्वेक्षण विभिन्न संघ संस्थाबाट प्रकाशित पुस्तक लेख रचना जस्ता सामग्री प्रयोग गरिएको छ । यस शोधपत्र समाजशास्त्रीय पद्धति अनुसार तयार गरिएको छ । अध्ययनलाई व्यवस्थित रुप दिनको लागि मान्यता प्राप्त तथ्याङ्कशास्त्रीय विधि अनुरुप, तालिकीकरण प्रतिशत तथा तथ्याङ्कको प्रस्तुतिकरण र आवश्यकता अनुसार वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

नेपाल विकासोन्मुख राष्ट्र हो । यस देशमा तिब्र गतिमा आर्थिक विकास हुन सकेको छैन् । देशको विकासको निम्ति आर्थिक विकास हुनु जरुरी छ । विकासका लागि शैक्षिक विकास पनि महत्त्वपूर्ण पक्ष हो । शैक्षिक विकासविना राष्ट्रिय विकास असम्भव छ तर हरेक पक्षमा महिलाहरु पिछडिएको र लैङ्गिक विभेदको चपेटामा रहेको अवस्थामा दलित महिलाको अवस्था अझ नाजुक रहेको पाइन्छ । दलित महिलाहरु आफ्नो समुदाय भित्र दुःख सुख परिवारमा मिलेर लोग्ने र स्वास्नी बीचमा आपसी समझदारी रहेतापनि अन्य जातिको तुलनामा हेर्दा जातीय शोषण, छुवाछुत, कानुनी अनविज्ञता, चेतनाको कमी, साक्षरताको कमी स्रोत साधनहरुमा कम पहुँच, राज्यद्वारा व्यवस्थित भएका कानुनी व्यवस्थामा जानकारी नहुनु, सबै जातीय दमन र छुवाछुतको कारक तत्त्वको रुपमा देखिएको छ । समाजमा अन्य जातिले हेपाहा प्रवृत्तिले हेर्ने

आर्थिक अवस्था कमाजोर हुनाले ज्याला मजदुरीमा भर पर्नुपर्ने आर्थिक उपाजर्नको स्रोत नहुनु चेतनाको कमीका कारण धेरै बच्चा जन्माउनु पर्ने हुनाले स्वास्थ्यमा समेत असर पर्ने गरको पाइन्छ । अभिभावकहरुमा शैक्षिक चेतनाको कमीले गर्दा दलित महिलाहरुको शिक्षामा प्रभाव परेको पाइन्छ । नेपालमा महिलाहरुलाई पितृसतात्मक कारणले दोस्रो दर्जाको नागरिकको रुपमा व्यवहार गर्ने गरिएको छ । त्यसैले सबै महिलाहरु उत्पीडित छन् तर माथिल्लो जातका महिला र दलित महिला बीच सामाजिक रुपमा पनि धेरै अन्तर रहेको छ । लैङ्गिक सहभागिताको कुरा गर्दा केबल सामाजिक स्वतन्त्रता एवम् घर बाहिरको धुमफिरमा स्वतन्त्रलाई जात,वर्ग धर्मले मात्र प्रभाव नपारी गरिबीले पनि महत्त्वपूर्ण भूमिका खेलेको पाइयो । पितृसत्तात्मक व्यवस्थाले गर्दापनि महिला पछाडि धकेलिनु पर्ने अवस्था आएको हो । पारिवारिक सन्तुलन मिलाई राख्न पुरुषलाई बढी जिम्मेवारी र अधिकार दिइने र महिला अधिनस्थ हुनुपर्ने सामाजिकीकरण प्रकियालाई अगाडि बढाइन्छ । पारिवारिक सन्तुलन विग्रेमा त्यसको लागि महिलालाई उत्तरदायी बनाइने लेख्न र पढन जान्नेमा शिक्षित महिला विग्रन्छ भन्ने गलत मान्यता यद्यपि अहिले पनि पाइन्छ । महिला शिक्षित भए भने राम्रो पारिवारिक व्यवस्थापन र योजना निर्माण गर्न सक्दछन् भन्ने मान्यता स्वीकार गर्न सकिएको छैन् ।

विगतको तुलनामा यस गा.वि.स.मा शैक्षिक चेतनामा धेरै वृद्धि हुँदै गएको छ । छोरी र छोरा बराबरी हुन् भन्ने धारणा विकास भएको र आफ्ना सबै छोराछोरी विद्यालय पठाउने गरेको पाइयो । सामाजिकीकरण प्रक्रियामा पनि छुवाछुत प्रथा हट्दै गएको मन्दिरमा सार्वजनिक स्थलमा पूर्णतया खुल्ला गरिएको विद्यालयमा छुवाछुत नभएको विवरणबाट नेपालका दुर्गम स्थानमा रहेका जातीय प्रथाको तुलनामा यो समाज निकै अगाडि जस्तो देखिन्छ र भविष्य पनि उज्जवल देखिन्छ ।

## ६.२ अध्ययनका मुख्य उपलब्धीहरु

- दलित जातिको उमेरगत विवरण अनुसार ५ वर्ष सम्मका बाल बालिकाको कूल सङ्ख्या ११२ रहेको छ । त्यसै ६-१५ वर्ष उमेर समूहको जनसङ्ख्या २६० रहेको छ । १६-४० उमेर समूहका जनसङ्ख्या ३८६ रहेको छ । त्यसै गरी ४१-६० वर्ष उमेर समूहको जनसङ्ख्या १६८ रहेको छ । र ६० वर्ष भन्दा माथि को जनसङ्ख्या जम्मा ७१ रहेको छ ।

- दलित समुदायमा आफ्नो कृषि गरेर ६ महिना खाना पुग्ने ३५.३ प्रतिशत, ३ महिना खाना पुग्ने ३६.७ प्रतिशत, १ वर्ष खाना पुग्ने १३.३ प्रतिशत र आफ्नो खेत बारी नभएका ११.६६ प्रतिशत घरधुरी पाइयो ।
- दलित अभिभावकले छोराछोरीको पढाइमा नियमित सहयोग गर्ने ५१.६६ प्रतिशत, गृहकार्य गराउने २५ प्रतिशत, काममा छुट् दिने १६.६६ प्रतिशत र अन्य तरिकाबाट सहयोग पुऱ्याउने ६.६६ प्रतिशत पाइयो ।
- कूल ११२ विद्यार्थी मध्ये छात्रा ५ र छात्र ८ गरी कूल १३ जनाले मात्र निजी विद्यालयमा अध्ययन गरेको पाइयो ।
- स्वयम् दलित महिलाको पढाइलाई हेर्ने दृष्टिकोण सकारात्मक भन्नेमा ८५ प्रतिशत र नकारात्मक दृष्टिकोण राख्नेमा १५ प्रतिशत पाइयो ।
- अध्ययन क्षेत्रमा महिलाको कृषि कार्यमा सम्लग्नता ८० प्रतिशत, ज्याला मजदुरीमा ६.६६ प्रतिशत अन्य कार्यमा १३.३३ प्रतिशत पाइन्छ ।
- दलित समुदायले आफ्नो आर्थिक अवस्थाप्रति सामान्य सन्तुष्टि व्यक्त गर्ने ८३ प्रतिशत असन्तुष्ट सङ्ख्या ४५ प्रतिशत, ठीकै छ भन्ने ४६.६ प्रतिशत रहेको पाइयो ।
- विद्यालयमा शिक्षकबाट दलित विद्यार्थीलाई हुने विभेद अतिरिक्त क्रियाकलापमा भिन्नता भएको महसुस गर्ने ५ प्रतिशत पाइयो भने शैक्षिक क्रियाकलापमा १.६६ प्रतिशत जातीय विभेदको महसुस गरेको पाइयो ।
- दलित समुदायका बालबालिकाको माथिल्लो जातिसँग हिड्नेको सङ्ख्या २६.६६ प्रतिशत, आफ्नै जातिसँग हिड्ने २५ प्रतिशत पाइए भने दुबै जातिसँग साथी बनाउने ४८.३३ प्रतिशत पाइयो ।
- दलित समुदायमा शिक्षाको चेतनाले ९१.७ प्रतिशत सकारात्मक प्रभाव पाऱ्यो भन्ने पाइयो भने ८.३ प्रतिशतले कुनै पनि प्रभाव पारेन भन्ने विचार व्यक्त गरेका थिए ।
- दलित अभिभावकहरुले छोरीहरुलाई एस.एल.सी.सम्म पढाउने चाहना राख्नेको प्रतिशत ३६.७ देखियो, आइ.ए. तहसम्म पढाउने चाहना भएका २८.३ प्रतिशत पाइए भने वि.ए.

तहसम्म पढाउने चाहना भएका अभिभावक २० प्रतिशत पाइए त्यसैगरी एम.ए. तहसम्म पढाउने चाहना भएका अभिभावकहरुको प्रतिशत १५ प्रतिशत पाइएको छ ।

- छोरीलाई पढाएर आफ्नै खुट्टामा उभिन सक्ने स्वाबलम्बि बनाउन चाहने अभिभावक ४३.३ प्रतिशत शिक्षक बनाउन चाहने ३६.७ प्रतिशत भेटिए त्यसैगरी छोरीलाई पढाएर सामाजिक कार्यकर्ता बनाउन चाहने अभिभावक ८.३ प्रतिशत भेटिए ।
- महिलाको शैक्षिक अवस्थामा परिवर्तन ल्याउने कारणहरुको बारेमा अन्तर्वार्ता गर्दा छोराछोरी समान हुन् भन्ने भावनाको विकास भएर भन्ने ५० प्रतिशत, आर्थिक अवस्था राम्रो भएर भन्ने १६.६६ प्रतिशत, जनचेतनाले गर्दा १५ प्रतिशत, सरकारको नीति नियमले गर्दा १०० प्रतिशत सञ्चार माध्यमलेगर्दा ८.३३ प्रतिशत विचार आएको थियो ।
- दलित महिलाको राजनीति सम्बन्धी धारणा बारेमा जानकारी लिँदा आवश्यक छ भन्ने ४८.३३ प्रतिशत आवश्यक छैन भन्ने २८.३३ प्रतिशत र थाहा छैन भन्ने २३.३३ प्रतिशत पाइए ।

## ६.३ निष्कर्ष

महिलाहरुको समग्र विकास समान सहभागिता, समान धारणा विकास गर्न र समाजमा महिला पुरुषको भूमिका समान ढंगले स्थापित गर्ने जातीय विभेद हटाउने भन्ने बारेमा धेरै पहिले देखि अहिलेसम्म बहस चलिरहेको अवस्थामा र गाउँ, टोलहरुमा प्रशस्त विद्यालय खुलेका र विभिन्न सरकारी तथा गैह्रसरकारी संस्थाहरुले पनि चेतनामूलक तालिम, भ्रमण गराएको भए पनि अरु जातिहरुको तुलनामा दलित महिलाहरु पछाडि रहेको देखियो । पुरानो पिढीका अधिकांश दलित महिलाहरु निरक्षर भएपनि आजभोलिका बुहारी र छोरीसम्मको पिढीमा आइपुग्दा साक्षरसम्म भएको पाइयो भने बालबालिकाहरु सबैजसो विद्यालय गएका र आफू नपढेकाले दुःख पाएको महसुस पुरानो पिढीले गरेकाले र चेतनाको पनि विकास भएकाले आगामी दिनहरुमा दलित महिलाको लागि सहज वातावरण सिर्जना हुन सक्ने सम्भावना पनि देख्न सकिन्छ ।

नेपाली महिलाहरु शिक्षा क्षेत्रमा मात्र होइन आर्थिक, राजनीतिक, सामाजिक, धार्मिक आदि हरेक क्षेत्रमा पछाडि रहेको अवस्थामा अझ दलित भएकै कारण दलित महिलाहरु दोहोरो

तेहरो मारमा परेका र थिचिएकाजस्ता देखिए पनि हाल समाजमा विस्तारै छुवाछुत प्रथा हटदै गएको सार्वजनिक स्थलहरुमा पनि उनीहरुलाई छुट रहेको र उचनीच व्यवहार नभएकोले आफ्नो प्रगति गर्न स्वतन्त्रता रहेको पाइयो र जातीय विभेद भन्दा पनि गरिबी पछौटेपन, अज्ञानता आदिलेगर्दा पछाडि रहनु परेको महसुस गरेको पाइयो । वर्तमान अवस्थामा वैदेशिक रोजगार र ज्याला मजदुरीबाट केही प्रगति भइरहेको देख्न सकिन्छ ।

पहिले छोरीलाई पढाउन हुँदैन छोरी पढे विग्रन्छन, कूलको इज्जत जान्छ भन्ने जस्ता सामाजिक, कुसंस्कार थिए तर अहिले यस्ता कुसंस्कार हट्दै गएर चेतनाको लहर आएर दलित महिलाहरु पनि शिक्षाको ज्योतिबाट लाभान्वित बनेको देखिन्छन् । प्रौढ साक्षरताबाट पनि पुराना व्यक्तिहरुले साक्ष बन्ने मौका पाएका छन् । दुई जना महिलाले स्नातक र ६ जनाले ११/१२ मा पढेका साथै विद्यालय तहमा पनि थुप्रै दलित छात्राहरु पढिरहेका हुनाले दलित महिलाहरुको शैक्षिक क्षेत्रमा विस्तारै सकारात्मक स्वरुप देख्न सकिन्छ । नेपालका दुर्गम विकट ठाउँका तुलनामा यहाँका दलित समुदायहरु निकै प्रगति भएकोजस्तो देखिन्छ । विभिन्न समूहमा सहभागिता, सहकारीमा सहभागिता, सरकारी तथा गैह्र सरकारी संस्थाहरुमा सहभागिता, तालिम भ्रमणहरुमा सहभागी भइरहेका र हुने प्रयास गरिरहेको अवस्था देखिएकाले र सरकारी निकायले पनि लगानी प्राथमिकतामा दलित महिलाहरुलाई राखेको अवस्थामा र विद्यालय शिक्षा निशुल्क पाठयपुस्तक निशुल्क साथै थप दलित छात्रावृत्ति दिएको र त्यसबाट प्रत्यक्ष प्रभावित भएको अवस्थाले शैक्षिक उन्नति  तिर लम्किएको भन्न सकिन्छ ।

विद्यार्थीको शैक्षिक जीवनमा विभिन्न पक्षहरुले प्रभाव पार्ने गर्दछ । हाम्रो समाजमा गर्भको अवस्थादेखि नै महिलाहरुप्रतिको विभेद सुरुवात हुने गर्दछ । यसरी दलित महिला शिक्षाको आर्थिक, सामाजिक पक्षले कस्तो प्रभाव पार्दछ भनी अध्ययन गर्दा सरकारी लगानी, शैक्षिक वातावरण सहज र सरल ढंगबाट शिक्षाप्राप्त गर्ने अवसर पाएपनि घरायसी र आर्थिक स्थितिमा अझै चेतनाको विकास हुन नसकेको अवस्थामा विद्यालयमा अनुतीर्ण हुने र अन्य घरायसी तनाब र समस्याको कारण बीचैमा पढाइ छोड्ने बालबालिकाको सङ्ख्या पनि दलित समुदायमा रहेको पाइन्छ । अझै दलित समुदायमा छोरीहरुले बढी पढाइ छाड्न बाध्य भएको देखिन्छ । यसबाट के भन्न सकिन्छ भने सरकारले जुन अपेक्षा राखेर लगानी गरे पनि द्रुत गतिमा प्रतिफल पाउन नसकिने अवस्था अझै छ ।

सरकारी विद्यालयको पहुँच सहज, छुवाछुत, जातीय भेदभावको अवस्था लगभग अन्त्य भएपनि अन्य समुदायको तुलनामा दलित समुदायको शैक्षिक अवस्था कमजोर देखिएको र आर्थिक स्थितिमा कजमोर हुने घरको बालबालिकाहरुले पढाइ बीचमै छोड्ने गरेको पाइयो । विगत्मा भएको जातीय उत्पीडनले केही प्रभाव पारे पनि शिक्षा आर्जनमा चेतना पछौटेपनका साथै आर्थिक कारणले ठूलो प्रभाव पारेको देखिन्छ ।

## ६.४ सुझावहरु

यस अध्ययनबाट बाजुङ गा.वि.स.का दलित महिलाहरुको सबालमा विभिन्न समस्या र चुनौतीहरु देखापरेका छन् । जातीय लैङ्गिक रुपमा यहाँका दलित महिलाहरुले विभिन्न समस्याहरु भोग्नु परेको यथार्थता यस अध्ययनबाट स्पष्ट भएको छ । यस गा.वि.स. का दलित महिलाहरुका पक्षमा निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

- आर्थिक समृद्धि र चेतनाको विकासमा सरकारले विशेष जोड दिनुपर्दछ ।
- शैक्षिक स्तर वृद्धि गर्नको लागि अभिभावकहरु पनि शिक्षित, सचेत र जागरुक हुनुपर्दछ ।
- गुजारा खालको कृषि प्रणालीलाई सुधार गर्दै व्यावसायिकता तिर जानुपर्ने र छात्राहरुलाई घरमा शैक्षिक वातावरण सिर्जना गराउनु राम्रो हुन्छ ।
- महिलालाई अर्काको घर जाने जात हो भनी शिक्षाबाट बञ्चित नगरी अगाडिको शिक्षामा अग्रसर गराउनु पर्छ ।
- दलित छात्राहरुको लागि सरकारी विद्यालयमा सरकारी र गैह्रसरकारी संस्थाहरुबाट विशेष कार्यक्रम ल्याउनुपर्दछ ।
- सरोकारवाला सबै संघ संस्थाले दलित समुदायलाई शिक्षा प्रदान गर्न जोड गर्नु पर्छ।
- सानो उमेरमा नै विवाह गर्ने तथा गराउने सोचलाई हटाउनु पर्दछ ।
- प्रदान गर्दै आएको सेवा सुविधामा प्रभावकारी रुपमा सुधार गर्नुपर्छ ।
- परिवारले समानुपातिक तवरमा हरेक क्रियाकलापमा समान भूमिका निर्वाह गर्नुपर्दछ ।
- घरायसी निर्णय र आर्थिक कारोवारमा महिला सहभागिता बढाउन पितृसत्तात्मक सोचको अन्त्य हुनुपर्दछ ।

- स्वयम दलित समुदाय पनि महिलालाई शिक्षा प्रदान गर्न जिम्मेवार बन्नुपर्छ ।
- महिलाहरुको शैक्षिकस्तर सामार्थ्य वृद्धि गर्न परिवारले कुनै किसिमको अवरोध खडा नगरी स्वतन्त्रता दिनुपर्दछ ।

## अनुसूची : एक

### १. उत्तरदाताको सामान्य विवरण

नाम(ऐच्छिक) : मिति:

धर्म : उमेर:

ठेगाना(टोल) पेशा:

पारिवारिक विवरण:

| क्र.सं. | नाम | उमेर | लिङ्ग | घरमुलिसँगको सम्बन्ध | वैवाहिक स्थिति | शैक्षिक स्थिति | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |

### २) तपाईको परिवारको शिक्षाको बारेमा बताइदिनुहोस् :

| क्र.सं. | नाता | संख्या | निरक्षर | साक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | क्याम्पस | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | छोरा | | | | | | | | |
| २ | छोरी | | | | | | | | |
| ३ | नाति | | | | | | | | |
| ४ | नातिनी | | | | | | | | |
| ५ | श्रीमान् | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | श्रीमती | | | | | | | | |
| ७ | सासू | | | | | | | | |
| ८ | ससुरा | | | | | | | | |
| ९ | आफू | | | | | | | | |

| क.सं. | प्रश्नहरु | उत्तर | **अर्कोमा जाने** |
|---|---|---|---|
| १ | तपाईले कति पढ्नु भएको छ ? | अ) निरक्षर<br>ख) साक्षर<br>ग) एस.एल.सी मुनि<br>घ) एस.एल.सी माथि | |
| २ | छोरीको शैक्षिक अवस्थाबारे जानकारी दिनुहोस् । | अ) प्रा.वि.<br>आ) नि.मा.वि.<br>इ) मा.वि.<br>ई) क्याम्पस | |
| ३ | छोरीलाई विद्यालय पठाउदा अप्ठ्यारो छ वा छैन् ? | अ) छ<br>आ) छैन | |
| ४ | तपाइले छोरा वा छोरीको पढाइमा कसको पढाइलाई प्राथमिकता दिनुहुन्छ ? | अ) छोरा<br>आ) छोरी<br>इ) दुवै | |
| ५ | तपाईको छोरीको आफ्नो आयस्रोत छ ? | अ) छ<br>आ छैन् | |
| ६ | छोरी स्वइच्छाले वा तपाईको करले विद्यालय भर्ना भएकी हुन् ? | अ) स्वइच्छा<br>आ) करकाप | |
| ७ | छोरीले पढेर परिवार र समुदायमा परिवर्तन आएको छ वा छैन ? | अ) छ<br>आ) छैन् | |
| ८ | तपाईको छोरा र छोरीलाई कस्तो विद्यालयमा भर्ना गर्नु भएको छ ? | १. छोरा<br>अ) सरकारी<br>आ) निजी<br>२. छोरी<br>अ) सरकारी<br>आ) निजी | |
| ९ | छोरीले पढेर परिवारमा केही राम्रा नराम्रो भएको छ ? | अ) छ<br>आ) छैन् | |
| १० | तपाइकी छोरीको शिक्षालाई हेर्ने दृष्टिकोण कस्तो छ ? | अ) सकारात्मक<br>आ) नकारात्मक | |
| **३) दलित महिला शिक्षा प्रतिको धारणा** | | | |
| ११ | तपाईले पढ्न लेख्न जान्नु हुन्छ कि हुँदैन ? | अ) पढन लेख्न जान्दछु<br>आ) पढन लेख्न जान्दिन | |
| १२ | यदि पढनु भएको छ भने कुन तहसम्म पढनु | अ) प्रा.वि. तह | |

| | | | |
|---|---|---|---|
| | भएको छ ? | आ) नि.मा.वि. तह<br>इ) मा.वि. तह<br>ई) उच्च मा.वि. तह | |
| १३ | तपाईको घरमा अन्य परिवारका सदस्य कुनै पनि तहमा अध्ययन गर्दछन् ? | अ) प्रा.वि.<br>आ) नि.मा.वि.<br>इ) मा.वि.<br>ई) उच्च मा.वि.<br>उ) उच्च शिक्षा | |
| १४ | तपाईका छोराछोरी विद्यालयमा नगइ बसेका छन् ? | अ) छन्<br>आ छैनन् | |
| १५ | यदि छन भने के कारणले गएका छैनन् ? | अ) पठन पाठन राम्रो नभएर<br>आ) आर्थिक अवस्था कमजोर भएर<br>इ) विद्यालय टाढा भएर<br>ई) सामाजिक भेदभाव भएर | |
| १६ | तपाईका छोरा छोरी कुनै कक्षा अनुतीर्ण भइरहेका छन् ? | अ) छन्<br>आ) छैनन् | |
| १७ | अनुत्तिर्ण भएपछि उनीहरुले के गरेका छन्? | अ) घरमा भाई बहिनी हेरेर बसेका छन्<br>आ) मेलापात जान्छन्<br>इ) अरुको घरमा काम गर्छन्<br>ई) परम्परागत पेशा अगालेका छन् | |
| १८ | तपाईले छोरीलाई पढाएर के बनाउन चाहनुहुन्छ ? | अ) शिक्षक<br>आ) स्वाभलम्वी<br>इ) नेता<br>ई) सामाजिक कार्यकर्ता | |
| २१ | तपाईले आफ्ना छोरीलाई पठाउन जग्गा जमिन पनि बेच्नु भएको छ ? | अ) छ<br>आ) छैन | |
| २२ | तपाईले आफ्ना छोरीहरुलाई समयमा कापी, कलम झोला पोशाक सबै सामग्री पुऱ्याइदिनु भएको छ ? | अ) छ<br>आ) छैन् | |
| २३ | यदि छैन भने के कारणले पुऱ्याउन सक्नु भएको छैन ? | अ) आर्थिक अवस्था कमजोर भएर<br>आ) पढाइ छाडोस् भन्ने मानसायले<br>इ) पढाइमा राम्रो नभएर<br>ई) अनुतिर्ण भएर | |
| २४ | तपाई छोरीले पढ्ने विद्यालयमा समय समयमा जानु हुन्छ ? | अ) जान्छु<br>आ) जान्न | |
| २५ | छोरीलाई विद्यालयमा पठाउनु र नपठाउनुमा के | अ) पाउँछु | |

| | | | |
|---|---|---|---|
| | फरक पाउनु हुन्छ ? | आ) पाउँदिन् | |
| २६ | तपाईले छोरीलाई नियमित रुपमा विद्यालय पठाउनु भएका छ ? | अ) नियमित<br>आ) कहिलेकाँही मात्र<br>इ) परीक्षाका दिन<br>ई) फुर्सदमा | |
| २७ | यदि नियमित रुपमा पठाउनु हुँदैन भने नपठानुको कारण के हो ? | अ) पठन पाठन नराम्रो भएर<br>आ) आर्थिक अभाव भएर<br>इ) विद्यालय टाढा भएर<br>ई) सामाजिक भेदभाव भएर<br>उ) अन्य........................... | |
| २८ | विद्यालय गएकी छोरी सधैं पास भएकै छन नि? | अ)पास त भएकै छन्<br>आ) पास भएर पो के गर्ने<br>इ) सधैं स्कुल गए पो पास हुने<br>ई) सरहरुसँग भनसुन गर्नु पर्छ | |
| २९ | कुन अवस्था सिर्जना गरिदिँदा छोरीलाई नियमित विद्यालय पठाउनु हुन्छ ? | अ) विद्यालय शुल्क निशुल्क हुनुपर्छ<br>आ) दलित प्रतिको भेदभाव अन्त्य हुनुपर्छ<br>इ) पढेपछि रोजगार पाउनुपर्छ<br>ई) अरुले बल गरेर मात्र हुँदैन | |
| ३० | तपाइले छोरीलाई कतिसम्म पढाउने विचार गर्नु भएको छ ? | अ) एस.एल.सी<br>आ) आइ.ए.<br>इ) वि.ए.<br>घ) एम.ए | |
| **४) आर्थिक तथा सामाजिक कारणले शैक्षिक स्थितिमा पारेको प्रभाव बारेमा** | | | |
| ३१ | तपाईको परिवारिक आम्दानी कति हुन्छ ? ( मासिक) | अ) ३ हजारभन्दा कम<br>आ) ३-५ हजार<br>इ) ५ हजारभन्दा माथि | |
| ३२ | आर्थिक स्रोतको माध्यम के छ ? | अ) कृषि<br>आ) पशुपालन<br>इ) वैदेशिक रोजगार<br>ई) ज्यालादारी<br>उ) अन्य | |
| ३३ | तपाईको आर्थिक अवस्थाप्रति सन्तुष्टि हुनुहुन्छ? | अ) छु<br>आ) छैन<br>इ) ठिकै छ | |
| ३४ | परिवारमा कोही जागिरे हुनुहुन्छ ? | अ) छ<br>आ) छैन | |
| ३५ | तपाईको परिवारको आर्थिक हिसाब कसले गर्छ ? | अ) घरमूलिले<br>आ) आफैले<br>इ) दुवै मिलेर | |

| | | | |
|---|---|---|---|
| ३६ | तपाईका छोरीहरु विद्यालयबाट फर्केपछि के गर्छन् ? | अ) घाँस दाउरा<br>आ) ज्यालादारी<br>इ) सरसफाइ<br>ई) अन्य | |
| ३७ | तपाईलाई शिक्षाको चेतनाले समाजमा कस्तो प्रभाव पारे जस्तो लाग्छ ? | अ) सकारात्मक<br>आ) नकारात्मक<br>आ) कुनै पनि छैन | |
| ३८ | तपाईले परिवारमा वैदेशिक रोजगारको लागि छोरा वा छोरी कसलाई बढी प्राथमिकता दिनुहुन्छ ? | अ) छोरा<br>आ) छोरी<br>इ) दुवै | |
| ३९ | अधियाँ वा आफ्नै खेत बारिबाट कति समय खान पुग्छ ? | अ) ३ महिना<br>आ) ६ महिना<br>इ) १ वर्ष<br>ई) छैन | |
| ४० | गैर सरकारी संस्था अन्तराष्ट्रिय गैर सरकारी संस्था सामाजिक संस्थामा सहभागी हुनुहुन्छ? | अ) छु<br>आ) छैन् | |
| ४१ | सामाजिक संस्थाले केही परिवर्तन ल्याएका छन् ? | अ) छन्<br>आ) छैनन् | |
| ४२ | विद्यालयमा मासिक/वार्षिक कति शुल्क बुझाउनुहुन्छ ? | अ) १००-५००<br>आ) ५००-१०००<br>इ) १०००-माथि | |
| ४३ | तपाईले विद्यालयका कुनै पनि क्रियाकलापमा जातिय भिन्नता पाउनु भएको छ ? | अ) छ<br>आ छैन | |
| ४४ | यदि छ भने कस्ता क्रियाकलाप ? | अ) अतिरिक्त क्रियाकलाप<br>आ) शैक्षिक क्रियाकलाप<br>इ) अन्य | |
| ४५ | छोरीलाई पढाउनु राम्रो हो या होइन ? | अ) हो<br>आ) होइन | |
| ४६ | घर परिवार धान्नको लागि विष्ट प्रथा गर्नु भएको छ ? | अ) छ<br>आ) छैन् | |
| ४७ | यदि छ भने मासिक वा वार्षिक आम्दानी हुन्छ विष्ट प्रथाबाट ? | अ) ५००-१०००<br>आ) १०००-२०००<br>इ) २०००-४०००<br>ई) ४०००-माथि | |

क) शिक्षा सम्बन्धमा तपाईको धारणा कस्तो रहेको छ ?

..........................................................................................................

..................................................................................................

ख) अन्य थप सुझावहरु केही छ कि ?

……………………………………………………………………………………………………

……………………………………………………………………………………………

# परिशिष्टः दुई

## मुख्य सूचना दातासँग सोधिने प्रश्नहरु

१) दलित महिलाहरुको शिक्षाप्रतिको तपाईको धारणा कस्तो छ ?

..........................................................................................

२) यस गा.वि.स. मा दिलित महिलाहरुको शैक्षिक अवस्था कस्तो छ ?

अ) धेरै राम्रो आ) राम्रो ग) सन्तोषजनक घ) नराम्रो

३) दलित महिलाहरुको शैक्षिक अवस्था अभ्क जातका माहिलाको दाँजोमा कस्तो छ ?

अ) कमजोर आ) सबल छ इ) बराबर नै छ

४) यदि सबल छ भने शैक्षिक अवस्था सबल हुनुको कारणहरु के के हुन् ?

..........................................................................................

५) यदि शैक्षिक अवस्था कमजोर छ भने यसका कारणहरु के के हुन् ?

..........................................................................................

६) दलित छात्राहरु पढन नियमित रुपमा आउँछन् ?

अ) नियमित आउँछन् आ) आउँदैनन्

७) नियमित रुपमा आउँदैनन् भने कुन कारणले होला जस्तो लाग्छ ?

अ) बाबुआमाले नै पठाउँदैनन् आ) घरमा काम पर्नाले

इ) पढाइको महत्त्व थाहा नभए ई) अन्य

८) दलित छात्रवृत्तिको व्यवस्था छ कि छैन ? यदि छ भने कस्तो छ ?

अ) नगद आ) पोशाक आ) स्टेश्नरी र पोशाक दवै

ई) दलितका लागि हरेक खर्च निशुल्क हुन्छ

९) दलित छात्रावृत्तिको व्यवस्था कसले मिलाउँछ ?

अ) विद्यालयले आ) वि.व्य.स. ले

इ) गा.वि.स. ले      ई) जि.शि.का.ले

१०) दलित महिलाहरुको शिक्षामा पहुँच कस्तो छ ? यदि कम छ भने कम हुनुको प्रमुख कारण के देख्नुभएको छ ?

.........................................................................................................

११) दलित महिलाहरुको समस्याहरु निराकरण गरी शिक्षामा पहुँच वृद्धि गराउन के गर्नुपर्ला ?

अ) जनचेतना फैलाउनु पर्छ

आ) अभिभावक सचेतिकरण तालिम सञ्चालन गर्नुपर्छ

इ) दलितका लागि आरक्षणको व्यवस्था हुनुपर्छ

ई) शिक्षा पुर्णरुपमा निशुल्क हुनुपर्छ

१२) दलित महिलाको शिक्षाको पहुँच विस्तार गराउने खालका के-कस्ता कार्यक्रम सञ्चालन भएका छन् ?

.................................................................................................

१३) दलित महिलाहरु सामाजिक रुपमा पछि पर्नुको कारण के लाई ठान्नुहुन्छ ।

अ) विद्यमान छुवाछुत प्रथा      आ) अशिक्षाको कारण

इ) गरिबी      ई) अन्य.....................

१४) दलित महिलाको शिक्षामा सहभागिता बढाउन र कक्षा छाड्ने दर घटाउन के गर्नुपर्ला ?

.........................................................................................................

१५) दलित महिलाहरुद्वारा शैक्षिक कृयाकलापमा सहभागी बढाउन कस्ता प्रयास ठिक होला ?

अ) बढी हाजिर हुनेलाई पुरष्कार गर्न      आ) छात्रवृत्तिको व्यवस्था गर्न

इ) पोशाकको व्यवस्था गर्न      ई) कुनै प्रयास हुँदैन

१६) यहाँका दलित अभिभावकहरु छोरा र छोरी मध्य कसलाई पढाउन बढी इच्छुक देखिन्छन् ? किन ?

...........................................................................................

१७) दलित महिलाहरुलाई अन्य जाति सरह शिक्षामा पहुँच बढाउन के कस्ता उपायहरु हुन सक्छन् ?

...........................................................................................

१८) दलित अभिभावकहरुले आफ्ना छोरीहरुको पढाइप्रति कत्तिको ध्यान पु¥याएको पाउनु भएको छ ?

...........................................................................................

१९) दलित महिलाहरुको लागि आगामी दिनमा शैक्षिक सहभागितामा वृद्धि गर्न के कस्ता कार्यक्रम ल्याउनु पर्ला ? तपाईको विचार दिनुहुन्छ कि ?

...........................................................................................

२०) यस सम्बन्धमा तपाईको विचारमा केही भन्नु छ कि ?

...........................................................................................

**धन्यवाद** !